मंसिर २८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

# सिपाहीको जित !

**सैनिक कल्याणकारी कोष पारदर्शी बनाउने सर्वोच्च अदालतको आदेशपछि खोसिएको भाग र हिसाबकिताब पाउने आशामा छन्, सिपाहीहरू ।**




- जेठमा निर्वाचन ? खै प्रतिबद्धता !
- अस्तव्यस्त विमानस्थल !






समय

समय राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १३४, मंसिर २२–२८, २०६३




आवरण : संयुक्त राष्ट्रसंघको आह्वानमा कार्यरत नेपाली सेना
*तस्बिर : समय*


**आवरण :** सैनिक कल्याणकारी कोष पारदर्शी गर्ने सर्वोच्च अदालतको फैसलापछि आफ्नो खोसिएको गाँस फिर्ता होला भन्ने आशामा छन् नेपाली सेनाका सिपाहीहरू । राष्ट्रसंघले दिनेभन्दा झन्डै आधा रकममात्र पाउने गरेका सिपाहीहरू आफ्नो मेहनतको कमाइ फर्कने सपना साँच्न थालेका छन् । २७

**संविधानसभा**

जेठमा चुनाव होला ? सरकारी रटानमात्र कि केही तयारी पनि छ ? ३०

**रिपोर्ट**

अस्तव्यस्त विमानस्थलमा विमानहरूको मेला ३६
राष्ट्रिय गीतको तातो बहस १६
राष्ट्रिय प्रकृति संरक्षण कोषमा चटक २३
मानवअधिकार : मात्रा घट्यो, चरित्र उस्तै २४

**राजनीति**

हतियार व्यवस्थापनमा राष्ट्रसंघको पर्खाइ ३४

**पर्यटन**


अझै खुलेनन् पोखराका होटलहरू ३९

**विकास**

कर्णालीमा नयाँ प्रयोग आवश्यक ४०

**आर्थिक**

के चोला फेर्ला वायुसेवा निगमले ? ४२

एजेन्सी


**खेलकुद :** दोहामा भइरहेको एसियाली खेलकुदमा नेपालले कुनै चमत्कार देखाउन सकेन ४६

| | |
|---|---|
| सम्पादकीय | ५ |
| चसक | ७ |
| डाँक | ८ |
| टिपोट | ११ |
| मुलुक | १२ |
| साहित्य | ५१ |
| रंग | ५४ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# न्यायमा दोहोरो मापदण्ड

## सम्पादकीय

**स्वतन्त्र र निष्पक्ष न्यायालय** प्रजातन्त्रको प्राण मानिन्छ। न्याय पाएको अनुभूति पनि स्वतन्त्र र निष्पक्ष न्यायालयबाट मात्र गर्न सक्छन्। न्यायालयले न्याय छिटो, सहज र पारदर्शी नबनाए न्यायालयप्रति मात्र नभएर सम्पूर्ण राज्य व्यवस्थाप्रति पनि जन वितृष्णा बढ्न सक्छ र त्यो वितृष्णाले संगठित रुप लिएमा मुलुकमा अराजक स्थिति पनि पैदा हुन सक्छ।

भनिन्छ, ढिलो न्याय दिनु भनेको अन्याय गर्नु बराबर हो। सोमवार अठारपटक पेसीमा चढेर पनि फैसला नसुनाइएपछि पीडित भूतपूर्व सैनिकहरूले 'मरता क्या न करता'कै भावनाबाट प्रेरित भएर सर्वोच्च अदालतसमक्ष विरोध प्रदर्शन गरे।

राष्ट्र बैंकले कारबाही गर्दै छ रे भन्ने हल्लाको भरमा हालै एउटा निजी बैंकले हालेको मुद्दामा अग्रिम निर्देशनद्वारा राष्ट्र बैंकलाई उक्त बैंकउपर कारबाही नगर्न अग्रिम आदेश जारी गरिएको पृष्ठभूमिमा सर्वोच्च अदालतले अवकाशप्राप्त सैनिकहरूप्रति देखाएको व्यवहार वा गरेको ढिलाइ न न्यायिक छ, न शोभनीय नै। त्यो ढिलाइमा न्यायालयको संवेदनशीलता स्पष्ट देखिन्छ।

वीरगञ्जमा केही वर्षअघि मात्र न्याय नपाएको भन्दै चौरसिया परिवारका चारजनाले सामूहिक आत्महत्या गरेको हृदयविदारक घटनालाई मुलुकमा कमैले भुल्न सक्लान्। यति छिट्टै न्यायालयले न्याय दिन नसकेको र न्याय दिन नचाहेको आरोपबाट हरहालतमा न्यायालयले आफूलाई मुक्त राख्न सक्नु पर्छ। तर, सेनाका तल्लो दर्जाका अवकाशप्राप्त कर्मचारीले आफू हाकिमहरूद्वारा ठगिएकोमा न्याय नपाउँदा न्याय किनबेचको वस्तु त हैन ? भन्ने प्रश्न उनीहरूमा अवश्य उठ्नेछ।


तेज बस्नेत

सर्वोच्चमा मुद्दाहरूको थुप्रो, संवैधानिक र फौजदारी मुद्दाहरूको सुनुवाइ र निर्क्योल गर्ने बेन्च एउटै हुँदा स्वभाविकरुपमा न्यायाधीशहरूले मुद्दाहरूमा आफूलाई गम्भीर रुपमा तयार गर्न कठिन हुन सक्छ, तर न्यायिक प्रवृत्ति र प्रतिबद्धताबाट न्यायाधीशहरू कुनै पनि हालतमा उम्कन पाउँदैनन्।

विगत केही महिनायता खास गरी जनआन्दोलनपछि सर्वोच्च अदालतलाई संसद्को सुरक्षित चौघेरोबाट धम्काउने कामहरू भएका छन्।

सम्भवत: त्यसैले होला सरकार र संसद्‌विरुद्धका केही मामिलाको सुनुवाइमा अदालतले उदासीनता देखाएको छ - न्याय मर्न सक्ने हदसम्ममा। वरिष्ठ सुरक्षाकर्मीहरूको निलम्बनसम्बन्धी मामिलामा भएको ढिलाइ त्यसको एउटा उदाहरण मात्र हो। न्यायालयले कार्यपालिका तथा व्यवस्थापिकाप्रति आत्मसमर्पण गरेको सन्देश त्यतिकै प्रत्युपादक हुन सक्छ, प्रजातन्त्र र कानुनी राज्यको आवधारणाका लागि। त्यस्तै पीडित अवकाशप्राप्त सैनिकहरूको मामिलामा न्याय हुन नसकेकोमा सर्वोच्चबाट न्याय पाइँदो रहेनछ भन्ने सन्देश उनीहरूले ग्रहण गरेमा सर्वोच्च अदालत स्वयं नै सडकको वहस र सम्भावित आन्दोलनमा एउटा नकारात्मक पक्षका रुपमा पेस हुन सक्नेछ।

छिटो, सहज, पारदर्शी र सुलभ न्यायले मात्र न्यायालयप्रति जनआस्था आकर्षित गर्न सक्छ। न्याय व्यवस्था त्रुटिपूर्ण भएमा त्यसको सुधारको थालनी पनि आन्तरिक तहबाटै हुनुपर्छ। आन्तरिक कानुनी र संस्थागत मान्यता दिलाउनु अवश्य पनि सरकारको काम हो। तर, अदालत जनमुखी नभएमा वा उसले जनआस्था गुमाउने स्थिति उत्पन्न भएमा प्रजातन्त्र त कमजोर हुने नै छ, मुलुकको अराजकतातर्फको यात्राको संकेत पनि हुनेछ त्यो। त्यो परिस्थिति उत्पन्न हुन नदिन न्यायालयले सबैभन्दा पहिले न्यायमा दोहोरो मापदण्ड त त्याग्नै पर्छ, त्यस्तै यसले एउटा खास वर्गको हितमा मात्र छिटो र सहज न्याय दिने गर्छ भन्ने मान्यता हटाउन पनि ठोस उदाहरण प्रस्तुत गर्न सक्नु पर्छ। ■




## समय साता

### मृत्यु
नेपालगन्जबाट सुर्खेत जाँदै गरेको माइक्रोबस दुर्घटनाग्रस्त, सातको मृत्यु ।

### झडप
राजधानीको धोबीचौरस्थित पब्लिक युथ क्याम्पसमा नेविसंघ र नेपाल अखिल क्रान्तिकारीबीच झडप, दर्जनौं घाइते ।

### रिट दर्ता
प्रतिनिधिभाबाट संविधानविपरीत नागरिकता ऐन २०६३ जारी भएको भन्दै उक्त ऐन खारेजका लागि सर्वोच्चमा रिट दर्ता ।

### समर्थन
संयुक्त राष्ट्रसंघको सुरक्षा बैठकमा राष्ट्रसंघका महासचिव कोफी अन्नानद्वारा प्रस्तुत गरिएको नेपाललाई शान्ति प्रक्रियामा सहयोग गर्ने प्रस्ताव सर्वसम्मतले पारित । हतियार व्यवस्थापनका लागि ३५ र संविधानसभाको निर्वाचनमा सहयोग पुऱ्याउन २५ जना विज्ञ नेपाल आउने ।

### भेट
डेनमार्कका संसदीय प्रतिनिधिमण्डलका सदस्य स्टिङ गेट, आइभिन्ड भेसेल्भो र प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङबीच भेट, संविधानसभाका बारेमा छलफल ।

### आह्वान

नेपाल कम्युनिष्ट पार्टी एमालेको महासचिव माधवकुमार नेपालद्वारा निरंकुशतन्त्रविरुद्ध गणतान्त्रिक मोर्चामा आबद्ध हुन सबै दललाई आह्वान ।

### पुरस्कृत

उत्कृष्ट रिपोर्टिङको आधारमा नेपाल पत्रकार महासंघ रुपन्देही शाखाद्वारा प्रदान गरिने 'उत्कृष्ट पत्रकारिता पुरस्कार'बाट *समय* साप्ताहिकका क्षेत्रीय प्रतिनिधि दीपक ज्ञवाली पुरस्कृत ।

### चेतावनी
पश्चिम नेपालका कमैयाहरूद्वारा घोषणा गरेबमोजिम सरकारले सेवा सुविधा उपलब्ध नगराएको भन्दै अब पनि ढिलाइ भए आन्दोलन गर्ने चेतावनी ।


### गठन
नेपाली सेनाको रासन र ठेक्का सम्बन्धमा परेको उजुरी र विवादका सम्बन्धमा छानबिन गर्न सैनिक मुख्यालयद्वारा छानबिन बोर्ड गठन ।

### आदेश
शृंखलाबद्ध रूपमा मारिँदै आएका चितवन राष्ट्रिय निकुञ्जका गैंडाको बचाउका लागि तत्काल पर्याप्त मात्रामा सुरक्षा व्यवस्थापन लागू गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश ।

### आपत्ति
स्वतः बढुवा प्रावधानसहितको निजामती विधेयकप्रति सचिवहरूको तीव्र आपत्ति, यस्तो प्रावधानले निजामती प्रशासन अस्थिर बन्दै जाने उनीहरूको धारणा ।

### जन्मकैद

दिल्लीको एक अदालतद्वारा भारतका केन्द्रीय कोइलामन्त्री शिबु सोरेनलाई हत्याको अभियोगमा दोषी ठहर गर्दै आजीवन कारावास सजाय ।




## कसले पहल गर्ला ?

*समय* (वर्ष ३, अंक १३३)मा प्रकाशित छत्र कार्कीको रिपोर्ट 'मौन छ कानुन' सान्दर्भिक लाग्यो। स्व. कृष्णप्रसाद पन्तजीको अनुकरणीय उदाहरणबाट अभिप्रेरित भएर शिक्षण अस्पताल पुग्नेहरूमा म पनि एक थिएँ। मृत्युपश्चात् शवदान गर्ने उत्कट इच्छा लिएर त्यहाँका निर्देशकसँग भेट्न गएको मलाई 'शव लिने काम अस्पतालको होइन, शिक्षण विभागको हो, त्यहीं जानुहोस्' भनेर डिनको कार्यालय देखाइयो। अर्को भवनमा गएर डिनलाई भेट्दा उहाँले मेरो आशयको सह्रनी त गर्नुभयो, तर साथै पन्तजीको शव लिएपछिका समयमा विभिन्न प्रकारका नचाहिँदा कानुनी झमेला झेल्नुपरेको सन्दर्भ पनि बेलिविस्तार लगाउनुभयो र नयाँ कानुनी प्रावधानको तर्जुमा नहुन्जेल मेरो आशय पूरा गर्दिन नसक्ने असमर्थता प्रकट गर्नुभयो।

उक्त कुरा आजभन्दा चार वर्षअघिको हो र यस अवधिमा शवदान गर्न इच्छुक अरू पनि धेरै व्यक्तिहरूले त्रिवि शिक्षण अस्पताल लगायत अन्य निजी अस्पतालहरूको चक्कर लगाएका रहेछन् भन्ने जानकारी रिपोर्टबाटै प्रस्ट हुन्छ, तर यस विषयमा सम्बन्धित निकायहरूले जागरुकता देखाएको पढ्न-सुन्न नपाएकोमा म पनि बिलखबन्दमा परेको छु। गर्लान् पहल कसैले ?

■ **नगेन्द्र शर्मा**
मण्डिखाटार, काठमाडौं

## प्रशंसनीय कार्य

*समय* (वर्ष ३, अंक १३३)मा छापिएको 'कालिकोटमा पुस्तकालय' शीर्षकको समाचार पढ्दा ज्यादै खुसी लाग्यो। आउँदा दिनमा पनि *समयले* यस्ता साना भए पनि महत्त्वपूर्ण समाचारलाई निरन्तर स्थान दिन सकोस् भन्ने कामना गर्दछु। शिक्षाको उज्यालो घामबाट वञ्चित रहन बाध्य कालिकोट छाप्रेका विद्यार्थीहरूका लागि काठमाडौंमा अध्ययनरत विद्यार्थीहरूको प्रयास प्रशंसनीय छ। बूढानीलकण्ठका विद्यार्थीहरूको सानो प्रयासले भएको पुस्तकालय स्थापनाले कालिकोटका विद्यार्थीहरूका लागि ठूलो राहत जस्तै भएको छ। 'म खाऊँ मै लाऊँ मोज मजा म गरूँ, अरू सबै मरून् दुर्बलहरू' भन्ने मान्यताबाट अछुतो रहन नसकेको आजको स्वार्थी दुनियाँमा बूढानीलकण्ठका विद्यार्थीहरूको कामले राजधानीमा अध्ययनरत करिब आठ लाख विद्यार्थीलाई समेत एकचोटि सोच्न बाध्य बनाएको छ।

■ **ज्ञानहरि ढकाल 'निर्दोष'**
तारुका-६, नुवाकोट

## हीनताबोधले ग्रसित खेलकुद

*समय* (वर्ष ३ अंक १३१)मा लेखिएको समाचार समयमै पढ्न पाइयो। यसका बाबजुद खेलकुदभित्रका कुकृत्यहरूका समाचार पनि *समयले* बारम्बार दिएर हामीजस्ता खेलकुदप्रेमी पाठकलाई सूचना दिनबाट चुकेको छैन। यसका लागि *समयलाई* विशेष आभार। जनआन्दोलनबाट स्थापित सरकारले गठन गरेको राष्ट्रिय खेलकुद परिषद्ले समेत लामो समयदेखि अकर्मण्य काम गरेको भन्ने आरोप लाग्न थालेपछि अन्ततः माघ १९ पछि गठन भएका खेलसंघहरूलाई विघटन गरेको हो। खेल क्षेत्रभित्र पनि एउटा जमात फुटबल संघको विघटनलाई लिएर आक्रोशित छ भने अर्कोपक्ष ताजा जनलहरसँगै नेपाली खेलकुदलाई पनि समयसापेक्ष अगाडि बढाउनु पर्छ भन्ने भनाइ बुलन्द पार्न तम्सेको छ। राजाको निरंकुशतन्त्र ढालेर अहिले मुलुक संविधानसभातर्फ उन्मुख भइरहेका बेला खेलकुद क्षेत्रमा लागेकाहरू यस्तो परिवर्तनमा आफ्नो सशक्त उपस्थिति जनाउन छाडेर सरुवा, बढुवा र पद हत्याउनतिर मात्र लागेको देख्दा नेपाली खेलकुद कतै दिनानुदिन हीनताबोधले ग्रस्त त हुन लागेन भन्ने प्रश्न समेत पैदा भएको छ।

■ **सुधीर अर्ज्याल**
विराटनगर

## रातोमात्र खुसी होइन

नेपाली विधवा महिलाहरूले पछिल्ला वर्षहरूमा लगाउने गरेको रातो पहिरन र त्यसलाई परिवर्तन मान्ने महिलावादीहरूको सोचाइको खण्डन गर्न चाहन्छु। विधवा महिलाले रातो पहिरन लगाउँदैमा उनीहरूको हक, अधिकार समेट्न सकियो भनेर अधिकारवादी महिलाहरूले हर्षोल्लास मनाउनु र विधवा नारीले यस्तो कुरामा खुसी मनाउनको पनि कुनै तुक छ जस्तो लाग्दैन। जस्तोसुकै कपडा लगाए पनि त्यसको शाब्दिक अर्थ घामपानीबाट बच्नु हो। बरु हामीले परिवर्तनको खाका कोर्ने हो भने कपडाको अर्थलाई अर्थ्याउन सक्नु पर्छ न कि सेतो कपडा विधवाले लगाउने हो भन्दै प्रचार गर्ने हो। समाज र घरपरिवारले विधवालाई हेर्ने दृष्टि नै फरक रहन्छ। के रातो कपडा लगाउँदैमा समाज र परिवारले हेर्ने दृष्टि परिवर्तन गर्न सकिन्छ ? म २३ वर्षीया विधवा महिला हुँ। नुवाकोटमा मेरो २१ वर्षको उमेरमा विवाह भएको थियो। विवाह भएको एक वर्षभित्रै म विधवा हुनु पऱ्यो। त्यसको १३ दिनमै मैले लोग्ने मारेको आरोपसमेत लाग्यो। मैले त्यहाँबाट जग्गा पनि पाएकी छु, जुन मेरो नाममा पनि छ। तैपनि उपयोग गर्न पाएकी छैन। महिला अधिकारका कुरा गर्नेले पहिला के यस्ता रुढीवादी कुरामा लागेर महिलाको उत्थान हुन्छ भनेर सोच्ने कि उनीहरूको अधिकारलाई प्राथमिकता दिएर समाजमा रहँदै आएको आम सोचाइ परिवर्तन गर्ने ? के विधवाले रातो लगाएर मात्र समाजले 'यो विधवा होइन' भन्ने आँखाले हेर्न सक्छ ? पहिले सामाजिक संरचनामा परिवर्तन चाहिन्छ न कि रातो पहिरनमा।

■ **श्रीमती रीताकुमारी अर्याल**
कल्याणपुर-१, नुवाकोट
aryalrita@yahoo.com

## सचेत हुन जरुरी

*समय* (वर्ष ३, अंक १३१) पढ्ने अवसर पाइयो। त्यस अंकमा प्रकाशित एड्ससँग सम्बन्धित रिपोर्ट बढी सान्दर्भिक लाग्यो। पक्कै पनि नेपालमा एड्स रोग यौनव्यवसायीभन्दा गृहणीहरूलाई अत्यधिक मात्रमा फैलिने गर्छ। वैदेशिक रोजगारमा जाने लाखौं युवाहरू विवाहित हुन्छन् पर्याप्त मात्रामा एड्ससम्बन्धी जानकारी नलिनाले र विदेशमा एड्स निरोधक सामानहरूको प्रयोग गर्न हिचकिचाउने हुनाले उनीहरू बढी प्रभावित हुन सक्छन् भन्ने मान्यता अगाडि आउन थालेका छन्। करिब ६० प्रतिशत वैदेशिक रोजगारबाट फर्किनेहरू आफ्नो परिवारलाई एचआइभी एड्स सार्न पुग्छन्। दस वर्षको माओवादी द्वन्द्वमा विदेशिनेहरूको संख्या बढेको छ, गाउँबाट बाहिर जानेहरू अधिकांश एचआइभीदेखि बेखबर छन्। अब मुलुक शान्तितिर उन्मुख हुँदै जाँदा उनीहरू घर फर्कनेछन् र गृहणीहरू अझ बढी एड्स प्रभावित हुन नसक्लान् भन्न सकिँदैन। अफ्रिकाका मुलुकमा पनि शान्ति भइसकेपछि त्यहाँ एड्सको महामारी फैलिएको थियो। यस्तो अवस्था भोलि हाम्रो मुलुक नआवोस। यसबारे बेलैमा सचेत हुनु जरुरी छ।

■ **ऋता भण्डारी,**
**रञ्जना भण्डारी**
**वसन्तराज भण्डारी**
शंखुछाप-३, काभ्रे

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# एमाले युवा नेतृत्व काङवाङलाई

**सबै लिंग, जाति,** क्षेत्र र भाषाको समावेशी राज्य बन्नुपर्ने आवाज उठिरहेका बेला नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्बद्ध प्रजातान्त्रिक राष्ट्रिय युवा संघको राष्ट्रिय अधिवेशनले केन्द्रीय समितिमा ३३ प्रतिशत महिला निर्वाचित गरेको छ । विराटनगरमा यसै साता भएको अधिवेशनले निर्वाचित गरेको ७५ सदस्यीय केन्द्रीय समितिमा दलित समुदायबाट पनि पाँचजना परेका छन् । संघका पूर्व केन्द्रीय अध्यक्ष तथा सांसद गोकर्ण विष्ट संघको अधिवेशनले समावेशीकरणको पहिलो उदाहरण प्रस्तुत गरेको दाबी गर्छन् ।

'राजतन्त्रको समूल अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाका निम्ति युवाहरूलाई परिचालन गरौं' मूल नारा बनाएको संघको अधिवेशनले अध्यक्षमा अजम्बर काङवाङ, उपाध्यक्षमा गरीमा शाह, महासचिवमा इन्द्रलाल सापकोटा, सचिवमा हस्त पण्डित र कोषाध्यक्षमा महेश बस्नेतलाई निर्वाचित गरेको छ । २०४७ मा संघ स्थापनालगत्तै संगठित काङवाङ २०५० सालमै केन्द्रीय समितिमा पुगेका थिए । यसैगरी एमालेको भारत प्रवासमा संगठित नवनिर्वाचित उपाध्यक्ष शाह २०५६ देखि नेपाल आएकी हुन् । तीनदिने अधिवेशनले संघको इतिहासमा पहिलो पटक सर्वसम्मतिबाट नेतृत्व चयन गरेको बताइएको छ ।

# बल्ल माओवादीबाट मुक्त

**नेपाल शिक्षक संघ** रसुवाका पूर्व सभापति तथा धुन्चे माविका प्रधानाध्यापक तीरबहादुर गुरुङलाई माओवादीले दस लाख दिने सर्तमा अपहरण मुक्त गरेका छन् । गुरुङको अपहरणमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले विशेष चासो देखाएपछि सर्तसहित माओवादीले सोमवार राति रिहा गरेका थिए । काठमाडौंबाट घर फर्कंदै गर्दा माओवादीले रसुवाको माफ गाउँबाट १० लाख रुपैयाँ माग गर्दै अपहरण गरेका थिए । रसुवा जिल्लाकै पुराना शिक्षक गुरुङमाथि माओवादीले भ्रष्टाचार गरेको कपोल कल्पित अभियोग लगाएर अपहरण गरी १० लाख मागेको उनको परिवारले बताएको छ । एघारवर्षे सशस्त्र द्वन्द्वका क्रममा तारो बनेका शिक्षकहरूमाथि अझै पनि हुने गरेका यस्ता क्रियाकलापले उनीहरू थप सशंकित भएका छन् । माओवादी र सात दलबीच सम्पन्न शान्ति सम्झौताविपरीत माओवादीको यस्तो कार्यशैलीले अझै पनि जनता त्रस्त देखिन्छन् । जसले शान्ति सम्झौताको कार्यान्वयनमा समस्या देखिने संकेत गरेको छ । अपहरण, चन्दा असुली लगायतका कार्य पूर्णरुपमा बन्द गरेको माओवादी नेतृत्वले बताए पनि देशका विभिन्न क्षेत्रमा यस्ता घटना पूर्णरुपमा रोकिएका छैनन् । लामो समयसम्म शिक्षण पेसामा रहेका गुरुङमाथि विनाआधारमा माओवादीले लगाएको आरोप निराधार भएको जिल्लाका अगुवाहरूले बताएका छन् । माओवादीहरूले दस लाख रुपैयाँ ल्याएपछि मात्र मुक्त गर्ने अडान लिएको गुरुङको परिवार स्रोतले बताएको छ ।








माओवादीले पुल काटेपछि डुंगाबाट भेरी तर्दै स्थानीयवासी

# आफैं भत्कायो, आफैंलाई समस्या

**सरकारी सेना** गस्तीमा आउने डरले झन्डै दुई वर्षअघि रामघाट-दशरथपुर जोड्ने झोलुंगे पुल माओवादी आफैंले क्षतिग्रस्त बनाएपछि स्थानीय जनतामात्र होइन, अहिले माओवादी नै पनि समस्यामा परेका छन् ।

सरकार-माओवादीबीच भएको सम्झौताअनुसार दशरथपुरमा रहने भनिएको माओवादी सेनाको छैटौं डिभिजनअन्तर्गतका जनसेनालाई रामघाटको पुल नहुँदा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तु ढुवानीमा समस्या भएको छ ।

सहमतिअनुसार माओवादी सेनालाई भौतिक पूर्वाधार, यातायातलगायत सुविधासम्पन्न ठाउँमा राख्नुपर्नेछ, तर रामघाट-दशरथपुर जोड्ने पुलै काटिएपछि अहिले स्थानीयस्तरमा काठका दुईवटा डुंगा जोडेर बनाइएको एउटा डुंगा मात्र वैकल्पिक साधनका रुपमा प्रयोग गरिँदै आएको छ ।

दशरथपुरमा रहने भनिएको छैटौं डिभिजनअन्तर्गत झन्डै ७ हजार जनमुक्ति सेनाका लागि सदरमुकाम वीरेन्द्रनगर र नेपालगन्जलगायतका ठाउँबाट ल्याइएका दैनिक उपभोग्य सामग्री त्यही डुंगामार्फत लानुपर्ने अवस्था रहेको माओवादी सेनाको छैटौं डिभिजन मुख्यालयका सहायक कमान्डर दीपकले बताए ।

डुंगामा तारेर भेरीपारि लैजान प्रतिव्यक्ति ५ र सामान्य सामानको ५ रुपैयाँ तिर्नुपर्छ, तर वारपार गर्नेहरूको चापका कारण २ मिनेटमा पार गरिने भेरी तर्न झन्डै आधा घन्टाजसो पालो पर्खनुपर्छ ।

करिब २४ वर्षअघि बनाइएको उक्त पुल काटिएपछि डुंगा र कोक्राबाट भेरी पार गर्दा एक नाबालकसहित अहिलेसम्म पाँचजनाले अकालमै ज्यान गुमाइसकेका छन् भने रामघाट बजारको व्यापार ठप्पप्राय: नै छ ।

'मान्छेको चहलपहलले पहिला दिनहुँ मेला लागेजस्तो देखिने रामघाटबजार अहिले मसानघाटजस्तो देखिन्छ', एक स्थानीय व्यापारीले भने, 'तैपनि कहिले घाम ताप्दै र कहिले तास खेल्दै दिन धकेलेका छौं ।' उनका अनुसार सुर्खेतको कल्याण, नेटा, रानीवास, रजेना, काफलकोट, डाँडाखालीलगायतका गाविस र दैलेख, जाजरकोट जिल्लाका जनता समेत आवतजावत गर्थे । भेरी नदीमा पुल नभएकै कारण वर्षाका बेला आवतजावत अवरुद्ध भएपछि भेरीपारि दशरथपुर र वारि रामघाटका माविले एकले अर्को विद्यालयको विद्यार्थी पढाउने लिखित सहमति समेत गरेका छन् ।

स्थानीयवासीको माग र परिवर्तित राजनीतिक परिस्थितिका कारण हाल उक्त पुलको पुनर्निर्माण कार्य सुरु गरिएको जिविस सुर्खेतले जनाएको छ । पुल पुनर्निर्माणका लागि २८ लाख रुपैयाँको ठेक्का समेत दिइसकिएको बताइएको छ ।

यसैगरी सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच भएको त्रिपक्षीय सम्झौताअनुरुप मओवादी सेनाको छैटौं रहने दशरथपुरसम्मका लागि धुलियाबिट-भेंडावारी हुँदै दशरथपुरसम्मका लागि मोटरबाटोको पनि पुनर्निर्माण कार्य सुरु गरिएको छ ।

दशरथपुरमा रहने छैटौं डिभिजनको एक मुख्यालयसहित कल्याण, गमखोला र लेखफर्सामा रहने सहायक शिविरको अनुगमन गर्न आउने त्रिपक्षीय टोलीको सुविधाका लागि उक्त सडकको मर्मत सम्भार गरिन लागिएको हो ।

उक्त सडक मर्मत तथा सम्भारका लागि जिल्ला विकास समितिको दुई लाख बजेटबाट उपभोक्ता समितिमार्फत मर्मत कार्य सुरु गरिएको जिविसले जनाएको छ ।

जिविसले उपलब्ध गराएको दुई लाख रुपैयाँ धुलियाबिटदेखि माओवादी अस्थायी शिविर दशरथपुरसम्मका लागि बनाइने सडक निर्माणका लागि अपुग हुने भएकाले धुलियाबिट-भेंडावारी सडक ग्राभेल गर्न थप दस लाख बजेट माग गरिएको जिविसले जनाएको छ ।

उक्त कार्यका लागि सडक विभाग सुर्खेतले धुलियाबिटदेखि दशरथपुरसम्मको १६ किमी सडक खण्डमा अहिले आफ्नो डोजर र वीरेन्द्रनगर नगरपालिकाको टिप्पर पठाई सडक मर्मत कार्यमा सहयोग गरेको सडक विभागले जनाएको छ ।

■ **गणेशकुमार कार्की/सुर्खेत** (तस्बिर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# जनतान्त्रिकको आतंक



जनतान्त्रिक तराई मोर्चाले आतंकित पारेपछि विलौना गर्दै ग्रामीण महिलाहरू

**जनतान्त्रिक तराई** मुक्ति मोर्चाद्वारा एक साताअघि अपहृत राजविराज-७ निवासी पूर्वप्रहरी राजकुमार तामाङ आफ्नो नियन्त्रणबाट फरार भएको मोर्चाले सार्वजनिक गरेपछि उनका परिवारजन अहिले चिन्तित भएका छन् ।

तामाङलाई ज्वाला सिंहले नेतृत्व गरेको जनतान्त्रिकका कार्यकर्ताहरूले सीमावर्ती भारतीय बजार कुनौली गइरहेका बेला अपहरण गरेका थिए । प्रहरीमा जागिरे हुँदा तराईमूलका निवासीलाई दुःख दिएको आरोपमा नियन्त्रणमा लिइएको भनिए पनि उनको मुक्तिका लागि मोर्चाले ४ लाख रुपैयाँ फिरौती माग गरेको सार्वजनिक भएको छ ।

तर, एक्कासि मोर्चाका जिल्ला संयोजक विवश विद्रोहीले तामाङ आफ्नो नियन्त्रणबाट फरार भएको सार्वजनिक गरेपछि तामाङ परिवार चिन्तामग्न भएको हो । 'उनी घरपरिवारको सम्पर्कमा छैनन्, अपहरण गर्नेले भाग्यो भन्छन् । यसले हाम्रो चिन्ता झन् बढाएको छ', तामाङकी पत्नी मीनादेवीले भनिन्, 'हाम्रो निद्रा र भोक हराएको छ ।'

तामाङका परिवारसँगै स्थानीय बासिन्दाले प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, राजनीतिक दलका नेताहरू, मानवअधिकारकर्मी र संचारकर्मीलाई भेटेर उनको अवस्थाबारे जानकारी लिने प्रयास गरे । 'तर उनका बारेमा कसैले पनि स्पष्ट जानकारी दिन सकेनन्', तामाङकी पत्नी मीनाले भनिन् ।

अपहृत तामाङकी पत्नी मिनाले मंसिर १७ गते राजविराज पुगेका गृहमन्त्री कृष्णप्रसाद सिटौलासँग पतिको अवस्थाबारे विलौना गर्दै जानकारी मागेकी थिइन् ।

जनतान्त्रिक तराई मुक्ति मोर्चाले तराईका जिल्लाहरूमा शृंखलाबद्ध हिंसात्मक गतिविधिलाई तीव्रता दिइरहेकै बेला गृहमन्त्री कृष्णप्रसाद सिटौलाले पहिलो पटक जनतान्त्रिकको विषयमा अभिव्यक्ति सार्वजनिक गरेका छन् । खास गरी पहाडे समुदायका



व्यक्तिहरूलाई मुख्य तारो बनाउँदै आएका जनतान्त्रिक तराई मुक्ति मोर्चालाई राजनीतिक रुपमा शान्तिपूर्ण ढंगबाट प्रस्तुत हुन गृहमन्त्री सिटौलाले आग्रह गरेका हुन् ।

मन्त्री सिटौलाले अपहरण, फिरौती र बन्दुकको लडाइँ बन्द गरी शान्तिपूर्ण वार्ताद्वारा समाधान खोज्न सकिने हुँदा वार्तामा विश्वास गर्न समेत जनतान्त्रिकसँग आह्वान गरे । पत्रकार सम्मेलनमै जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट पीडित जनताको दुखेसो सुन्न व्यस्त रहेका मन्त्री सिटौलाले अबेर राति सप्तरी र सिरहाका सुरक्षा प्रमुखहरूसँग समेत सुरक्षा स्थितिका बारेमा जानकारी लिए ।

### यातायात नचलाउन उर्दी

जनतान्त्रिक तराईमुक्ति मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतद्वारा कारबाही गरी पार्टीबाट निष्काशित गरिएका ज्वाला सिंहले स्वतन्त्र तराईभित्र रहेको महेन्द्र राजमार्गलाई तराई मार्ग नामकरण गर्दै त्यहाँ पुस १ गते देखि १५ गतेसम्म पहाडेहरूद्वारा सञ्चालित सवारीसाधन नचलाउन उर्दी जारी गरेका छन् । जनतान्त्रिक तराई मुक्ति मोर्चा केन्द्रीय समितिको अध्यक्ष भनिने सिंहले जानीबुझी अटेर गरी पहाडेहरूले बेवास्ता गरी राजमार्गमा कुनै प्रकारको यातायातको साधन चलाइएमा त्यस्ता साधन ध्वस्त गरिदिने चेतावनी दिएका छन् ।

■ **श्यामसुन्दर यादव/सप्तरी** (तस्वीर पनि)

## बाँसको नमुना घर



'**मेरो जिन्दगी फेरियो**, यो क्षणमा आफ्नो खुसी व्यक्त गर्नसमेत सक्दिनँ', तीन दर्जन विदेशी पाहुना, विभिन्न जिल्लाबाट आएका सञ्चारकर्मी अनि सयौं गाउँले आफ्नै आँगनमा उपस्थित भएका बेला गर्वले फुलेकी, खुसीले भावविभोर इलाम पञ्चकन्या -८ तीनघरेकी भूमिका राईले भनिन् । ४० वर्षीया भूमिका मात्र होइन, उनका पति हुकुम र नाबालक दुई छोराछोरी पनि त्यतिकै हर्षित देखिन्थे ।

आर्थिक अवस्था अत्यन्त कमजोर भएको राई परिवार त्यतिका देशी-विदेशी पाहुना आफ्नै आँगनमा देखेर खुसी भएका थिएनन् । सानो कटेरोमा जाडो, गर्मी र वर्षा सबै मौसम बडो कष्टका साथ काटिरहेको राई परिवार एउटा सुन्दर घर पाएकाले खुसी भएको थियो । छानोदेखि बेरा र खम्बासम्म सबै बाँसले बनेको अत्यन्तै सुन्दर घरमा बस्ने सौभाग्य पाएका राई परिवारको खुसीको सीमै थिएन ।

पञ्चकन्याको तीनघरेमा बाँस प्रयोग गरी बनाइएको यस्तो घरको आयु कम्तीमा ३० वर्ष रहने प्राविधकहरू बताउँछन् । उक्त घरका लागि आवश्यक सामग्री भारतबाट ल्याएको भए पनि आगामी वर्षदेखि यही बाँस उद्योग सञ्चालन गरी त्यस्ता सामग्री उत्पादन गरेर कुल ६३ हजार रुपैयाँ लागतमा एउटा घर निर्माण गर्न सकिने ह्यावितेटका नेपाल प्रमुख अरुणा पाउल बताउँछन् । अब घरविहीनहरूका लागि यस्तै घर बनाइनेछ । उद्योग सञ्चालन गर्न करिब ५ करोड लाग्ने र त्यो दातृ निकायले व्यवस्था गर्नेछन् ।

इलाममा बाँसको पर्याप्ततालाई अध्ययन गरी त्यस्तो अवधारणा ल्याइएको पाउल बताउँछन् । महँगा र ठूला भवन निर्माणको विकल्प मात्र होइन, बाँसको घर स्वास्थ्य, सुरक्षा, टिकाउ र खर्चको दृष्टिले अत्यन्तै उत्तम हुने घर निर्माण कार्यमा संलग्न अनिता अधिकारी बताउँछिन् ।

■ **एकराज गिरी/झापा**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



# ढकमक्क गुराँस

**नेपाल आकारमा** सानो भए पनि जैविक विविधतामा अत्यन्त धनी छ। प्राकृतिक दृष्टिले पूर्वाञ्चल क्षेत्रमा पर्ने तीनजुरे-मिल्के-जलजले मनोरम र गुराँसको विविधताले विशिष्ट छ। नेपालको राष्ट्रिय सम्पदा तथा राष्ट्रिय फूलका रुपमा परिचित लालीगुराँसको वन संरक्षण गर्नु पर्छ भन्ने जनचासो र आवाज झन्डै ३० वर्ष अगाडिदेखि नै सुरुवात भए पनि यस क्षेत्रको दिगो पर्वतीय संरक्षण तथा विकासप्रति सचेतना बोध गराउने आवश्यकता महसुस गरिएको छ।

सन् १९६२ मा लालीगुराँसलाई राष्ट्रिय फूलको रुपमा घोषणा गरिएपछि नै नेपालका लालीगुराँसका जंगलहरूको संरक्षण हुनुपर्छ भन्ने सुझाव आउन थालेका हुन्, तर तराईको सालको जंगल जसरी हराउँदै छ त्यसरी नै हिमाली क्षेत्रको लालीगुराँसको जंगल पनि हराउँदै गएको छ। समुद्री सतहबाट १,७०० देखि ५,००० मिटरसम्मको उचाइमा रहेको यो क्षेत्र करिब ५५८ वर्ग किलोमिटरमा फैलिएको छ। नेपालको यो एकमात्र यस्तो क्षेत्र हो, जहाँ लालीगुराँसका सबैभन्दा बढी प्रजाति पाइन्छन्।

संखुवासभा, तेह्रथुम र ताप्लेजुङको साँध पर्ने मिल्के-जलजले क्षेत्र लालीगुराँसको राजधानी हो। उक्त जिल्लाहरूमा पाइने २८ प्रजातिका लालीगुराँसको जनसहभागितामूलक संरक्षण गर्ने उद्देश्यअनुरूप आइयुसिएन नेपालले विभिन्न संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आइयुसिएन नेपालले यस गुराँस संरक्षण क्षेत्रलाई स्थानीय जनसहभागितामा आधारित संरक्षण क्षेत्रको रुपमा विकास गर्नका लागि स्थानीय बासिन्दाहरूमा जनचेतना अभिवृद्धि गर्नका लागि चेतनामूलक कार्यक्रमको कार्यान्वयनले प्रत्यक्ष प्रभावहरू पारेको छ।

हाल यहाँका स्थानिय बासिन्दाहरूलाई यस क्षेत्रको संरक्षण गर्दै स्थानीय स्रोत र साधनको पहिचान र परिचालन गरी पर्यटन प्रवर्धनसम्बन्धी गतिविधि निरन्तर संचालन गर्न सकेको खण्डमा गुराँस क्षेत्रसँग प्रभावित बासिन्दाहरूको जीवनस्तर उकास्न सहयोग पुऱ्याउने कुराको यस लालीगुराँस संरक्षण कार्यक्रमले सन्देश दिन सफल भएको छ। स्थानीय बासिन्दाहरू यस क्षेत्रको प्राकृतिक स्रोत पहिचान गर्दै आवश्यक सीप विकास गरी आयमूलक कार्यक्रमतर्फ उन्मुख भएका छन्। फलस्वरुप यहाँका गरिब, विपन्न, दलित र महिला वर्गहरूको पहुँचमा वृद्धि भएको छ।

तीनजुरे-मिल्के-जलजले क्षेत्रका वन क्षेत्र गुराँसले नै ढाकिएको हुनाले त्यसका बासिन्दाले वन संरक्षण र संवर्द्धनमा अग्रसर भूमिका निर्वाह गरेका छन्। सार्वजनिक वनको संरक्षणका लागि वैकल्पिक ऊर्जाको लागि सुधारिएको चुल्होले यस क्षेत्रमा प्रत्यक्ष रुपमा योगदान पुऱ्याएको हुनाले सार्वजनिक वनमा चाप कमी हुन गई धुवाँको कारण हुने रोगहरूमा समेत कमी आएको छ।

सार्वजनिक वन तथा महिला समूह साथसाथै गुराँस संरक्षणको चेतना यस क्षेत्रका विद्यालयमा संचालित वातावरण कार्यकोषले ल्याएको प्रस्ट छ। यहाँका शिक्षक, विद्यार्थी तथा अभिभावक समेत वातावरण संरक्षण सम्बन्धमा काम गरेर गुराँस तथा जैविक विविधताको स्थानीय स्रोत साधनको प्रयोगबाट संरक्षण गर्न तत्पर देखिएको छ, विद्यालयका साना नानीहरूले आफ्ना घरछेउको गुराँस आफ्ना अभिभावकलाई काट्न नदिएका उदाहरण यहाँ उल्लेखनीय छ।


पर्यटन विकास तथा प्रवर्धनका लागि यो क्षेत्र ज्यादै मलिलो रहेको तथ्य सावित छ। पूर्व-पश्चिम हिम शृंखला र गुराँस वनको अद्भुत दृश्यले रमाउने पर्यटकका लागि विभिन्न परिकारका खाद्य वस्तु तयार गर्ने सिपालु हातको यहाँ कुनै खाँचो छैन। त्यसरी नै यस क्षेत्रका ग्रामीण बजारहरू सरसफाइका लागि उदाहरणीय बनेका छन्। बजार क्षेत्रको सफासुग्घरले पर्यटकलाई आकर्षित गर्ने र स्थानीय बासिन्दाको जन स्वास्थ्यमा समेत सुधार ल्याएको छ।

पूर्वी हिमालय क्षेत्र जैविक विविधताको अनुकूल आश्रयस्थल हो। मिल्के-जलजलेको हिमाली धार दर्जनौं लालीगुराँसका प्रजातिहरूका लागि उपयुक्त प्राकृतिक स्थल हो। यद्यपि, तल्लो क्षेत्रको जंगलको हैसियत केही बदलिएको भए पनि वसन्तपुर र लसुनेदेखि पूर्वतर्फको जंगल भने अझसम्म सुरक्षित नै छ।

तेह्रथुम जिल्लालाई दक्षिणदेखि उत्तरसम्म उभिएको एउटै पर्खाल जस्तो डाँडोले अँगालेको छ। मूलघाटबाट उकालो लागेपछि राता, सेता, गुलाबी गुराँसदेखि चिपाल र उच्च पहाडी भेगका सुनपाते जस्ता स-साना गुराँसका २८-३० प्रजातिहरू हेर्दै हामी चीन जान सक्छौं। तेह्रथुममा मात्र २ इन्चदेखि ६० फिटसम्मका गुराँसहरू पाइन्छन्, जसमध्ये लालीगुराँस संसारको सबैभन्दा अग्लो गुराँस मानिन्छ। सबैभन्दा ठूला, मोटा र धेरै प्रजातिका गुराँस पनि यहीँ पाइन्छन्। त्यसैले नै हो विश्वप्रख्यात फ्रान्सेली पत्रकार रेन डी मिल्लेभिल्लीले भनेका छन् कि यदि कसैले गुराँसको सौन्दर्यलाई राम्ररी नियालेर हेर्ने हो भने उसलाई नेपालमै आएर लालीगुराँसको विशिष्टताबारे ज्ञान लिनु पर्छ। 'यस्तो मनोरमस्थल नेपाल बाहेक विश्वमा अरू कतै छैन', उनी भन्छन्।

तर गुराँसले ढकमक्क ढाकेका हाम्रा गुराँसे डाँडा हिजोआज गुराँसविहीन बन्दै छन्। तसर्थ मिल्के डाँडा र जलजलेको यो क्षेत्रलाई समयमै संरक्षण नगर्ने हो भने गुराँस वनको वर्तमान विनाशलीलाले हाम्रा गुराँस लोप हुने अवस्थामा नपुग्लान् भन्न सकिन्न।

■ **दीपेन्द्र जोशी/तेह्रथुम**




**For Free Delivery to your Doorstep**
**Please Contact:**
Himalayan Spring Water Inc.
Tel: 2052347, 2052349 (Tinkune),
2053107 (New Road),
2051649 (Kamal Pokhari),
2054220 (Tripureshwor),
2051651 (Jawalakhel)

| | | |
|---|---|---|
| पूरा नाम | : | प्रदीपकुमार राई |
| उपनाम | : | व्याकुल माइला |
| जन्म मिति | : | २०२९ साल चैत |
| स्थान | : | थाक्ले–८ हिलेपानी, ओखलढुंगा |
| शिक्षा | : | कानुनशास्त्र स्नातक तथा जनप्रशासन (एमपिए) अध्ययनरत |
| पेसा | : | कानुनी सेवा (अधिवक्ता) |
| साहित्यिक लेखन थालनी | : | २०४६ साल |
| पहिलो प्रकाशित रचना | : | कविता (नेपाली भाषामा) समीक्षा साप्ताहिक, २०४८ |
| साहित्यमा लाग्ने प्रेरणा स्रोत | : | शिक्षक धीरानन्द दाहाल |

# तातो बहस

■ छत्र कार्की/काठमाडौं

**राष्ट्रिय गानका** सर्जकका रूपमा नाम प्रस्ताव गरिएपछि व्याकुल माइला (प्रदीपकुमार राई)लाई शुभचिन्तकबाट बधाई ओइरिएको केही समय बित्न नपाउँदै यसको पक्ष र विपक्षमा तातो वहस चलेको छ। व्याकुलको गीतमा मुलुकको सामाजिक र सांस्कृतिक पक्षको सरलरूपमा चित्रण भएकोले छनोट गरिएको राष्ट्रियगान चयन कार्यदलले जनाएको छ। अर्कोतर्फ गीत रचना गर्ने पात्र, गीतको संरचना र विषयवस्तु नै ठिक नभएको तर्क निकाल्दै अर्कै राष्ट्रिय गान बन्नुपर्छ भन्ने आवाज पनि उत्तिकै रूपमा उठिरहेको छ।

व्याकुलद्वारा सम्पादित चार वर्षअघि प्रकाशन भएको 'नेपाली गीत संग्रह'को लागि रचना उपलब्ध गराएबापत किताबको भूमिकामा राजा ज्ञानेन्द्रलाई 'धन्यवाद टक्र्याउने' क्रममा प्रयोग गरिएका शब्दहरूलाई लिएर उनको पृष्ठभूमिबारे विभिन्न प्रतिक्रिया आएका छन्। व्याकुल दरबारको पृष्ठपोषक र मण्डले भएको आरोपसमेत लागेको छ। सात राजनीतिक दल र केही स्वतन्त्र व्यक्तिहरूको प्रतिनिधित्वबाट बनेको कार्यदलले व्याकुलको रचना नम्बर एक चुनिने लगभग निश्चित भएपछि उनको पृष्ठभूमिबारे जानकारी लिएको थियो। कार्यदलका सबै सदस्यले एकमतले सहमति जनाएपछि मंसिर १४ गते विधिवत्रूपमा व्याकुलको गीतलाई भावी राष्ट्रियगानका रूपमा चयन गर्न सरकारसमक्ष सिफारिस गरेको थियो। १ हजार २ सय ७२ रचनामध्ये १० वटा छनोट गरी तीनवटा गीतलाई कार्यदलले उत्कृष्ट घोषणा गरेको थियो, जसअनुसार व्याकुलसँगै रामप्रसाद ज्ञवाली र हरिहर तिमिल्सिनाको गीत परेका छन्।

आफूमाथि लगाइएको मण्डले र दरबारियाको आरोप चरित्र हत्या गर्ने उद्देश्यबाट लक्षित भएको व्याकुलको प्रतिक्रिया छ। उनी स्पष्टीकरण दिन्छन्, 'किताब प्रकाशन हुँदा सबै राजनीतिक दलले संवैधानिक राजतन्त्र स्वीकार गरेको अवस्था थियो। एउटा सम्पादकको हैसियतले मैले सम्पादकीय लेखेको हुँ। त्यसबाहेक मैले दरबारबाट केही नाजायज फाइदा लिएको छैन।' आफू २०४६ सालदेखि नै कांग्रेसनिकट राजनीतिमा सरिक हुँदै आएको उनी बताउँछन्। उनले मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन होस् भनेर २०५५ साल पुस १८ गते सर्वोच्चमा रिट दायर गरेका थिए। व्याकुल भन्छन्, 'मानवाधिकार र जनजाति आन्दोलनमा पनि म संलग्न छु, यदि मैले गल्ती गरेको भए जनताको कठघरामा उभिन तयार छु।'

कार्यदलका सदस्य एवं साहित्यकार आहुति 'भूमिका' प्रकरणलाई आधार मानेर व्याकुललाई मण्डले वा दरबारियाको आरोप लगाउनु उचित नभएको बताउँछन्। उनी भन्छन्, 'प्रचण्डको मालिकसँग कुरा गर्छु भन्ने अभिव्यक्ति होस् वा माधव नेपाल र गिरिजाप्रसाद कोइरालाले राजा ज्ञानेन्द्रलाई दाम चढाएको घटना। त्यसबेला राजालाई राष्ट्राध्यक्षको मान्यता दिएको अवस्था थियो, त्यही बेला सार्वजनिक भएको किताबको भूमिकामा राजाको सन्दर्भमा प्रयोग भएका



## प्रतिक्रिया थरिथरि...

■ कार्यदलले निर्माण गरेको प्रक्रिया वा मापदण्डअनुसार उत्कृष्ट गीत चयन गरियो। त्यो गीत व्याकुल माइलाको रहेको अन्तिममा थाहा भयो। जनजातिको पर्‍यो भनेर हामी खुसी पनि भयौं र मन्त्रीलाई हस्तान्तरण गरिने काम पनि भयो। यो गीतमा विवाद आएपछि दुःख लाग्यो, यसमा सरकारले छानबिन गर्ला। त्योभन्दा पनि माथि परिवर्तनकामी सचेत नेपाली जनता छन्, अन्तिम निर्णय उनीहरूले गर्नेछन्।

**रामेश, सदस्य, राष्ट्रियगान चयन कार्यदल**

■ लोकतान्त्रिक स्रष्टाहरूमध्येबाट सामूहिक रूपमा राष्ट्रियगान सिर्जना गरेर विवादमुक्त बनाउन सकिन्थ्यो।

**विष्णुविभु घिमिरे, अध्यक्ष, साझा प्रकाशन**

■ व्याकुल माइला सम्पादक रहेको नेपाली गीत संग्रहको भूमिकामा राजालाई गरिएको स्तुतिप्रति मेरो आपत्ति छ। उनी 'संवैधानिक राजतन्त्रवादी' हुन पाउँछन्, तर हिजोको परिस्थितिमा लेखिएको भूमिकालाई आधार बनाएर उनलाई मण्डले वा रोयलिस्ट भन्नु स्रष्टाप्रति अन्याय हुन्छ।

**निनु चापागाई, अध्यक्ष, प्रगतिशील लेखक संघ**

■ राजालाई चाकडी बजाउने व्याकुल माइला संवैधानिक राजतन्त्रवादी होइन, राजभक्त नै हुन्। अहिलेको अवस्थामा उनको गीत नेपाली जनताको राष्ट्रिय गीत हुन सक्दैन।

**हरिगोविन्द लुइँटेल, उपाध्यक्ष, प्रगतिशील लेखक संघ**

■ यो राष्ट्रगानले आम जनताको स्वतन्त्रता, स्वाभिमान र संघर्षको परिवर्तनकामी आत्मालाई समेट्न सक्दैन। सबैको साझा भावनाको प्रतिबिम्बित हुने गरी नयाँ राष्ट्रियगान बन्नुपर्छ।

**ईश्वरचन्द्र ज्ञवाली, अखिल नेपाल जनसांस्कृतिक महासंघ**

शब्दलाई नै आधार बनाएर व्यक्तिमाथि खनिनु ठिक होइन।'

अहिलेको कार्यदलमा माओवादीबाट प्रतिनिधित्व छैन। माओवादी निकट अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली प्रस्तावित राष्ट्रियगानमा असहमति रहेको बताउँछन्। उनी भन्छन्, 'यतिका विरोध हुँदाहुँदै पनि जबरजस्ती यो राष्ट्रिय गीत पारित गरियो भने हाम्रो विरोध रहनेछ।'



यतिसम्म कि गीतको लय नै ठिक नभएको भनी गीतसंगीतका जानकारले समेत टिप्पणी गरेका छन्। त्यसैले राष्ट्रियगानमा सकेसम्म सबैको भावना प्रतिबिम्बित गरिनुपर्ने भएकाले गीत निर्माण हतार गर्न नहुने धैरेको धारणा छ। स्रष्टा रामप्रसाद ज्ञवाली उत्कृष्ट १० वटा गीतलाई बाहिर ल्याएर बहस गरिनुपर्छ भन्ने धारणा राख्छन्। त्यस्तै पुराना स्रष्टाका गीतलाई केही परिमार्जन गरेर राष्ट्रियगान चयन गर्नुपर्छ भन्ने विचार पनि आइरहेको छ।

अहिले चयन गरिएको गीतको शब्द परिमार्जन गरेर अझै कलात्मक बनाउन सकिने धारणा कार्यदलका एक सदस्यको धारणा छ। सर्जक व्याकुल पनि गीतलाई सम्पादन वा परिमार्जन गर्ने प्रक्रियाप्रति सहमति जनाउँदै भन्छन्, 'शब्द परिवर्तनको विपक्षमा कहिल्यै छैन, आवश्यक परे सबैको भावना समेट्ने गरी परिमार्जन गर्दा हुन्छ, मेरो नाम ठूलो होइन, जनताको भावना आउनुपर्‍यो।'

प्रस्तावित राष्ट्रियगानले विवादको रूप लिएपछि राजनीतिक र जातीय रंगमा मुछिन थालेको छ। व्याकुल आफ्नो कार्यकर्ता भएको र जनआन्दोलन-२ मा सक्रिय सहभागी रहेको भन्दै तरुण दलका अध्यक्ष विनोद कायस्थले विज्ञप्ति नै जारी गरेका छन्। त्यसैगरी जनजातिको तर्फबाट प्रस्तावित राष्ट्रियगानका सर्जकमाथि लगाइएको लाञ्छनाप्रति दुःखेसो व्यक्त भएको छ। यो विषयबाट जातीय वितण्डा मचिन सक्ने अनुमान गर्नेहरूको संख्या पनि कमी छैन।

कुनै विषयप्रति अन्तरक्रिया हुनुलाई लोकतान्त्रिक प्रणालीको विशेषता नै मान्नुपर्छ। अहिले नयाँ राष्ट्रगानबारे बहस चलाइरहेका स्रष्टामाथि ज्यान लिने धम्की आउनु पक्कै न्यायोचित कुरा होइन। आखिरमा सबै विवादको जड पछाडिको कारण समितिले निर्धारण गरेको कार्यशैली नै हो भन्नेहरू पनि प्रशस्त छन्। सुरुमै प्रतियोगिताबाट आम अपेक्षाअनुसारको गीत आउन सक्ला कि नसक्ला, यतिको गीतले काम चलिहाल्छभन्दा पनि मापदण्डभित्रको गीत नआए के गर्ने भन्ने विषयमा सचेत हुनुपर्थ्यो।

आम जनसमुदायको अपेक्षालाई प्रतियोगिताबाट छानिएका गीतले प्रतिनिधित्व गर्ने-नगर्ने निर्क्योल गरेर सामूहिक लेखनको बाटो अवलम्बन गर्न पनि सकिन्थ्यो। तर, प्रक्रिया धैरै अघि बढिसकेको छ, कार्यदलको सिफारिस पर्यटनमन्त्रीलाई हस्तान्तरण भइसकेको छ। संयुक्त सरकारले बनाएको कार्यदलले दिएको निर्णय बदर गर्दा जाने सन्देश पक्कै सकारात्मक हुँदैन। अब व्याकुलको गीतलाई आधार मानेर परिमार्जन गर्ने वा यसैलाई हु-बहु राष्ट्रियगान स्विकार्ने भन्ने दुईवटा विकल्प मात्र सरकारसँग रहेको जारी विवादमा मझधारमा उभिएका स्रष्टाहरूको मत छ। ■

## चयन भएका उत्कृष्ट तीन गीत

### १. व्याकुल माइला

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

### २. रामप्रसाद ज्ञवाली

मेचीकाली झङ्कृत पारी गुन्जिरहेको जागृतिगान
जनजनको मन गर्दछ नूतन, छर्दछ जीवन, भर्दछ शान
राष्ट्रियताले स्वतन्त्रताले सम्प्रभुताले गर्वित भाल
जय होस् मेरो जीवनमाली ! गौरवशाली देश नेपाल !
हिमगिरिदेखि पर्वतबेसीसम्म तराई पौरख गान
धर्म र जाति संस्कृतिमाथि दृष्टि भएको एक समान
प्राकृतताले उच्चकलाले शोभित, सुन्दर र शान्त विशाल
जय होस् मेरो जीवनमाली ! गौरवशाली देश नेपाल !

### ३. हरिहर तिमिल्सिना

नेपाल हौं आमा तिमी, हामी छोराछोरी
रंगरूप, जातधर्म, भाषा थरीथरी
कोही बस्छौं फेदीतिर कोही टाकुरामा
श्रमशक्ति फुलिदिन्छ हाम्रा पाखुरामा
बुद्ध हाम्रो मुटु बनोस् सगरमाथा शिर
चन्द्रसूर्य ध्वजा बोकी बढ्छौं लक्ष्यतिर
दुःखसुख साझा हाम्रा बाँच्ने साझा धर्ती
एकअर्को नेपालीमा गाँसी मायाप्रीति
हातमाथि हात दिन्छौं मुट्ठीमाथि मुट्ठी
एकताको सुगन्धमै फुल्छ हाम्रो मट्टी

### राष्ट्रियगान चयन कार्यदल

**संयोजक– सत्यमोहन जोशी**

**सदस्यहरू – मोदनाथ प्रश्रित, अम्बर गुरुङ, वैरागी काइँला, दुर्गालाल श्रेष्ठ, अमर गिरि, बेञ्जु शर्मा, रामेश, आहुति, गोपाल ठाकुर, नन्दकृष्ण जोशी, श्रवण मुकारुङ, बुँद राना र जलकृष्ण श्रेष्ठ।**

# घामका पाइलाको अवरोह

**काम पहिले कुरापछि** भन्ने धनुषचन्द्र गोतामेको मान्यता र धेरै चर्चा बटुल्न नचाहने उनको आदर्शवाद धेरैपटक उनकै लागि घातक बन्यो। उनीसँगैका कतिपय स्रष्टाले साहित्य र बाँच्ने विवशतालाई सँगै लैजान नसकेर यात्रा मोडे, तर अनेक संघर्ष झेल्दा पनि गोतामे साहित्यबाट टाढिएनन्। उनको आफ्नै जीवनकथा हेर्ने हो भने गोतामेकै बहुचर्चित उपन्यास 'घामका पाइला'भन्दा कम रहेन।

ठूलो परिवार भएका कारण तराईमा बितेको संघर्षमय जीवन उनले बारम्बार सुनाउने गर्थे। उनका समकक्षी साहित्यकार कालिप्रसाद रिजाल गोतामेको तराईमोह उद्धृत गर्छन्, 'मलाई रेलको आवाजले काठमाडौंमा थिर भएर कहिल्यै बस्न दिँदैन, सधैं छकछक आवाज आइरहन्छ, किन किन यो रेलको आवाजले मलाई बारम्बार चिमोटिरहन्छ।' महोत्तरीको मन्दराकट्टीमा जन्मिएका उनले साहित्यमा यस्तो सफलताको डोरी उनिएला भन्ने सायदै सोचेका थिए।

परिवारिक जिम्मेवारीका कारण जागिरकै खोजीमा उनले अनेकौं ठाउँ भौंतारिनु पर्‍यो। शिक्षण पेसाबाट सुरु भएको उनको जागिरेयात्रा सूचना विभागको कर्मचारी र प्रज्ञाप्रतिष्ठानको सदस्य सचिवसम्म पुगेको थियो।

नेपाली साहित्यको संस्मरण विधालाई लोकप्रिय र पठनीय बनाउने नेपाली साहित्यका अग्रज गोतामे अब हाम्रा सामु छैनन्। अचानक हृदयघात भएपछि उनलाई राजधानीको ॐ अस्पतालमा लगिएको थियो, तर अस्पतालबाटै कहिल्यै नफर्किने गरी सदाका लागि बिदा भएका छन्।

सर्वाधिक लोकप्रिय मानिएको उनको उपन्यास 'घामका पाइला'बाट उचो लागेको उनको साहित्यिक यात्रा अन्ततः उनको मृत्युमा आएर टुंगियो। उत्कृष्ट उपन्यास 'घामका पाइलाहरू' बाट उनले २०३५ को मदन पुरस्कार समेत पाएका थिए। 'यहाँदेखि त्यहाँसम्म', 'आरोह अवरोह' जस्ता कृतिहरू नेपाली साहित्यिक जगत्मा छाडेर बिदा भएका छन्, उनी। तर, जीवनको उत्तरार्द्धमा लेख्दै गरेको कृति 'अग्राखका पालुवा' भने अधुरै रहेको छ।

अनेक आरोह अवरोह पार गर्दै साहित्य-साधनालाई निरन्तर दिँदै आएका गोतामे विगत एक दशकदेखि मुटुरोगले पीडित थिए। तर, यसरी अचानक सबैबाट बिदा भइहाल्लान् भन्ने जस्तो व्यथा भने थिएन। 'सम्झनुस् साहित्यको एउटा तारा झर्‍यो', रिजाल भावुक हुँदै भन्छन्। पृथक् शैली अपनाउन उनी सधैं तल्लीन रहेको रिजाल बताउँछन्।

साहित्यमा सजीव जीवनशैली उतार्न खप्पिस मानिने गोतामेले आफ्नो साहित्यिक यात्रासँगै सरकारी कार्यालयको कर्मचारीदेखि नेपाल प्रज्ञाप्रतिष्ठानको सदस्यसचिवसम्म भएर नेपाली साहित्यलाई विभिन्न हिसाबले सहयोग पुर्‍याए। आख्यान शैलीमा विशेष स्थान बनाउन सफल उनी पछिल्ला केही वर्षहरूमा भने एकान्तप्रेमी बनेका थिए।

जागिरमा प्रवेश गरिसकेपछि साहित्यलाई तीलाञ्जली दिन बाध्य भएका धेरै सष्टाहरू छन् नेपालमा। जागिरसँगै साहित्य सेवालाई जीवित राख्ने प्रमुख सष्टामा गनिन्छन्, उनी। जागिर र साहित्यलाई एकसाथ लग्न गोतामे सफल भएको रिजालको भनाइ छ।

अब धनुषचन्द्र गोतामे हाम्रा सामु छैनन्, तर उनले दिएको साहित्यिक योगदान 'घामका पाइलाजस्तै सधैं अमर रहिरहनेछ -श्रद्धाञ्जली धनुषचन्द्रलाई।

■ ज्योति देवकोटा/काठमाडौं



साहित्यमा सजीव जीवनशैली उतार्न खप्पिस मानिने गोतामेले आफ्नो साहित्यिक यात्रासँगै सरकारी कार्यालयको कर्मचारीदेखि नेपाल प्रज्ञाप्रतिष्ठानको सदस्यसचिवसम्म भएर नेपाली साहित्यलाई विभिन्न हिसाबले सहयोग पुर्‍याए। आख्यान शैलीमा विशेष स्थान बनाउन सफल उनी पछिल्ला केही वर्षहरूमा भने एकान्तप्रेमी बनेका थिए।








वृद्धा सरस्वती, आठ महिनाको शिशुसहित गजमाया र गजमायाकी सासू धनमाया निकुञ्जको हिरासतमा

रमेशकुमार पौडेल

# सास्ती निकुञ्जका छिमेकीलाई

**असारमा दुःख गरेर** रोपेको धान गैंडाले खान थालेपछि पश्चिम चितवन दिव्यनगरकी सीता खनाल बाली जोगाउने उपाएको खोजीमा लागिन्। खेतमा गैंडालाई आउन नदिन उनले एउटा जुक्ति अपनाइन्, तर गैंडालाई रोक्न निकालेको त्यो जुक्तिले सीतालाई चितवन निकुञ्जको हिरासत कक्षमा पुऱ्याएको छ।

निकुञ्जका कर्मचारीहरूले उनलाई कात्तिक १३ गते राति घरबाट समातेर ल्याए। कात्तिक ९ गते दिव्यनगरको कोइलाहामा मृत अवस्थामा फेला परेको गैंडा उनैले मारेको आरोपमा निकुञ्जले अनुसन्धान सुरु गरेको छ। जब कि त्यो गैंडा मरेको खबर निकुञ्जलाई सीताले नै फोन गरेर दिएकी थिइन्। 'गैंडा मरेको खबर उनीले नै दिएकी हुन्, तर उनले नै छाडेको करेन्टमा परेर गैंडा मरेको रहेछ। त्यति बेला यो कुरा भनिनन्, पछि थाहा पाइयो अनि लिएर आइएको हो, अनुसन्धानका लागि खटिएका निकुञ्जका रेन्जर राजु घिमिरे बताउँछन्। गैंडा मार्न करेन्ट छाडेको तार पनि सीताले मलखातमा लुकाएर राखेको उनी बताउँछन्।

'धान जोगाउनमात्र खोजेको हो अहिले यस्तो दुःख आइलाग्यो', सीता बिलौना गर्छिन्। उनको घर नजिकैबाट नारायणी नदी बगेको छ। नदीले बनाएको मजुवा जंगलमा गैंडा बस्ने गर्दछ। मजुवाबाट गैंडा आएर भदौदेखि धान खान थालेपछि उनको मनमा चिन्ता परेको थियो। त्यो चिन्ता हटाउन उनले धान लगाएको एक बिघा खेत घेरेर करेन्ट छाडेकी थिइन्।

'यस पटक धान निकै सप्रिएको थियो। त्यसैले खाए खाओस् भनेर माया मार्न पनि सकिनँ', उनले बताइन्।

'मर्ला नै भन्ने त लागेको थिएन, घरैबाट करेन्ट पास गरेकी थिएँ, अरू बेला छुनेबित्तिकै फ्युज जान्थ्यो। त्यस दिन के भएछ कुन्नि ?' सीताले सुनाइन्, 'गैंडाले धान खाएको टुलुटुलु हेरेर बसेको भए थालकै भात आफूले खोसेर लग्दा पनि केही नगरेजस्तै हुन्थ्यो।'

कानुनले गैंडा मारेमा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ। सीतालाई कमसेकम ५० हजार रुपैयाँ जरिवाना हुने लगभग पक्का भएको निकुञ्जका अधिकारीहरू बताउँछन्।

निकुञ्जका जनावरहरूले वरपरको खेतबाली खाइदिएको घटना कुनै नौलो मानिँदैन। खेतबाली खाइदिएमा क्षतिपूर्ति दिने व्यवस्था पनि छ, तर त्यो व्यवहारमा आएको छैन। अर्कोतर्फ जनावरले नै हानेर मान्छे मर्दा २५ हजार रुपैयाँसम्म दिने निकुञ्जले खेतिपातीको कति नै पैसा दिन्छ र त्यसैले गाउँलेहरू आफ्नो बालीको रक्षा आफ्नै तरिकाले गर्दै आएका छन्।

निकुञ्जको टोलीले सीतासँगै अरू दुईजना महिलालाई पनि पक्राउ गरेको थियो। ती महिलाहरू दिव्यनगरसँगै जोडिएको मेघौली गाविस वडा नं. १ लौखुरीका सासूबुहारी हुन्। २३ वर्षीया बुहारी गजमाया कुमालको काखमा आठ महिनाको बालक असीम कुमाल पनि साथमै छ। सासू धनमाया कुमाल 'शत्रु लागेर यस्तो भयो' भन्नु बाहेक पक्राउ पर्नुको कारणबारे चित्त बुझाउने ठाउँ देख्दिनन्।

गजमायाले खाग ओसारपसार गरेको र धनमायाले गैंडा मार्न प्रयोग हुने भरुवा बन्दुक राखेको आरोपमा निकुञ्जले अनुसन्धान सुरु गरेको हो। निकुञ्जबाट आफूमाथि यस्तो आरोप आउँदा सासूबुहारी तीनछक परेका छन्।

'हैन, यो गर्दै नगरेको हुँदै नभएको कुरा कसले सुनाए छ', गजमाया चकित छिन्। धनमायाका छोरा अर्थात् गजमायाका श्रीमान् रामचन्द्र डेढ वर्षदेखि कतारमा छन्। धनमायाका श्रीमान् पनि मलेसिया गएको अढाई वर्ष भयो।

गजमायाका बाबु मातु कुमाल गैंडा चोरी सिकारीको आरोपमा पक्राउ परी गत जेठदेखि पुर्पक्षका लागि भरतपुर कारकाटको थुनामा छन्। यी दुई महिलाले उनलाई सहयोग गरेको आशंका निकुञ्जका अधिकारीहरूको छ, तर मातुले कहिले पनि छोरी र सम्धिनीको संलग्नता देखिने गरेर वयान दिएका थिएनन्।

'पोल परेकै हो। आफन्त पनि जेलमा रहेछन्। त्यसैले बुझ्नका लागि ल्याएका हौं', रेन्जर अधिकारी बताउँछन्। गाउँमा मोवाइल लिएर हिँडेको र राम्रो लगाएको खाएको आरिस गर्नेहरूकै कारण पोल परेको बाहेक चोरी सिकारीमा लागेको आधार निकुञ्जका अधिकारीहरूले पनि पाउन सकेनन्।

सीता, गजमाया र धनमाया सँगसँगै बस्न कात्तिक २६ गते गुञ्जानगरकी सरस्वती तमाङ आइपुगिन्। अनुहार चाउरिएकी ६३ वर्षीया सरस्वतीलाई पनि खाग राखेको आरोप छ, तर खाग भनेको आफूलाई नै थाहा नभएको उनी बताउँछिन्।

यी महिलाहरूलाई पक्राउ गर्दा चोरी सिकारीकै विरुद्ध सफलता हात लागेको भान निकुञ्जका अधिकारीहरूलाई परेको थियो, तर वयान र प्रमाणले उनीहरू त्यो निष्कर्षमा पुग्न सकेनन्। धान खाने मुसो चोट पाउने भ्यागुतोको नियति ती महिलाहरूमाथि परेको थियो। सीतालाई कमभन्दा कम सजाय व्यवस्था गर्ने र अरूलाई छाड्ने अवस्थामा अधिकारीहरू पुगेका छन्, तर प्रमुख संरक्षण अधिकृत बिदामा बसेकाले काम चाँडै हुन सकेको छैन।

महिलाहरूको पक्राउपछि मध्यवर्ती समिति र निकुञ्जले सुधार गर्नु पर्ने केही पक्षहरू देखा परेका छन्। 'जनताको बाली जोगाउने र नोक्सान भए क्षतिपूर्ति दिनेतर्फ मध्यवर्तीले विशेष चासो राख्नु पर्ने भएको छ', सहायक संरक्षण अधिकृत अणनाथ वराल बताउँछन्।

निकुञ्जको सानो हिरासत कक्षमा पुरुष आरोपितहरू नै भरिएका हुन्छन्। महिलाहरूलाई ल्याए अन्तै राख्नु पर्ने बाध्यता छ। निकुञ्जमा महिला कर्मचारीको अभाव पनि छ। त्यसैले समातिएका महिला आरोपितका लागि त्यो ठाउँ उपयुक्त छैन। यस्तो अवस्थामा पर्याप्त आधार नभएर 'अनाहकमा' ल्याइएका महिलाले न्यायोचित व्यवहार पनि पाउन सक्दैनन्।

संरक्षणकार्यमा स्थानीय बासिन्दालाई समेट्न सके त्यसले प्रभावकारी परिणाम ल्याउँछ, तर अहिले देखिएको व्यवहारले निकुञ्ज प्रशासनप्रति जनतालाई रुष्ट बनाउँछ। यस्तो कुरा संरक्षणका हितमा छैन। चोरी सिकारीले गैंडा मारेर सखाप पार्न लागेका बेला संरक्षणका लागि विभिन्न छलफल, अन्तरक्रिया र तयारीहरू हुने गरेका छन्, तर निकुञ्जबाट स्थानीय मान्छेलाई दुःख दिने काम रोकिनै पर्छ।

**■ रमेशकुमार पौडेल/कसरा, चितवन**

**जापानजस्तो समृद्ध मुलुकमा मात्रै घरविहीनहरूको संख्या ३० हजार नाघेको छ ।**

# समृद्ध मुलकका घरविहीनहरू




रुद्र खड्का

■ **रुद्र खड्का/टोकियो (जापान)**

**अवसर र पैसाको लागि** दिनैपिच्छे विदेशिन खोज्ने नेपाली युवायुवतीहरूलाई जापानमा घरवारविहीन र भोक-भोकै हुने मान्छेहरू पनि बस्छन् भन्ने सुन्दा सायद पत्यार नलाग्न सक्छ ।

तर साँचो यही हो, सम्पन्न र आर्थिक अवस्था उच्च रहेको जापानमा बस्नेहरू सबै धनी र सुखी मात्र छैनन् । नेपाली र दक्षिण एसिया तथा पूर्वी एसियाका युवायुवतीहरूको लागि आकर्षक बन्दै गएको जापानमा घरवारविहीन मान्छेहरूको संख्या पनि थुप्रै भइसकेको छ । टोकियो महानगरपालिकाका अनुसार यतिखेर सिंगो जापानभरि कम्तीमा ३० हजार घरवारविहीन मान्छेहरू रहेको अनुमान छ र राजधानी टोकियोमा मात्र घरवारविहीन हुनेहरूको संख्या १० हजार पुगेको अनुमान छ । १२ करोड कुल जनसंख्यामध्ये टोकियोमा यतिखेर १ करोड मान्छेहरूले बसोवास गरिरहेको बताइन्छ ।

घरवारविहीन हुनेहरूमा जापानी नागरिकहरूका साथै गैरकानुनी रूपमा भित्रिएका व्यक्तिहरू समेत छन् । रिपोर्टिङको क्रममा घरवारविहीन नेपालीहरूसँग भेट नभए पनि स्थानीय एक पत्रिकाका संवाददाताले केही नेपाली नागरिक पनि जापानमा नदीको किनारामा बेवारिसे भएर समय बिताइरहेको बताए ।

विभिन्न प्रलोभनमा जापान पस्ने गैरआवासीय व्यक्तिहरू तथा स्थानीय जापानी नागरिकहरूमध्ये काम गर्न अल्छी गर्नेहरू नै घरवारविहीन भएर नदीछेउ, आकाशे पुलमुनि बेवारिसे भएर जिन्दगी गुजारिरहेका छन् । तर उनीहरू भने सरकारी असहयोगका कारण बेवारिसे भएर जिन्दगी बिताउनु परिररहेको गुनासो गर्छन् ।

बेवारिसे हुनेहरूमा ६० वर्ष नाघेका व्यक्तिहरू बढी छन् । टोकियोबाट ६ सय किलोमिटर टाढा अमिरी घर भए पनि विगत पाँच वर्षदेखि यहाँस्थित सुमिदा नदीको किनारमा कागजका प्याकेटहरू जम्मा गरेर जीउ मात्र अटाउने घरजस्तो ठाउँ बनाई बस्दै आएका ६२ वर्षीय हानडा हिमासीका अनुसार बुढेसकालमा काम गर्न नसकिने र सरकारले दिने भत्ताले घरको खर्च धान्न नसकिएपछि घरवार छोडेर बेवारिसे हुनु परेको हो ।

सरकारले बुढेसकालमा पुग्ने भत्ता दिएको खण्डमा जापानमा कोही पनि घरवारविहीन नहुने उनको दाबी छ । 'जवानी अवस्थामा धेरै कमाउँदा धेरै खर्च गर्ने बानी लाग्यो, तर बुढेसकालमा सरकारले दिने थोरै भत्ताले व्यक्तिगत खर्च नै धान्न गाह्रो हुन्छ', हिमासी भन्छन्, 'त्यसकारण घर छोडेर बेवारिसे हुनु परेको हो ।' बेवारिसे भएपछि पहिलो घरमा चाहिने खर्च गर्नु परेन अर्को कुरा होटेल, रेस्टुराँमा बचेको-फालेको खाना सित्तैमा पाइने भयो सुमिदा नदी किनारलाई नै वासस्थान बनाउँदै आएका अर्का बेवारिसे सासाकी भन्छन्, 'घरवारविहीन भएको मान्छेले अरूबाट बढी नै सहानुभूति पाउने भएकाले केही सजिलो हुन्छ ।'

बेवारिसे व्यक्तिहरूलाई प्रहरीले पनि सधैं दुःख दिने हुँदा बेवारिसेहरू प्रायः बसोवासस्थल परिवर्तन गरिरहेका हुन्छन् । चिसो वा घाम तथा पानीमा समेत उनीहरूको वासस्थान पुलमुनि वा त्यस्तै स्थान भइरहेको हुन्छ । चिसोका कारण बेवारिसे व्यक्तिको मृत्यु समेत किन नहोस् व्यस्त र महँगो यो सहरमा सहयोगी कोही छैन । मान्छेहरूलाई सोधपुछ गर्ने समेत फुर्सद छैन वा चासो छैन ।

विकासका कार्यहरू चरम उत्कर्षमा पुगेको जापानमा युवा र जाँगर भएका व्यक्तिहरूको लागि पैसाको समस्या त छैन, तैपनि यहाँको महँगीका कारण थुप्रै युवाले पटक-पटक सरकारको विरोध गर्दै आएका छन् । 'कुनै पनि काम एक घन्टा गर्दा कम्तीमा १ हजार २ सय जापानी येन पाउने युवायुवतीलाई आकासिएको बजार भाउका कारण जहिले पनि पैसाको समस्या परिरहेको हुन्छ', टोकियोस्थित गकुसैउन विश्वविद्यालयका प्राध्यापक डा. कियोसी शिमकोवा भन्छन्, 'जसले गर्दा जापानीहरूलाई जहिले पनि व्यस्त बनाएको बनायै छ ।'

विकास निर्माणको सम्पन्नतासँगै आकासिएको बजार भाउ थेग्न नसकेर नै घरवार त्यागेर बेवारिसे जीवन बिताउनेहरूको संख्या बढिरहेको धेरैको ठम्याइ छ । योसँगै जीवन गुजाराको लागि हुनुपर्ने असाध्यै व्यस्तताका कारण पनि जापानमा पछिल्ला दिनमा आत्महत्या गर्ने कामदारहरूको संख्या बढ्दो छ । दर्शनशास्त्रका प्राध्यापक सिमकोवा भन्छन्, 'सधैं असाध्यै व्यस्तताले गर्दा हुने तनावको पीडा खप्न नसकी नागरिकहरूले आत्महत्या गर्दा समेत सरकार आकासिएको बजार भाउ नियन्त्रण गर्ने पक्षमा छैन भने अर्कोतर्फ बेवारिसे हुने नागरिहरूको बारेमा पनि सरकारले केही सहयोग पुऱ्याउन सकेको छैन ।'

जापानको आर्थिक वृद्धिदर र चरम विकास निर्माण हेर्दा जो कोहीको लागि जापानमा बस्न पाउनु सौभाग्य हुन सक्छ, तर मान्छेहरूको व्यस्तता र महँगीले धेरैलाई निराशा पनि तुल्याइदिएको छ । नेपालमा रहँदा ८ घन्टा काम गरेर गुजारा गर्ने नेपालीहरू जापानमा पुगेपछि दिनमा अठार घन्टासम्म काम गर्ने गरेका छन् । गुल्मी घर भई टोकियोस्थित रेस्टुराँमा कुक र अर्को एक होटेलमा कोठा सफा गर्ने काम गर्दै आएका एक नेपालीका अनुसार नेपालमा गर्ने समयअनुसार मात्र काम गर्ने हो भने जापानमा आफ्नो मात्रै खर्च धान्न गाह्रो छ, उनी भन्छन्, 'त्यसमा पैसाको लागि नै विदेश पसेको हुँदा दिनमा १६-१८ घन्टा काम नगरी हुँदैन ।' जापानमा बसोवास गरिरहेका नेपालीहरूमध्ये केहीले विश्वविद्यालयमा अध्यापन गर्ने गरे पनि अधिकांशले होटेल र रेस्टुराँमा काम गरेर पैसा संकलन गरिरहेका छन् । ■

# कारबाहीमाथि कारबाही !

**जनपद प्रहरीका वरिष्ठ प्रहरी अधिकारीहरू निलम्बन फुकुवा भएपछि पनि सरकारको कारबाहीको सिकार बनेका छन् ।**

**उच्चस्तरीय छानबिन आयोगको** आडमा आठ महिनाअघि निलम्बन गरिएका जनपद प्रहरीका वरिष्ठ प्रहरी अधिकारीहरू निलम्बन फुकुवा भएपछि पनि सरकारको कारबाहीको सिकार बनेका छन् । उता छानबिन आयोगको काम सकेर प्रतिवेदनसमेत बुझाएको अवस्थामा सशस्त्र प्रहरीका अधिकारीहरूमाथिको निलम्बनको भारी छँदै छ ।

जनआन्दोलनका बेला प्रहरी महानिरीक्षक श्यामभक्त थापा र सशस्त्र प्रहरीका प्रहरी महानिरीक्षक सहवीर थापा औपचारिक रुपमा गृह मन्त्रालयका सल्लाहकार हुन् । उनीहरू गृहसचिव उमेश मैनालीको कार्यकक्षबाहिर राखिएको हाजिर कपीमा उपस्थिति जनाएर टाप दिने गरेका छन् । राजाको प्रत्यक्ष शासन कालमा कारबाहीमा परेका भए पनि लोकतन्त्रमा पुरस्कृत मैनाली आफैं भने विशिष्ट श्रेणीका प्रहरी अधिकारीलाई अपमान गर्न खेलका सहयोगी बनेका छन् ।

गृहमन्त्री सिटौलाले ओमविक्रम राणा र सशस्त्रका वासुदेव ओलीलाई महानिरीक्षकमा स्थापित गर्न तत्कालीन महानिरीक्षक थापाद्वयलाई भदौ तेस्रो साता गृहमन्त्रालयको सल्लाहकार बनाएर दरबन्दी खाली गर्ने नीति अख्तियार गरेका थिए ।

उता प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रबहादुर श्रेष्ठ, रुपसागर मोक्तान तथा कृष्ण बस्नेत कात्तिक २९ पछि निलम्बनबाट मुक्त गरिए, तर व्यवहारमा उनीहरू पनि कारबाही झेल्दै छन् । उनीहरूलाई गृहमन्त्रालयमा काजमा थन्काइएको छ । विशिष्ट श्रेणीको हैसियतप्राप्त सल्लाहकार थापाद्वय प्रहरी प्रशासनसँगको नाता टुटिसकेको छ । उनीहरू गृहमन्त्रालयको सल्लाहकार बन्न पुगेका छन्, तर निलम्बन फुकुवा भइसकेका अन्य उच्च प्रहरी अधिकृतलाई औपचारिक रुपमा कागजमा काजमा राख्ने भनिएको छ । उनीहरूलाई कुनै जिम्मेवारी दिइएको छैन, काम गर्ने कोठा र सहयोगी समेत उपलब्ध गराइएको छैन ।

एक वरिष्ठ अधिकारी भन्छन्, 'निलम्बन फुकुवा भइसकेको अवस्थामा काम दिनुपर्‍यो, पदअनुसारको सम्मान र सुविधा दिनुपर्‍यो ।'

गृहमन्त्रालयका प्रहरी विभाग हेर्ने सहसचिव विश्वप्रकाश पण्डित, मन्त्रालयमा हाजिर गरिरहेको जानकारी दिँदै, सुविधा प्राप्न नगरेको बारेमा आफूले नसुनेको र कुनै दाबी नआएको बताउँछन् । पण्डित भन्छन्, 'कानुनअनुसार पाउने सुविधा प्राप्त गरेका छैनन् भने र उनीहरूबाट माग आयो भने हामी उपलब्ध गराउनेछौं ।' कात्तिक २९ देखि निलम्बन फुकुवा भएका थापा, मोक्तान र बस्नेतको निलम्बन समयावधिको समेत मासिक पारिश्रमिक र आर्थिक सुविधा उपलब्ध गराएको बताए । पण्डित भन्छन्, 'निलम्बन फुकुवा भएपछि पदअनुसारको सुविधाबाट वञ्चित गराउन मिल्दैन ।' गृह मन्त्रालयका अधिकारीहरू, प्रशासनिकभन्दा राजनीतिक आधारमा काम भइरहेको जानकारी दिन्छन् ।

प्रहरी प्रवक्ता किरण गौतम गृहमन्त्रालयको निर्देशनअनुसार तीनजना अतिरिक्त महानिरीक्षकहरू गृह मन्त्रालयमा काजमा राखिएकाले प्रहरी प्रधान कार्यालयको उनीहरूप्रति प्रत्यक्ष जिम्मेवारी नहुने बताउँछन् । गौतमले सुविधा कटौती नभएको दाबी पनि गरे । गौतम भन्छन्, 'अतिरिक्त महानिरीक्षक हुँदा सरकारी नम्बर प्लेट र निजी नम्बर प्लेटका गाडीहरू उपलब्ध थिए । अहिले सरकारी नम्बरप्लेटका गाडी मात्र झिकिएको छ ।'

सशस्त्र प्रहरीका तत्कालीन अतिरिक्त महानिरीक्षक रवि थापा तथा एसएसपी माधव थापा, दुर्जकुमार राईमाथिको निलम्बन अहिले पनि छँदै छ । सशस्त्र प्रहरीको नियमावलीलाई संशोधन गरेर कानुनको मान्य सिद्धान्तविपरीत निलम्बनको सिलसिला चलाइएको हो । सशस्त्र प्रहरी नियमावलीमा दुई महिना र एक महिनासम्म निलम्बन थप गर्न सक्ने कानुनलाई असारमा संशोधन गरेर ६ महिना र ३ महिनासम्म थप्न सक्ने गरिएको छ । त्यही संशोधित कानुनको आडमा सशस्त्रका वरिष्ठ अधिकारीले तीनपटक निलम्बनको पत्र पाएका छन् । पछिल्लो पटक कात्तिक २९ गते एक महिनाको निलम्बन अवधि थप गरिएको छ । जनपद प्रहरीको नियमावलीमा ६ महिनासम्म निलम्बन गर्न सक्ने प्रावधानअनुसार प्रहरी अधिकारीहरू म्याद पुगेर कात्तिक २९ गतेदेखि नै निलम्बन मुक्त भएका हुन् । एक अधिकारी भन्छन्, 'गृह मन्त्रालयको राजनीतिक योजनाअनुसार जुन आधार देखाएर निलम्बन गरिएको थियो, त्यसको प्रयोजन सकिएपछि तत्काल मुक्त गर्नुपर्दछ ।'



उच्चस्तरीय जाँचबुझ आयोगलाई अनुसन्धान गर्न बाधा पर्छ भन्ने आधार देखाएर उनीहरलाई निलम्बन गरिएको हो । ती अधिकारी भन्छन्, 'कि हामीलाई दोषी प्रमाणित गर्नुपर्‍यो, होइन भने निलम्बन फुकुवा गरेर काम गर्न दिनुपर्‍यो ।' उनी भन्छन्, 'प्रहरीको पोसाक लगाएर काम गर्ने हो, दौरासुरुवाल लगाएर गृह मन्त्रालयका सहसचिवलाई सलाम ठोक्नु होइन ।' सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित आयोगको पहिलो बैठकले वैशाख २९ गते सरकारलाई सचेत हुन सुझाएको थियो । आयोगले '... उच्च ओहदामा बसेका पदाधिकारीहरूबाट प्रमाणहरू नष्ट हुने वा अनुसन्धानमा बाधा पुग्न सक्ने भएकाले आवश्यक कारबाही गर्नु' भन्ने पत्रलाई आधार बनाएर गृहमन्त्रालयले प्रहरी प्रमुख र दोस्रो वरीयताका प्रमुख लगायतका अधिकारीहरू निलम्बन गरेर तेस्रो वरीयताका प्रहरीलाई नेतृत्वको जिम्मेवारी सुम्पिएको थियो । गृहमन्त्री कृष्णप्रसाद सिटौलामाथि आयोगको पत्रको आधार देखाएर प्रहरी संयन्त्रमा राजनीतिकरण गरेको आरोप लाग्दै आएको छ ।

गृह मन्त्रालयले 'शान्तिपूर्ण जनआन्दोलनका सन्दर्भमा शक्ति र पदको दुरुपयोग, राष्ट्रिय ढुकुटीको दुरुपयोग, मानवअधिकार उल्लंघन एवं जनधनको क्षतिको सम्बन्धमा उच्चस्तरीय जाँचबुझ आयोगले जाँचबुझको काम प्रारम्भ गरिसकेको र जनआन्दोलनको क्रममा सुरक्षानिकायको जिम्मेवार उच्च अधिकृतका रुपमा कार्यरत तपाईं.....उपरमाथि उल्लिखित कामकारबाही तथा प्रचलित कानुनबमोजिमको कार्यवाही समेतका सन्दर्भमा जाँचबुझ गर्नका लागि बाधा अवरोध हुन नपाओस्' भन्दै मन्त्रिपरिषद्को निर्णयअनुसार निलम्बन गरिएको पत्र थमाइएको थियो ।

जनआन्दोलन-२ मा भएको धनजनको क्षति, पद, सत्ता, शक्तिको दुरुपयोग, राष्ट्रिय ढुकुटीको दुरुपयोग र मानवअधिकार उल्लंघन गर्ने काम कसको प्रेरणा, योजना, निर्देशन, उक्साहटबाट भएको र जनआन्दोलन दबाउने काम कसको परिचालनबाट भयो भन्ने कुराको सत्य तथ्य पत्ता लगाउने जिम्मेवारी पाएको आयोगले मसिर ५ मा प्रतिवेदन बुझाइसकेको छ । आयोगका सदस्यहरूबीच विवाद भएर एकै मतको प्रतिवेदन तयार हुन सकेन । प्रतिवेदन सार्वजनिक चर्को दबाबपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उपप्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा प्रतिवेदन अध्यययन कार्यदल गठन गरेको छ, तर गठन भएको दुई साता बित्न लाग्दा पनि समितिको एउटै बैठक बस्न सकेको छैन, प्रतिवेदन खुलेको छैन ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**




राष्ट्रिय प्रकृति संरक्षण कोषको ललितपुरस्थित मुख्य कार्यालय

**राष्ट्रिय प्रकृति संरक्षण कोषमा दुई साताको अवधिमा दुईजनालाई पदमुक्त र दुईजनालाई नियुक्ति गरी सरकारले राजनीतिक हस्तक्षेपको चटक देखाइएको छ ।**

# नियुक्तिको चटक

**जनआन्दोलन–२ द्वारा** पुनःस्थापित प्रतिनिधिसभाले राजाका अधिकार कटौती गरेपछि 'महेन्द्र' शब्द हटाएर नयाँ नाम दिइएको राष्ट्रिय प्रकृति संरक्षण कोष राजनीतिक हस्तक्षेपको सिकार भएको छ । कोषको प्रमुख कार्यकारी सदस्यसचिव पदमा दुई साताको अवधिमा दुईजनालाई पदमुक्त र दुईजनालाई नियुक्ति गरी सरकारले राजनीतिक हस्तक्षेपको चटक नै देखाइएको छ ।

तीन साताको छोटो अवधिमा दुईजना सदस्यसचिव पदबाट हट्नुका पछाडि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको परिवारभित्रको 'जुँगाको लडाइँ' प्रमुख कारक हो । राजनीतिक शक्तिको अभ्यास गरेर बसेका परिवारका सदस्यहरूभित्रको अहिलेको लडाइँमा भित्रिया 'नकआउट' भएका छन् भने बाहिरियाले पद हासिल गरेका छन् । कोषको सदस्यसचिव पदलाई राजनीतिक लडाइँको विषय बनाउँदा व्यक्तिगतरूपमा कसको हार वा जित भयोभन्दा पनि संरक्षणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने निकाय अस्थिर हुने निश्चित छ ।

सदस्यसचिवमा नियुक्ति पाएको एक साता पनि नबित्दै प्रधानमन्त्रीका भतिजा निरञ्जनप्रसाद कोइराला खेदिएका छन् भने उक्त पदमा सिद्धार्थ बज्राचार्य नियुक्त भएका छन् । उनी यसअघि कोषको प्रबन्ध निर्देशकका रूपमा कार्यरत थिए । प्रधानमन्त्रीका भतिजा कोइरालाको बहिर्गमनले परिवारभित्रको खिचलो पुनः छताछुल्ल भएको छ ।

कात्तिक २० गते सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुको निर्देशनमा सदस्यसचिव अनुप रजौरियाले राजीनामा दिएपछि उक्त पदमा निरञ्जनलाई नियुक्त गरिएको थियो ।

निरञ्जनको नियुक्तिलाई लिएर असन्तुष्टि व्यक्त गर्दै आएको कोइराला परिवारभित्रको एउटा समूहको दबाबका अगाडि लाचार भएर प्रधानमन्त्री कोइरालाले राजीनामा गर्न निर्देशन दिएको बुझिएको छ ।

बज्राचार्यको नियुक्ति पनि विवादमुक्त बन्न सकेको छैन । बज्राचार्यभन्दा कोषका अर्का कर्मचरीर गंगाजंग थापा वरिष्ठ भएकाले विवाद सृजना भएको हो । बज्राचार्यलाई सदस्यसचिव बनाउने नियोजित योजनाअनुसार नै थापासमकक्षी बनाउन मंसिर १५ गते प्रबन्ध निर्देशक पद खडा नियुक्त गरिएको ४ दिनपछि नै सदस्यसचिव बनाइएको छ । 'पटक-पटक नेतृत्व परिवर्तनले विश्वसामु अलग्गै छवि बनाइसकेको कोषको विश्वसनीयतामा आँच आउन सक्छ', कोषमा कार्यरत एक अधिकारी नाम उल्लेख नगर्ने सर्तमा भन्छन् । आफूभन्दा कनिष्ठ सदस्यसचिवमा आएपछि थापा भने बिदामा बसेका छन् । कोषमा अस्थिर वातावरण कायम रहेमा बाह्य मुलुकले दिएको अनुदान र मान्यता पनि प्रभावित हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

राष्ट्रिय प्रकृति संरक्षण कोषमा नाम परिवर्तन गर्दा नयाँ गति लेला भन्ने आशा व्यक्त गरिएको थियो । त्यो सबै आशा अहिले निरर्थक सावित भएको छ, भागबन्डा, नातावाद र कृपावादको खेलका कारण । कोषको स्थापना एउटा छुट्टै संस्थाको रुपमा भए पनि दरबार चलखेल र अनियमितता भएका कुरा पनि नउठेका भने होइनन् । पञ्चायतकालमा राष्ट्रिय पञ्चायतले छुट्टै ऐन पारित गरेको कोष अहिले वन मन्त्रालयको मातहतमा रहेको छ । तीन साताभित्र दुईजना सदस्यसचिवको राजीनामा प्रकरणलाई 'राजनीतिक चलखेल'को रूपमा हेर्न थालिएको छ ।

२४ वर्षअघि स्थापित उक्त कोषको संरक्षकमा तत्कालीन राजा वीरेन्द्र थिए भने राजा ज्ञानेन्द्र कोषका अध्यक्ष थिए । दरबार हत्याकाण्डपछि ज्ञानेन्द्र राजा भएपछि युवराज पारस अध्यक्ष बनेका थिए । विधानतः कोषका सदस्यसचिवलाई विशेषज्ञको हैसियतमा सबै खालका अधिकार प्रदान गरिएको हुन्छ ।

कोष स्थापना भएपछिको महत्त्वपूर्ण उपलब्धि भनेको वातावरण संरक्षण अभियानमा स्थानीय समुदायको भूमिकालाई महत्त्व दिइएको छ । कोषअन्तर्गत सञ्चालित अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप) र जैविक विविधता संरक्षण केन्द्रमार्फत भएका संरक्षण गतिविधिको सह्राना गरिएको छ । बेलायत, फ्रान्स, जापान, अस्ट्रिया, नेदरल्यान्डलगायत मुलुकमा यो कोषका राष्ट्रिय च्याप्टर छन् । ती च्याप्टरले कोषलाई आर्थिक र नैतिकरुपले समेत सहयोग गरिरहेका छन् । कोषमा संरक्षण क्षेत्रका अग्रणी व्यक्तित्वहरू चन्द्रप्रसाद गुरुङ, मिङ्मा शेर्पा, कर्ण शाक्यलगायतले काम गरिसकेका छन् । राजनीतिक खिचातानीका कारण संरक्षण र अन्तर्राष्ट्रिय जगत्मा मुलुकको छवि नधुमिलियोस् भनी नेतृत्ववर्ग सचेत हुनु जरुरी छ ।

■ छत्र कार्की/काठमाडौं

# मात्रा घट्यो, चरित्र उस्तै

**न्यूनतम मानवअधिकारको उपभोगसहित अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेको अधिकारको अनुभूति अझै अधिकांश जनताले गर्न सकेका छैनन् ।**

■ गोविन्द परियार/काठमाडौं

**सात दल र माओवादीले** शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि एघारवर्षे सशस्त्र द्वन्द्वको क्रम तोडिएको घोषणा भएको छ, तर द्वन्द्वका मूल कारणहरूको पहिचान गरी समाधान नगर्ने हो भने अहिलेको शान्ति क्षणिक मात्रै हुने विज्ञहरूले बताएका छन् । दिगो शान्तिका लागि सामाजिक, आर्थिक रूपान्तरणका साथै सबै जाति र समुदायको सहभागिताको सुनिश्चितता गरी उनीहरूको न्यूनतम मानवअधिकारको प्रत्याभूति गर्न पाउने राज्य संरचना बनाउनु पर्ने धारणा मानवअधिकारवादीहरूको छ । मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेल भन्छन्, 'संरचनागत मानवअधिकार हननलाई अहिले सम्बोधन गरिएको छैन । यो नै विगतको द्वन्द्वको मूल कारण थियो ।'

सरकार र माओवादीबीच भएको शान्ति सम्झौतापछि मानवअधिकार उल्लंघनको मात्रामा कमी आए पनि मानवअधिकार उल्लंघनका अन्य स्वरुपहरू भने कायमै छन् । न्यूनतम मानवअधिकारको उपभोगसहित अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेको अधिकारको अनुभूति अझै अधिकांश जनताले गर्न सकेका छैनन् । सुशील भन्छन्, 'मानवअधिकारको स्थिति सुधारोन्मुख भए पनि सुधार भएको देखिएको छैन ।' मानवअधिकार उल्लंघनको संख्या घटे पनि चरित्र र नियत नफेरिएको मानवअधिकारवादीहरू बताउँछन् ।

सात दल र माओवादीले द्वन्द्वको विधिवत् अन्त्य भएको घोषणा गरे पनि द्वन्द्वका अवधिमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूबाट पन्छिन खोजेको आरोप मानवअधिकारवादीहरूको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अध्यक्ष सुबोध प्याकुरेल भन्छन्, 'अहिले सात दल र माओवादीले मानवअधिकारको औचित्य, प्रक्रिया र कानुनी शासनको बेवास्ता गरेका छन् । यसले भोलि भयावह अवस्था सृजना गर्न सक्छ ।' राज्य र माओवादीले द्वन्द्वका क्रममा निर्दोषको गैरन्यायिक हत्या, अपहरण, बेपत्ता लगायतका गैरकानुनी कार्यको सत्य तथ्य अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने र पीडितलाई क्षतिपूर्ति दिलाउने राज्यको कर्तव्य हो । सात दल र माओवादीबीचको सहमतिले पीडितलाई हर्जाना तिरेर उम्किने नीति लिएको आरोप अधिकारवादीहरूको छ । प्याकुरेल भन्छन्, 'द्वन्द्वमा निहत्थामा ज्यान गुमाएका लगायत त्यसको प्रत्यक्ष मारमा परेकाहरूलााई विमा कम्पनीले जस्तो हर्जाना दिने नीति सरकारले लिएको छ । यो गलत हो । जनतालाई न्याय चाहियो हर्जाना होइन ।' सरकार र माओवादीबीच भएको सम्झौतामा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेर मानवअधिकार र मानवीय कानुनको उल्लंघनको सत्य तथ्य पत्ता लगाउने र मेलमिलाप गर्ने द्विपक्षीय घोषणामा उल्लेख छ । यस्तो प्रावधानले संक्रमणकालीन न्याय नदिनुका साथै दोषी उम्किने र मानवअधिकार उल्लंघनले निरन्तरता पाउने मानवअधिकारवादीहरू बताउँछन् । मानवअधिकारवादी नेता कृष्ण पहाडी भन्छन्, 'गैरन्यायिक हत्याको अन्त्य भए पनि दण्डहीनता भने यथावत् छ, दोषीलाई अहिले कारबाही गर्नु भनेको भोलि मानवअधिकार उल्लंघन नगर्नु हो । त्यसैले यो दिशामा सरकारका काम कारबाहीहरू अगाडि बढ्नु पर्छ ।' उता सत्य निरुपण र मेलमिलाप आयोगको स्वरूप, प्रक्रिया र विषयवस्तुमा कुनै स्पष्टता छैन । सरकार र माओवादीले शान्ति सम्झौतामार्फत मेलमिलाप आयोग गठन गरेर दोषीलाई मेलमिलाप गराउने र क्षमा दिने नीति



तेज बस्नेत

## सबै समुदायको अधिकार सुनिश्चित हुनुपर्छ

**लेना सुन्ध**

प्रमुख, नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको कार्यालय

**अहिले नेपालमा मानवअधिकारको अवस्था कस्तो देखिरहनु भएको छ ?**

मानवअधिकारको अवस्था सुधारोन्मुख भएको छ, तर नेपालको सन्दर्भमा मानवअधिकारको अवस्थालाई बृहत् रुपमा हेरिनु पर्छ । पूर्णरुपमा जनताले आफ्ना अधिकारहरू प्रयोग गर्न भने पाएका छैनन् । बालअधिकार, जातीय विभेद लगायतका समस्यालाई पनि मानवअधिकारसँग जोडेर हेर्नुपर्छ । सबै समुदाय र जातिको अधिकार सुनिश्चित भए मात्र समग्र मानवअधिकारको अवस्था सुधारिएको भन्न मिल्छ । हामीले निरन्तर रुपमा मानवअधिकार उल्लंघनको अनुगमन गर्नेछौं ।

**माओवादी र सरकारबीच शान्ति सम्झौता हुनुअघि र अहिले मानवअधिकारको अवस्थामा के फरक देखिएको छ ?**

मात्रात्मक रुपमा मानवअधिकार उल्लंघनको घटना घटे पनि पूरै नियन्त्रण भएको छैन र माओवादीसहितको अन्तरिम सरकार बनेपछि यसमा अझै सुधार हुनुपर्छ । मानवअधिकारको अवस्थामा सुधार गर्न अन्तरिम सरकारले यसलाई आफ्नो प्राथमिकतामा राख्नु पर्छ । जनताले आफ्नो हक र अधिकारको प्रत्याभूति गर्न पाउनुपर्छ ।

लिएका छन्। यस्तो नीतिले दोषी उम्कने हुँदा दोषीलाई कारबाही गराउने र गल्ती स्वीकार गर्ने नीति सरकारले लिनुपर्छ। अध्यक्ष प्याकुरेल भन्छन्, 'विगतमा भएका मानवअधिकार उल्लंघनका घटनामा सरकार र माओवादी दुवैतर्फको सम्बन्धित नेतृत्व जिम्मेवार हुनु पर्छ।'

दण्डहीनता र कानुनी शासन लोकतान्त्रिक व्यवस्थाको मूल मर्म भएकाले यसको प्रक्रिया अहिलेको सरकारले सुरु गर्नु पर्छ। तर, सरकारका पछिल्ला कार्यशैलीले पुरानै शैली पुनरावृत्ति गरेको देखाएको छ। पहाडी भन्छन्, 'सरकारलाई अझै पनि दण्डहीनताको अन्त्यसहितको विधिको शासन लागू गर्नुपर्छ भन्ने अनुभूति भएको छैन।' तर सबै समस्याबाट मुक्त हुने रामवाणका रुपमा हेरिएको संविधानसभाका निर्वाचनअघि नै दण्डहीनताको अन्त्यसहितको विधिको शासन लागू गर्न प्रक्रियाहरू सुरु गर्नु पर्ने तर्क विज्ञहरूको छ। पहाडी भन्छन्, 'मानवअधिकार उल्लंघन लगायत सामाजिक, सांस्कृतिक सबै समस्याको समाधान गर्न सफल संविधानसभाको निर्वाचन आवश्यक छ।'

गत वर्षसम्म मानवअधिकार उल्लंघनको प्रमुख मुलुकमा पर्ने नेपालको अन्तर्राष्ट्रिय छवि यस वर्ष सुधारिएको छ। अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल र ह्युमनराइट वाचका अनुसार मानवअधिकार हननमा अग्रसूचीमा पर्ने नेपाल यस वर्ष मानवअधिकारको अवस्थामा सुधार भएको र शान्ति प्रक्रियामा प्रवेश गरेको मुलुकले चिनिने भएको छ। बेपत्ता, यातना र गैरन्यायिक हत्यामा नेपाल प्रमुख सूचीमा पर्दै आएको थियो।

उता सरकार र माओवादीबीच सम्पन्न बृहत् शान्ति सम्झौतामार्फत द्वन्द्वको लिखित अन्त्य भएको घोषणा गरिए पनि द्वन्द्वको मूल कारणमा सात दल र माओवादी पन्छिएको गुनासो अधिकारवादीहरूले गरेका छन्। शान्तिका लागि साझा अभियानका अध्यक्ष शुभाष दर्नाल भन्छन्, 'बन्दुकलाई दीर्घकालीन रूममा रोक्न पिछडिएका समुदाय र क्षेत्रका जनताको न्यूनतम अधिकारका लागि राज्य सचेत हुनुपर्छ।' दण्डहीनताको अन्त्य र कानुनी शासन वहाली गर्न मानिसको सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चितता पहिलो सर्त हो। आन्तरिक विस्थापन लगायत विदेशमा काम गर्न गएका ठूलो संख्याका जनता कसरी संविधानसभाको निर्वाचनमा सहभागी हुने भन्नेबारे पनि सरकार अस्पष्ट छ। उनीहरूलाई मत खसाल्ने अवसरबाट वञ्चित गरियो भने जनताको मताधिकारमाथि चुनौती पुग्ने जानकारहरू बताउँछन्। द्वन्द्वको कारण आन्तरिक विस्थापनमा परेकाहरूले अझै घर फर्किने विश्वासिलो वातावरण नभएको बताएका छन्। संयुक्त राष्ट्रसंघीय उच्चायोगको नेपालस्थित कार्यालयले आन्तरिक विस्थापितहरूको लागि छुट्टै आयोग बनाएर समस्या समाधान गर्नुपर्ने बताएको छ।

जनआन्दोलनमार्फत नयाँ सरकार बनेर सरकार माओवादीले युद्धविराम गरेपछि पनि बेपत्ता, अपहरण लगायतका विभन्नि मानवअधिकार उल्लंघनका घटनाहरूमा आयोगमा १ हजार १ सय ५८ उजुरी परेका छन्। विगतमा मानवअधिकार आयोगले मानवअधिकार उल्लंघनका घटनाको स्थलगत अध्ययन गरेर सरकारलाई कारबाही र क्षतिपूर्तिको लागि सिफारिस गरेका करिब सय घटनाको कुनै सुनुवाइ भएको छैन। कालिकोटको कोटवाडामा विमानस्थल बनाउँदै गरेका ३५ जना सर्वसाधारणमाथि सुरक्षाकर्मीले गोली हानी हत्या गरेको भन्दै आयोगले क्षतिपूर्तिसहित दोषीलाई कारबाही गर्न गरेको सिफारिस सरकारले बेवास्ता गरेको छ। आयोगकै कर्मचारी दयाराम परियारमाथि जनकपुरमा अन्धाधुन्द गोली हान्ने प्रहरी निरीक्षक प्रकाशराज शर्मासहितको टोलीलाई फौजदारी अभियोगमा कारबाही चलाउन गरेको ढिलाइप्रति सर्वोच्चले कारण देखाउ आदेश गर्दा समेत अझै दोषीलाई कारबाही गरिएको छैन। मानवअधिकार क्षेत्रमा पहिलो सहिद मानिएका परियारको परिवारलाई क्षतिपूर्तिसहित दोषी प्रहरी निरीक्षक शर्मालाई कारबाही गर्न आयोगले सिफारिस गरेको थियो।

लोकतान्त्रिक सरकारको वहालीपछि पनि यस्ता घटनामा सरकारले उदासीनता देखाउँदा दण्डहीनताको अवस्था कायमै रहेको पुष्टि हुन्छ। आयोगको सिफारिस कार्यान्वयन गर्नु सरकारको दायित्व भए पनि विगतमा सरकारले सिफारिस कार्यान्वयनमा चासो दिएको थिएन, जसका कारण आफन्त गुमाएका परिवारहरूले आर्थिक क्षतिपूर्तिको झिनो सहयोग पनि राज्यबाट पाउन सकेनन्। आयोगका निमित्त सचिव ध्रुव नेपाल भन्छन्, 'आयोगले सिफारिस गरेका अधिकांश घटनामा सरकारले दोषीलाई कारबाही त गरेन गरेन, न्यूनतम क्षतिपूर्ति समेत दिएन।' उता मानवअधिकार आयोगमा पदाधिकारी रिक्त रहेका कारण आयोगमा परेका मानवअधिकार उल्लंघनका उजुरीहरूमाथि निर्णय हुन सकेको छैन। ■

सरकार के गर्नको लागि आएको हो र के गर्नु पर्छ भन्ने बिर्सनु हुँदैन।

**एघारवर्षे सशस्त्र द्वन्द्व अन्त्य हुने प्रक्रियामा छ, तर जातीय, क्षेत्रीय, लैंगिक समस्याहरू यथावत् छन्। यो अवस्थामा उनीहरूको न्यूनतम मानवअधिकारलाई कसरी सुनिश्चित गराउन सकिन्छ ?**

हामीले पिछडिएका समुदाय, क्षेत्र र महिलाहरूको अधिकारका मुद्दामा वकालत र अनुगमन गर्ने हो, त्यो निरन्तर गरिरहन्छौं। सामाजिक विभेद, समानता र आर्थिक अधिकारको सुनिश्चितता गर्न सरकारकारलाई सल्लाह र सुझाव दिँदै आएका छौं र दिनेछौं। मेरो छोटो नेपाल बसाईंका क्रममा मेरो अध्ययनले विगतको द्वन्द्वको मूल जरो विभेदकारी राज्य संयन्त्र हो भन्ने पाएको छु। तसर्थ यी मुद्दामा सरकार र दलहरूको विशेष चासो हुनुपर्छ। दीर्घकालीन शान्तिको लागि सीमान्तकृत समुदाय र क्षेत्रका नागरिक अधिकारको निश्चितता गरिनुपर्छ।

**द्वन्द्वका अवधिमा विनाकारण हत्या गरिएका, बेपत्ता पारिएका लगायतका जनताको कस्तो संक्रमणकालीन न्यायको व्यवस्था गर्नु पर्छ ?**

यसको लागि धेरै बाटाहरू छन्, तर सरकारले सत्य तथा मेलमिलाप आयोग गठन गरेर उनीहरूका बारेमा सत्य तथ्य पत्ता लगाउने भनेको छ। यो पनि एउटा न्यायको बाटो हुन सक्छ, तर त्यो आयोग शक्तिशाली र निष्पक्ष हुनु पर्छ। अन्यथा यसले पनि समस्या समाधान गर्न सक्दैन। दीर्घकालीन शान्तिको लागि दण्डहीनता अन्त्य गर्न यो आयोग शक्तिशाली बनाउनु पर्छ।

**तपाईंको कार्यालयले भैरवनाथ गणमा बेपत्ता परिएका ४९ जनालाई हत्या गरेको सार्वजनिक गरेको थियो। त्यसका दोषीलाई कारबाही हुने प्रक्रिया के भएको छ ?**

भैरवनाथ गणको हत्या काण्डसम्बन्धी प्रतिवेदन हामीले सार्वजनिक गरेका हौं। त्यसमा हामी स्पष्ट छौं। यसबारे रक्षा मन्त्रालयका सचिव र सेनाले विश्वसनीयताको अभाव भएको भनी पत्रपत्रिकामा टिप्पणी गरेका छन्, तर हामी आफ्नो रिपोर्टमा पूर्ण विश्वस्त छौं। सरकारको सम्बन्धित निकायले हामीलाई अझसम्म कुनै वैधानिक प्रतिक्रिया दिएको छैन।

**यसबारे तपाईंहरूको भावी नीति के छ ?**

भैरवनाथ गणको रिपोट लगायत बेपत्ताहरूको अवस्थाको वास्तविक तथ्य पत्ता लगाउन स्वतन्त्र आयोग गठन गर्नु पर्छ। बेपत्ताहरूको अवस्था सार्वजनिक गरेर कोही दोषी देखिएमा दण्डित गरिनु पर्छ।

**संविधानसभाको निर्वाचनलाई निष्पक्ष र सहभागितामूलक बनाउन तपाईंको कार्यालयको सुझाव के छ ?**

संविधानसभाको निर्वाचनले राज्यको संविधान बनाउने भएकोले बढी सहभागितमूलक हुनुपर्छ। सबै समुदाय र जातिहरू सहभागी हुने वातावरण तयार हुनपर्छ। विनात्रास जनताले मत खसाल्ने वातावरण राज्यले तयार गरेर निष्पक्ष र स्वतन्त्र निर्वाचन गर्नु पर्छ। यसको अनुगमन हामी पनि गर्नेछौं। सीमान्तकृत समुदायलाई बढीभन्दा बढी सहभागी गराउने नीति हुनुपर्छ।

**नेपालमा दीर्घकालीन शान्ति आउँछ भन्नेमा कति आशावादी हुनुहुन्छ ?**

म आशावादी छु। नेपालीहरूको लागि अहिलेको संविधानसभाको निर्वाचन भनेको राज्य संयन्त्रलाई परिवर्तन गरेर आर्थिक, सामाजिक रुपान्तरण गर्ने ठूलो अवसर हो, तर यसो गर्न सबै जनता परिवर्तनका लागि तयार हुनुपर्छ। यसले नै नेपाललाई स्थायी शान्तिको दिशामा लैजान्छ। ■

**शान्ति सेनामा खटिएका** सिपाहीको गाँस काटेर संचालित सैनिक कल्याणकारी कोषको पारदर्शिता कायम गरी त्यसमा भएको दुरुपयोगबारे खोजी गर्न सर्वोच्च अदालतको पछिल्लो फैसला सहायक भएको छ। लोकतन्त्र स्थापनापश्चात् भएको सैनिक ऐन संशोधनले आगामी दिनमा कल्याणकारी कोषको स्वच्छ व्यवस्थापनका लागि विभिन्न व्यवस्था गरेर आशा जगाएकोमा सर्वोच्चको कात्तिक १९ गतेको फैसलाले विगतको छानबिन गर्ने बाटो समेत खोलिदिएको छ।

न्यायाधीशद्वय मीनबहादुर रायमाझी र दामोदरप्रसाद शर्माको संयुक्त इजलासको फैसला कार्यान्वयन हुनेबित्तिकै शान्ति सेनामा खटिएबापत विभिन्न तहका सैनिकले पाउने पारिश्रमिक, उसको हात पार्ने वास्तविक रकम र कल्याणकारी कोष दाखिलाको विवरण सार्वजनिक हुनेछ। यसले सदुपयोग भएको वा अन्य प्रयोजनमा हिनामिना भएकोबारे खुलासा गर्ने निश्चित छ।

लोकतन्त्र स्थापना र कोष पारदर्शिताबारे ऐनले यथेष्ट व्यवस्था गरिसकेको पृष्ठभूमिमा विगत ३३ वर्षमा संयुक्त राष्ट्रसंघबाट प्राप्त तलब रकमको समेत लेखाजोखा गर्न पाउने गरी अदालतले फैसला गरिदिएको छ। सेनाका पूर्व अमल्दार अमरबहादुर थापाले ५ वर्षअघि दायर गरेको रिट निवेदनमाथि बाह्रपटकको सुनुवाइसहित २७ पटकको लिङरिङपछि अदालतले फैसला दिएको छ।

कोषको संरक्षक राजाकै अन्तिम निर्णयमा रकम जम्मा तथा खर्च हुने परिपाटी भएकाले अदालतले लोकतन्त्र वहाली हुनुअघि फैसलाको लागि वातावरण अनुपयुक्त ठानेर ढिलाइ गरेको टिप्पणी कानुनव्यवसायीहरूले गरेका छन्। 'लोकतन्त्र नआउँदासम्म यसमा राम्ररी सुनुवाइभन्दा पनि पन्छाउने प्रवृत्ति देखिएको थियो', थापाका तर्फबाट कानुनव्यवसायी अधिवक्ता रणबहादुर थेवेले भने, 'वैशाखदेखि यो मुद्दा प्राथमिकताका साथ अघि बढ्यो।'


व्यक्तिको पारिश्रमिक कटाएर स्थापित कोषको महालेखापरीक्षकबाट लेखापरीक्षण गराई रकम सार्वजनिक गर्न सर्वोच्चले रक्षा मन्त्रालय र सैनिक जंगीअड्डाका नाममा परमादेश जारी गरेको छ। तीन दशकदेखि शान्ति सेनामा खटिएका हजारौं सिपाही र केही अधिकृतको पारिश्रमिक कट्टा गरी बनेको कोष सेनाको उपल्लो दर्जा र दरवारको मनोमानीमा संचालन हुने गरेकोमा अहिले विराम लागेको छ।

२०३० सालदेखि नेपाल शान्ति सेनामा सामेल हुन थालेदेखि कट्टा गर्न थालिएको रकम कति छ र त्यो कहाँ कसरी खर्च हुन्छ भन्नेमा अधिकांश सैनिक अधिकृतहरू समेत अनभिज्ञ छन्। राष्ट्रसंघले दिने पारिश्रमिकमा एकरुपता हुने तर यहाँ दर्जाअनुसार घटीबढी पाउने गरेको तथ्यले नै कोषमा साना दर्जाको अधिकांश योगदान रहेको पुष्टि हुन्छ। संचालन विधि 'प्रतिगामी शैली'को भएकाले योगदानको ठिक विपरीत कोषबाट लाभान्वित हुनेमा क्रमशः उपल्लो दर्जाका सैनिक अधिकृतहरू अधिक छन्।

रक्षा मन्त्रालयका अनुसार २०६२ चैत मसान्तसम्म ५२ हजार २ सय ५३ जाना शान्ति सेनामा सामेल भइसकेका छन्। तीमध्ये अधिकृत कर्मचारीको संख्या ५ प्रतिशतभन्दा कम छ। शान्ति सेनामा सहभागीलाई राष्ट्रसंघले कति पारिश्रमिक दिन्छ र उनीहरूले वास्तवमा कति हात पार्छन् भन्ने विवरण अझैसम्म खुल्न सकेको छैन।

# सिपाहीलाई न्याय !

**तीन दशकदेखि शान्ति सेनामा खटिएका हजारौ सिपाही र केही अधिकृतको पारिश्रमिक कट्टा गरी बनेको कोष सेनाको उपल्लो दर्जा र दरवारको मनोमानीमा संचालन हुने गरेकोमा अहिले विराम लागेको छ।**



शान्तिसेनाका रूपमा कार्यरत सिपाहीहरू



तस्वीरहरू : समय

**कल्याणकारी कोष पारदर्शी हुनुपर्ने माग गर्दै प्रदर्शनमा उत्रिएकामाथि सरकारले लाठीसमेत बर्सायो**

त्यसैगरी उनीहरूलाई दिइएको पारिश्रमिकमध्ये विभिन्न समयमा भिन्नभिन्न रकम कट्टी गरिएकाले कोषमा कति रकम जम्मा छ भन्ने सर्वमान्य तथ्यांकसमेत छैन ।

प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा सेनाले गत भदौ २९ गते पेस गरेको विवरणअनुसार कोषमा १० अर्ब २९ करोड ७२ लाख रुपैयाँ जम्मा छ, तर सैनिकहरू यसलाई मान्न तयार छैनन् । कोषमा ५० अर्ब रुपैयाँभन्दा बढी रकम हुनुपर्ने अन्यथा क-कसको मिलोमतोमा हिनामिना भयो, त्यसको खोजी हुनुपर्ने माग अमरबहादुरले वर्षौंदेखि गर्दै आइरहेका छन् ।

कल्याणकारी निर्देशनालयका सहायक रथी कुमार केसीले लेख रचनामार्फत सार्वजनिक गरेको विवरणमा शान्ति सेनामा जानेहरूको प्रतिमहिना जम्मा तलब २०३० सालमा ५ सय, २०३४ मा ६ सय ८०, २०३६ मा ९ सय ५०, २०५६ मा ९ सय ८० र २०५८ यता १०२८ डलर छ । त्यसमध्ये केही प्रतिशत कल्याणकारी कोषमा काट्ने गरिएको उनको दाबी छ । तर, २०३० सालमा १ सय १० डलर, २०३४ पछि १२० र २०३६ पछि धेरै अवधि ३ सय डलर मात्र हात पारेको भन्दै सिपाहीहरूले परिषद्सँग न्यायको लागि हारगुहार गर्नुले दुरुपयोगको आँकलन गर्न सकिन्छ ।

सेनाको भनाइलाई आधिकारिक मान्ने हो भने पनि अहिले अधिकृत तहको प्रतिव्यक्ति १ सय ७८ डलर र अन्य दर्जाको २५३ रुपैयाँ कल्याणकारी कोषका नाममा कट्टी हुने गरेको छ । कोषकट्टीपश्चात् अधिकृतले मासिक ८ सय ५० डलर र अन्य दर्जाले ७ सय ७५ डलर हात पार्ने गरेका छन् ।

तर राष्ट्रसंघको वेभसाइटमा शान्ति सेनामा सरिक हुनेले अहिले मासिक १२ सय ८ डलर तलब पाउने उल्लेख छ (हेर्नुहोस् बक्स) । १ सय ८० डलरको हिसाब लुकाइएको यो दृष्टान्तले कोषकट्टी हुनुअघि नै लाखौं डलर गायव हुने देखाएको छ ।

सिपाहीले परदेशी भूमिमा ज्यानको बाजी लगाएर कमाएको पैसाको कति रकम कल्याणकारी कोष र अन्य अमुक प्रयोजनका लागि दुरुपयोग भइरहेको छ भन्ने यस्ता प्रमाण बोकेका व्यक्तिहरू सेनाको डरका कारण अझै सार्वजनिक हुन नसकेको बताउँछन् ।

पारिश्रमिक कट्टीको कुनै निश्चित नियम छैन । तैपनि सुरुको वर्षदेखि अहिलेसम्मको प्रवृत्ति हेर्ने हो भने कट्टी हुने प्रतिशत र अधिकृत र तल्ला दर्जाबीचको भेदभाव घट्दो छ । सबै तहका लागि समान पारिश्रमिक दिने भए पनि सेनाले भुक्तानी दिँदा अधिकृत तहकालाई बढी र निम्न तहकालाई

## शान्ति सेनाको वास्तविक पारिश्रमिक प्रति महिना (डलरमा)

**सेना पठाउने मुलुक मार्फत दिइने**

| | |
|---|---|
| पारिश्रमिक | १०२८ |
| लत्ता कपडा र अन्य भत्ता | ६८ |
| व्यक्तिगत हातहतियार हेरचाह | ५ |
| विशेष भत्ता | १०६ |
| **जम्मा** | १२०८ |

*(स्रोतः यूएन डट ओआरजी)*

कम मात्र दिने होइन, कुनै वर्ष सैनिक अधिकृतहरूले राष्ट्रसंघले दिने कुल तलबभत्ताभन्दा बढी बुझेको प्रमाण समेत फेला परेका छन्।

सैनिक मुख्यालय स्रोतका अनुसार राष्ट्रसंघले दिने कुल तलब ९ सय ५० मात्र भएको बेला श्रीनाथ गण सातौं डफ्फाका प्रमुख शिवराम प्रधानसहित सोह्रजना अधिकृतहरूले एक हजार डलर तलब बुझेका थिए। सोही डफ्फाका ३ सय ५० जना सिपाही लगायतका तल्ला दर्जाकालाई कल्याणकारी कोषमा कट्टी गरेको भनी जम्मा ३ सय डलर मात्र थमाइएको थियो।

कल्याणकारी कोषको औचित्य, पारदर्शिता र वैधानिकताबारे तल्ला दर्जाका सेनाले वर्षौंदेखि प्रश्न उठाइरहेको भए पनि माथिल्ला हाकिमको डरले उनीहरू प्रकट भने हुन सकेका छैनन्। मनोमानी ढंगले संचालन भइरहेको कोष हाकिमको कामधेनु गाई भइदिँदा समेत टुलुटुलु हेर्न बाध्य सिपाहीहरूको पक्षमा अदालतको फैसलाले खुसी संचार गराएको छ। भलै उनीहरूले सोचेजस्तै न्याय पाउन अझ लामो कानुनी लडाइँ लड्नुपर्ने हुन्छ।

विगतमा राजाको उपचार वा अफिसर्स क्लब वा सैनिक अधिकृत श्रीमती संघका लागि सिपाहीको पारिश्रमिकबाट करोडौं खर्चने म्यान्डेट कोषका स्वघोषित संचालकहरूलाई कसले दियो ? कल्याणकारी कोषको रकमको चरम दुरुपयोगको ज्वलन्त उदाहरण प्रधानसेनापतिकी श्रीमती अध्यक्ष हुने सैनिक अधिकृत श्रीमती संघ हो। संघलाई विगत पाँच वर्षमा मात्र प्रत्येक वर्ष एक करोडका दरले संघलाई ५ करोड दिइसकेको छ।

रगत, पसिना बगाउने सिपाहीको स्वीकृति नलिई हाकिमहरूका लागि स्विमिङ पुल वा टेनिस कोर्ट बनाउन पाइन्छ कि पाइँदैन ? कोषबाट संचालन भएका भनिएका छात्रवृत्ति, जग्गा सुविधा, ऋण लगानी, आवास सुविधा, बिमा, स्वास्थ्योपचार जस्ता कार्यक्रमका अधिकांश फाइदा सैनिक अधिकृतहरूले लिएका छन्।

राष्ट्रसंघले दिने पारिश्रमिक र कल्याणकारी कोषबारे उठेका यावत् आशंका र आरोप निवारण गर्ने अवसर अदालतको फैसलाले सैनिक र सरकारको नेतृत्वलाई जुराइदिएको छ। निदाएको स्वाङ गरिरहँदा भूतपूर्वमा देखिएको विद्रोह वहालवाला सैनिकमा सल्किएमा त्यसप्रति राजनीतिक र सैनिक नेतृत्व नै जिम्मेवार हुनुपर्नेछ। ■



## साच्चिकै लडाइँ अब सुरु भयोः नायक अमरबहादुर

**शान्ति सेनामा** सम्मिलित करिब पचास हजार सिपाहीहरूको पक्षमा सर्वोच्चबाट यो फैसला गराउने एक्ला नायक हुन्, भूतपूर्व सैनिक परिषद्का अध्यक्ष अमरबहादुर थापा। एउटा सामान्य सिपाहीले राजा संरक्षक रहेको कोषको पारदर्शिता र हिसाब किताबको माग गर्दै २०५८ असार १८ गते सर्वोच्च अदालतमा रिट हाल्दा धेरैले जिब्रो टोकेका थिए। त्यति बेला केहीले गिज्याए पनि अमरबहादुरलाई।

६५ महिना लामो कानुनी लडाइँमा अमरबहादुर सतिसालझैं उभिएको परिणामस्वरूप फैसला आएको मान्ने धेरै छन्। सत्यको पक्षमा युद्ध उद्घोष गरेका अमरबहादुरको युद्धभूमिमा अधिवक्ता रणबहादुर थेवे कुशल सारथी बनेका थिए। उनको होस्टेमा अन्य पीडित सिपाहीहरूको हैंसेको पनि उल्लेखनीय योगदान छ।

विदेशीभूमिमा रगत पसिना चुहाएका सिपाहीको श्रमको मूल्य फिर्ता गराएरै छाड्ने अमरको अठोटमा सर्वोच्चको फैसलाले थप हौसला मिलेको छ। 'मुद्दा जितेपछि साँच्चिकै लडाइँ त अब सुरु भएको छ', उनले *समय*सँग भने, 'अब राष्ट्रसंघले सिपाहीको नाममा दिएको पैसा र हाम्रो हात परेको रकमको एक-एक पैसाको हिसाब किताब खोज्नुपर्छ।'

कल्याणकारी कोषमा कट्टी गरिएको र हिसाब किताब गोलमाल गरेर दम्पच गरिएको रकमको क्षतिपूर्ति माग्ने योजना अमरबहादुरले बनाएका छन्। 'फैसला पाएपछि क्षतिपूर्तिको माग गर्दै अर्को मुद्दा हाल्छु', उनले भने। जागिरे छँदा शान्ति सेनामा सरिक हुने अवसर नपाएका यो मुद्दामा उनलाई केही पनि व्यक्तिगत फाइदा हुँदैन।

सरकार र सेनासँग साढे ५ वर्ष लामो लडाइँका क्रममा यो अभियानलाई तुहाउन अमरबहादुरलाई विभिन्न प्रलोभन र धम्की आए, तर उनी डगेनन्।

'रिट हाल्नेबित्तिकै फिर्ता लिनु, तिमिलाई राम्रो गर्दिन्छौं भन्ने प्रस्ताव आएको थियो', पाँच वर्षअघिको घटना सम्झँदै उनी भन्छन्, 'अमरेलाई पैसाले किन्ने सपना पनि नदेख र धम्काउने कोसिस पनि नगर भन्दिएपछि फेरि कसैले आँट गरेको छैन।'

अमरबहादुर सहितका पूर्व सैनिकहरूले दायर गरेको शान्ति सेनाको पारिश्रमिक र कोषसँग सम्बन्धित दुई मुद्दा सर्वोच्चमा विचाराधीन छन्। तीमध्ये अवहेलनासम्बन्धी मुद्दाको सुनुवाइ पुस ६ गते हुँदै छ। शान्ति सेनामा ६ महिनाभन्दा बढी कार्यरत सैनिकहरूले १ हजार डलर पुरस्कार पाउनेमा त्यसमा पनि तल्ला दर्जाका सिपाहीहरू ठगिएको दाबीसहित दायर रिटको पेसी फागुन २९ गते परेको छ। उनको पछिल्लो २० वर्षभन्दा लामो अवधि तल्ला दर्जाका सैनिकहरूको हक अधिकार माग्ने लडाइँमा नै बितेको छ।

जागिर छोडेको केही वर्षपछि २०४२ सालदेखि सेनाका तल्ला दर्जाका कर्मचारीको अधिकारका लागि अमरबहादुर लडिरहेका छन्। उनको एक्लो अभियानमा अहिले १० हजारभन्दा बढी सदस्य छन्। सुरुको दस वर्ष एक्लै कराउँदै हिँडेका अमरबहादुर समान दसैं पेस्की, सुरक्षा गार्ड, विधवालाई पूरा पेन्सन, अपांगलाई पूरा तलब जस्ता मुद्दामा कुदे।

२०५१ सालदेखि संगठित रुपमा नै उनले अभियानलाई अघि बढाए। शान्ति सेनाबाट फर्कँदा कट्टी हुने रकम फिर्ता गर्नुपर्ने, निजामतीसरह औषधोपचारको पैसा पाउनुपर्ने, घरायसी कामदार बनाएर राखिएकालाई फिर्ता गर्नुपर्ने, श्रम शोषण गर्न नपाइने जस्ता माग तेर्स्याएर आन्दोलनका क्रममा पटक-पटक गरी ५५ दिन आमरण अनशन बसेका छन्।

पहिलोपटक २०५३ माघमा १३ दिन आमरण अनशन बसेका अमरबहादुर आफ्नो मागमा आश्वासनअनुसार सुनुवाइ नभएपछि २०५६ मा फेरि २३ दिन भोकै बसेका थिए। यसैबीचमा सेनालाई घरायसी कामदार नबनाऊ भन्दै उनीहरूले पूर्व प्रधानसेनापति धर्मपालवरसिंह थापा, सैनिक सचिव ऋषिकुमार पाण्डे सहित केही जर्नेलहरूको घर घेराउ गरे। हटाउने वचन दिए पनि हाकिमको घरमा कामदारको अवस्था उस्तै छ। लोकतन्त्र अंगीकार गरेको सन्देश दिने रणनीतिले प्रधानसेनापति रुक्मांगत कटवालले मानवअधिकारसम्बन्धी विभिन्न सुधारका कार्यक्रमको घोषणा गरे पनि त्यो प्रभावकारी कार्यान्वयनमा उत्रन नसकेकोमा उनलाई चित्त बुझेको छैन। फेरि एकपटक कामदार सिपाहीको मुक्तिमा लाग्ने अमरबहादुरको योजना छ।

# नारा कि साँच्चिकै प्रतिबद्धता !

■ किरण भण्डारी/काठमाडौं
(तस्बिरहरूः तेज बस्नेत)

**आठ दलका शीर्षस्थ नेताहरूबीच** कात्तिक २२ गते सम्पन्न सहमति कार्यान्वयन भएको भए माओवादीसहितको अन्तरिम सरकार दुई साता पुरानो भइसक्थ्यो । साढे ४ वर्षदेखि प्रतिनिधिविहीन बनेको गाविसमा सर्वदलीय संयन्त्र निर्माण भई संविधानसभाको माहोल देशभरि सृजना भइसकेको हुन्थ्यो ।

तर मंसिर १५ गतेभित्र अन्तरिम सरकार गठन गरिसक्ने गरी महिना दिनअघि भएको सहमतिले तय गरेको कार्यतालिका पालना नभएकाले संविधानसभाको निर्वाचन जेठभित्र सम्भव छैन भने दाबीलाई झनै बलियो बनाइदिएको छ ।

अन्तरिम सरकार गठनअघिका हतियार व्यवस्थापन, अन्तरिम संविधान, संसद् र अन्तरिम सरकार गठन जस्ता राजनीतिक सहमति मंसिरभित्र गरी पुस प्रारम्भदेखि पूर्वतयारीका औपचारिक चरणहरूमा प्रवेश गर्न सकेमात्र जेठभित्रै निर्वाचन गर्न सकिने आयोगले जनाएको छ ।

समयमै अन्तरिम संसद् गठन गरी निर्वाचन सम्पन्न गर्न आवश्यक आधा दर्जन ऐन नियम पुस पहिलो साताभित्र जारी नभएमा संविधानसभाको निर्वाचन झन्डै एक वर्षका लागि धकेल्नुपर्ने अवस्था सृजना हुन सक्ने खतराप्रति आयोगका पदाधिकारीहरूले दलका प्रभावशाली नेताहरूलाई अनौपचारिक जानकारी गराइसकेको स्रोतले बताएको छ ।

मतदाता नामावली संकलन संविधानसभामा पुग्ने गन्तव्यको 'जिरो किलोमिटर' भएकाले ऐन कानुनको अभावमा त्यो चरणमा प्रवेश गर्न नसकी विलम्ब हुँदै गएको जनाइएको छ । प्रमुख आयुक्त भोजराज पोखरेलले जेठभित्रै निर्वाचन गराउने प्रतिबद्धता दोहोऱ्याए पनि त्यसका लागि न्यूनतम ५ महिनाको समय आवश्यक भएको *समय*सित बताएका छन् ।

'मतदाता नामावली संकलनमा न्यूनतम ३ महिना, दल दर्ता, चिन्ह, वितरण, उम्मेदवारी दर्ता, प्रचार प्रसार लगायतका प्रक्रियामा न्यूनतम २ महिना गरी ५ महिनाको अवधिमा निर्वाचन गराउन सम्भव छ', पोखरेल भन्छन्, 'विगतमा निर्वाचन तयारीमा लाग्ने समयसँग तुलना गर्दा यो निकै छोटो हो ।'

## जेठमै निर्वाचन गरी चमत्कार देखाउन सकियोस्

■ प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल



**यथाशक्य संविधानसभाको निर्वाचन सम्पन्न गर्न सकियोस् भनी यहाँहरूको नियुक्ति हतार हतार भएको थियो । त्यही गतिमा आयोग अघि बढेको छ त ?**

निर्वाचन कानुनसम्मत गर्नुपर्ने हुन्छ । अन्तरिम संविधान नै संविधानसभाको प्रस्थान विन्दु हो । संविधानसभाले ढोका खोलिसकेपछि आयोगको क्षेत्राधिकार तोकेर संसद्ले कानुन निर्माण गरिदिनुपर्छ । त्यसलाई आधार तय गर्ने विभिन्न राजनीतिक सहमति भइसकेका छन् । मिश्रित प्रणालीको निर्वाचन गर्ने भनिएको छ, ती कुरा कानुनमा उल्लेख हुनु पऱ्यो । समानुपातिक प्राणालीभित्रका उपप्रणालीहरूको किटान हुनुपर्छ । यसमा हाम्रोभन्दा विधायिकाको भूमिका नै प्रमुख हुन्छ ।

**आयोग र राजनीतिक दलहरूले जेठमा निर्वाचन हुन्छ भनिरहे पनि यसमा धेरै आशंका छ, तर भोलि सम्पन्न हुन सकेन भने नराम्रो सन्देश जाँदैन र ?**

निर्वाचन गर्न कति समय लाग्छ, सोहीअनुसार रणनीति तय गर्नुपर्छ, तर निर्वाचन सम्पन्न गर्न कानुनी प्रक्रिया नै अनुसरण गर्नुपर्छ । भावनात्मक रुपमा मात्र निर्वाचन हुन सक्दैन । हामी त्यसका लागि आफ्नो जिम्मामा परेको काम गर्न तत्पर छौं ।

**संविधानसभाको निर्वाचन राजनीतिक रुपले नयाँ भए पनि प्रवाविधिक पक्ष**

# एकदुई महिनामा धेरै कुरा भ्याइन्छ

■ रामचन्द्र पौडेल, केन्द्रीय सदस्य नेपाली कांग्रेस



**सरकार-माओवादी सहमतिले तय गरेको समयतालिका मिच्दै जुन विलम्ब भइरहेको छ । त्यसले जेठभित्र संविधानसभाको निर्वाचन सम्भव छैन भन्ने देखाउँछ भनिन्छ नि ?**

निर्वाचन गराउने प्रक्रियामा धेरैजसो काम निर्वाचन आयोगले गर्नुपर्ने हुन्छ । बढी समय खर्चिनुपर्ने मुख्य काम मतदाता नामावली संकलन हो । हतियार व्यवस्थापनको काम सकेर निर्वाचनको तयारीमा लाग्न पाइयो भने १-२ महिनामा धेरै कुरा भ्याइन्छ ।

**नागरिकता वितरणलाई पनि संविधानसभाको सर्त बनाउने सहमतिले थप विलम्ब गराउँदैन ?**

सरकारले टोली खटाएर देशव्यापी रुपमा काम थाल्न सके नागरिकता वितरण धेरै जटिल विषय होइन ।

**विगतका निर्वाचनमा आवश्यक पर्दा निर्बाध सुरक्षा प्रत्याभूति गरेको सेनाविना हुन लागेको संविधानसभाको निर्वाचनमा भयरहित वातावरण सृजना गर्न कठिन हुँदैन ?**

-सशस्त्र र जनपद प्रहरीले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउँछन् ।

**विगतका निर्वाचनसँग मिल्छ । यसको तयारीलाई न्यूनतम कति समय लाग्छ ?**

राष्ट्रिय आवश्यकता अनुसार अवधिलाई संकुचन पनि गर्नुपर्छ । विगतमा त मतदाता नामावली संकलन गर्दा फिल्डमा मात्र चार महिना लाग्ने गर्थ्यो । मतदाता नामावलीको केन्द्र र फिल्डको प्रक्रियालाई कम्तीमा तीन महिना चाहिन्छ । त्यसैगरी मतपत्र तयारी र अन्य कामका लागि न्यूनतम दुई महिना लाग्छ । युद्धस्तरमा काम गर्ने हो भने मात्र पाँच महिनामा चुनाव गराउन सकिन्छ ।

**त्यसो भए पुस महिनाको पहिलो सातासभित्र अन्तरिम संविधान जारी भएन भने जेठमा निर्वाचन हुँदैन ?**

हामी त्यो अवस्था नआओस् भन्ने चाहन्छौं । यो अवस्थालाई नेतृत्वमा रहेका सबैले बुझेका पनि छन् ।

**नागरिकताको विषय संविधानसभासँग गासिएमा विलम्ब हुन्छ भन्ने धारणा पनि आइरहेको छ नि ?**

यसमा आयोग स्पष्ट छ । निर्वाचन प्रक्रियाको लागि १८ वर्षको उमेर हो । निर्वाचनका लागि जुन मतदाता नामावली बन्छ, त्यो निश्चित अवधिमा हामीले बन्द गर्नुपर्छ । त्यसैले हाम्रो मान्यता के हो भने निर्वाचनको लागि बनाउने मतदाता नामावलीमा नागरिकताको विषयले अवरोध नपुऱ्याओस् ।

**मिश्रित पद्धतिअन्तर्गत समानुपातिक प्रणाली अवलम्बन गर्ने निधो भइसकेको छ । निर्वाचनसम्वन्धी ऐन कानुन बनाउँदा आयोगसँगको परामर्शमा गर्ने भनिएअनुसार कस्तो तयारी भएको छ ?**

आयोग जानकारी लिने प्रयासमा लागिरहेको छ । नयाँ विषय भएकाले अन्तर्राष्ट्रिय सहयोगका लागि पनि विज्ञहरू बोलाएका छौं । समानुपातिकको व्याख्या गर्दा समावेशीको ग्यारेन्टीमा ध्यान दिनुपर्छ । उम्मेदवारको सूची तयार गर्ने आधार र त्यसको अनुगमन कसले गर्ने भन्ने विषयमा पनि हामी लागिरहेका छौं । मतपत्रमा कतिवटा छाप लगाउने, समानुपातिकका अधिराज्यभरिलाई एउटै मान्ने कि खण्डीकृत गर्ने भन्नेमा पनि छलफल भइरहेको छ ।

**यति धेरै जटिलताहरू छन् । एकदुई सातामा अन्तरिम विधान, संसद्, सरकार गठन भई निर्वाचनसम्बन्धी विधेयक पास हुने र आयोग औपचारिक प्रक्रियामा प्रवेश गर्ने सम्भावना कति छ ?**

संसद्ले कस्तो प्रक्रिया अपनाउँछ, यो महत्त्वपूर्ण विषय हो । आयोगको अहिलेको प्राथमिकता भनेको आयोगको क्षेत्राधिकार र मतदाता नामावलीसम्बन्धी ऐन, जसको मस्यौदा तर्जुमामा हामी जुटेका छौं । सरकारले माग्नासाथ दिन सक्ने गरी काम गरिरहेका छौं । मस्यौदापछिका अन्य प्रक्रिया सरकार र संसद्को तदारुकतामा भर पर्छ । राष्ट्रको चासोको विषय भएकाले अन्तरिम संविधानले यस्ता विषयमा 'फास्ट ट्र्याक'बाट काम गर्ला भन्ने हामीले लिएका छौं ।

**सेना परिचालन नगर्ने सहमति भइसकेकाले निर्वाचनमा सुरक्षा प्रदान गर्न कत्तिको गाह्रो छ ?**

निर्वाचनमा सुरक्षाको वातावरण सर्वाधिक महत्त्वपूर्ण पक्ष हो । मतदानको दिन मात्र होइन, मतदाता नामावली संकलनदेखि नै सुरक्षाको आवश्यकता हुन्छ । सशस्त्र र जनपद प्रहरीको आकार र उनीहरूको नियमित कार्यभारलाई हेर्दा सुरक्षाको बन्दोबस्त मिलाउन सहज हुने अवस्था देखिँदैन । निर्वाचनका प्रमुख सरोकारवाला दलहरूको उच्च तहमा विद्यमान राजनीतिक प्रतिबद्धता र सौहार्दता तल्लो तहसम्म पुऱ्याउन सकेमा त्यो नै सबैभन्दा दह्रो सुरक्षा कवच हुन सक्छ । स्थानीय तहमा सर्वदलीय संयन्त्र निर्माण भएमा झनै सौहार्दपूर्ण वातावरण बन्छ । प्रहरी वा अन्य सुरक्षाबलले तल्लो तहसम्म राष्ट्रको उपस्थिति देखाउने मात्र हो ।

**यस्तो परिस्थितिमा जेठभित्रै निर्वाचन सम्पन्न भएमा चमत्कार नै भयो भन्न सकिन्छ ?**

शान्ति प्रक्रियाका क्रममा राजनीतिक नेतृत्वले दुनियाँलाई चमत्कार नै गरेर देखाइदिएको छ । विगतका कयौं राजनीतिक समस्या चामत्कारिक रुपमा समाधान भइरहेका छन् । अनेकन् चुनौतीहरू छिचोल्दै सयमै निर्वाचन सम्पन्न गरेर राष्ट्रले अर्को उदाहरण देखाउन सकोस् ।

**विगतको अनुभवले लाखौं मत बदर भएको देखाउँछ । नयाँ निर्वाचन प्रणाली अवलम्बन गरिएको सन्दर्भमा सम्भावित जोखिम कसरी कम गर्न सकिन्छ ?**

यसमा अनेक समस्या छन्, तर हाम्रो ध्यान कसरी कमसे कम मत मात्र बदर हुने अवस्था सृजना गर्ने भन्नेमा गएको छ । त्यसका लागि प्रत्येकलाई मतदाता शिक्षा दिन जरुरी छ । मतदाता शिक्षा कार्यक्रम देशव्यापी रुपमा लैजानु आवश्यक छ, तर निर्वाचन पद्धतिले कानुनी औपचारिकता नपाई सोसम्बन्धी सन्देश लिएर जान पनि सक्दैनौं । ■



# सरकारको कार्यशैलीले निर्वाचन ढिला हुने खतरा

■ **झलनाथ खनाल, एमाले स्थायी समिति सदस्य**

■ जेठभित्र संविधानसभाको निर्वाचन गर्न आठै दलले प्रतिबद्धता व्यक्त गरेका छन् । सहमतिमा बनेको समयतालिकाको सबैभन्दा महत्त्वपूर्ण तिथि नै निर्वाचन हो । अहिलेसम्म निर्वाचन हुन नसक्नेमा आशंकाभन्दा पनि कार्यान्वयनमा जोड दिनुपर्ने बेला छ । राजनीतिक विषयहरूमा सहमति भएर अन्तरिम संविधान बनेपछि पनि मतदाता नामावली संकलनदेखिका विभिन्न चरण पार गर्नुपर्ने हुन्छ । निर्वाचन गराउने प्रतिबद्धता कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी प्रधानमन्त्रीको हो । कार्यतालिका अलि महत्त्वाकांक्षी भए पनि आठ दलमा इच्छाशक्ति छ भने समयमै निर्वाचन हुन्छ ।

■ नागरिकता समयमै निर्वाचन सम्पन्न गर्नका लागि अर्को चुनौती हो । शान्ति सुरक्षाको सुनिश्चितता भएपछि नागरिकता र मतदाता नामावली संकलन टोली एकैसाथ परिचालन हुन पनि सक्छ, तर सरकारको कार्यशैलीले ढिलाइ हुने खतरा बढ्दै गएको छ ।

■ सेना खटिएको ठाउँमा सुरक्षाको बढी अनुभूति हुने र निर्वाचन धाँधलीरहित हुने गरेको हाम्रो विगतको अनुभव छ, तर राजा ज्ञानेन्द्रको कृपाले सेना ब्यारेकमा थन्कनुपर्ने अवस्था अहिले आएको छ । जनताविरुद्ध प्रयोग गरेर सेनाको प्रतिष्ठा गिराइएको छ । सेनाको प्रतिष्ठा उचो बनाउन विभिन्न प्रक्रिया जारी छ । त्यसैले सुरक्षा प्रबन्धका लागि आठ दलबीच सहमति कायम गरी वैकल्पिक सुरक्षाको प्रबन्ध जरुरी छ ।

# जेठमा निर्वाचन नगर्न षड्यन्त्र भइरहेको छ

■ **कृष्णबहादुर महरा, माओवादी वार्ताटोली संयोजक**



■ हामी छिटो छिटो अघि बढौं भनेर लागिरहेका छौं, तर सबै शक्तिमा उत्तिकै संकल्प जरुरी पर्छ । जेठभित्रै निर्वाचन सम्पन्न हुन नदिन नियतवश लिडरिङ भइरहेको छ भन्ने हाम्रो ठहर छ । संयुक्त राष्ट्रसंघको निहुँ पारेर नेपालभित्रै गर्न सकिने तमाम विषय थाती राखिएको छ । परिवर्तनको यथार्थ बिर्सेर संसद् र सरकारले जसरी कार्यसंचालन गरिरहेका छन्, त्यसबाट पनि षड्यन्त्रको गन्ध फैलिरहेको छ । विभिन्न मितिमा भएका सहमति, सम्झौता र जेठमा संविधानसभाको निर्वाचन गर्ने कार्यतालिकालाई हामीले अनुसरण गरिरहेका छौं, तर सात दलले लगातार उल्लंघन गरिरहेका छन् ।

■ नागरिकताको विषय पनि छलफल गरेर टुंग्याउन सकिन्थ्यो । विधेयकहरू पारित गर्न अहिले नै हतारिनुपर्ने जरुरत थिएन । निर्वाचन सम्पन्न गराउन गर्नुपर्ने तयारी जस्तो मूल विषयलाई किनारा लगाएर सरकार र सात दल सहायक मुद्दाहरूमा समय खर्चिरहेका छन् ।

■ निर्वाचन जस्तो राजनीतिक प्रक्रिया सम्पन्न गर्न सशस्त्र शक्तिको बल चाहिन्छ भनि पैरवी गर्नु राम्रो होइन । सबै दलले सहमति गरेर शान्तिपूर्ण तवरले निर्वाचन संचालन गर्न सकिन्छ । शान्ति तथा अनुगमन समिति वा अन्य कुनै प्रकारको आयोग प्रकृतिको संयन्त्रको निर्माण र त्यसले स्वयंसेवकको परिचालनद्वारा निर्वाचनको वातावरण निर्माण गर्न सक्छ । त्यसैले निर्वाचनका लागि जनसहभागिता प्रधान कुरो हो न कि सशस्त्र शक्ति ।

छोटो अवधिमा निर्वाचन सम्पन्न गर्ने जोसमा विगतको अभ्यास र अन्तर्राष्ट्रिय मान्यताहरूभन्दा निकै फरक हुने गरी प्रक्रियालाई संकुचन गर्न नसकिने पोखरेलले बताए । *समय*सँगको कुराकानीका क्रममा प्रमुख राजनीतिक दलका नेताहरूले जेठभित्रै निर्वाचन हुने दोहोऱ्याए पनि प्रक्रियागत ढिलाइले चुनौती भने थपिँदै गएको बताएका छन् ।

जेठको मध्यमा नै वर्षा सुरु हुने हुँदा चरणबद्ध पनि गर्न नसकिने हुँदा राजनीतिक फाँटले जिम्मेवारी निर्वाह गर्न अन्तरिम संसद् गठन गर्न बितिसकेको वाममोर्चाका अध्यक्ष सिपी मैनालीले बताएका छन् । आयोगले पुसदेखि काम थाल्न नपाएमा जेठमा संविधानसभा गर्ने वाचा झूटो सावित हुन सक्नेमा उनले सतर्क गराएका छन् । समय नघर्किसकेको बताउँदै नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले इच्छा भए २-४ महिनामै निर्वाचन गर्न सकिने बताएका छन् । सेना परिचालन नहुने र माओवादीले परीक्षण काल उत्तीर्ण नगरिसकेको परिवेशलाई औंल्याउँदै पौडेलबाहेक सबैले सुरक्षाको चिन्ता जाहेर गरेका छन् । पार्टी प्रतिनिधि र प्रतिनिधिसभा राज्य व्यवस्था समितिसँग अलग मितिमा भएको अन्तरक्रियामा आयोगले निर्वाचनसम्बन्धी पाँचवटा कानुन अत्यावश्यक भइसकेको बताएको दुई साता बित्न लागिसकेको स्मरण गर्दै जनमोर्चाका परि थापाले

# दुई सत्ताबीच निर्वाचन हुन सक्दैन

■ **मीनेन्द्र रिजाल, केन्द्रीय सदस्य नेपाली कांग्रेस (प्रजातान्त्रिक)**



■ राजनीतिक दलले जेठमा निर्वाचन सम्पन्न गर्न जे-जस्तो सहयोग चाहिन्छ, त्यो उपलब्ध गराउने हो । निर्वाचन प्रणाली, मतपत्र, उम्मेदवारको सूचीको किसिम जस्ता थुप्रै विषय अन्तरिम संविधानमै पार्न सकिए समयमै निर्वाचन गराउन सजिलो हुने आयोगको समेत धारणा छ, तर माओवादीले समानान्तर सत्ताको हैसियत व्यवहारमै त्यागेर राजनीतिक दलमा रुपान्तरण नभएसम्म निर्वाचन हुने वातावरण बन्न सक्दैन । त्यसैले जेठमा निर्वाचन सम्पन्न हुने-नहुने प्रमुख भूमिका माओवादीको व्यवहारमा निर्भर हुन्छ ।

■ दलहरू र आम जनताप्रति माओवादीको व्यवहार सुध्रिएमा निर्वाचनको भयरहित वातावरण बनाउन सकिन्छ । होइन भने सशस्त्र शक्तिको मात्रात्मक उपस्थितिले चुनावी वातावरणमा उल्लेख्य योगदान पुऱ्याउन सक्दैन ।

■ नागरिकता वितरणको विषय पनि शान्ति सुरक्षासँग नै गासिन्छ । वातावरण उपयुक्त भएमा अभियानकै रुपमा गाउँ-गाउँमा नागरिकता टोली खटाएर छोटो अवधिमा नागरिकता वितरण गर्न सकिन्छ । मतदान गर्न पाउने उमेर १८ वर्ष पुगेकालाई अहिले नागरिकता वितरण गर्ने र १६ देखि १८ वर्षबीचकालाई विस्तारै वितरण गर्न पनि सकिन्छ ।



# जेठमा निर्वाचन गर्ने 'कुरा' मात्र भएको छ

■ **परि थापा, जनमोर्चा नेपाल**

■ सर्वप्रथम राजनीतिक विषयलाई परीक्षा जस्तो समयतालिका बनाएर सम्बोधन गर्न खोज्नु कत्तिको व्यवहारिक थियो भन्ने विवेचना हुनुपर्दछ । समयतालिकाले जनताको अपेक्षा अचाक्ली बढाइदिने काम गऱ्यो, तर जेठमा निर्वाचन गर्ने 'कुरा' मात्र भएको छ । निर्वाचनसम्बन्धी पाँचवटा ऐन नियम बनाएर दिएपछि मात्र आयोग 'जिरो किलोमिटर'बाट अघि बढ्न थाल्छ । अन्तरिम संसद् गठन भएपछि पनि केही दिनको प्रक्रिया पूरा नगरी वैधानिक काम सुरु हुन सक्दैन ।

■ नागरिकता वितरण आफैंमा समयलाग्ने प्रक्रिया हो । यस्ता चुनौतीहरू संविधानसभाको निर्वाचन छिटो हुनुपर्छ भन्ने अपेक्षासँग बाझिन्छन् ।

■ निर्वाचनमा उम्मेदवारले जुनसुकै स्थान र समयमा निर्बाध अभिव्यक्ति व्यक्त गर्न पाउनुपर्छ । त्यस्तै जनताले नेताहरूको अभिव्यक्ति सुन्न र अन्य कार्यक्रममा सहभागी हुन पाउनुपर्छ । सेना परिचालन नहुने सन्दर्भमा सहमतिका आधारमा उपयुक्त विकल्पहरूको खोजी गर्नुपर्छ ।

# मंसिरभित्रै सबै काम सक्नुपर्छ

■ **सिपी मैनाली, अध्यक्ष संयुक्त वाममोर्चा**

■ हतियार व्यवस्थापन, अन्तरिम विधान, अन्तरिम संसद्, अन्तरिम सरकार निर्माण जस्ता मूल कामहरू मंसिरभित्र टुंगो लगाएर निर्वाचनसम्बन्धी नियम कानुन पुसको सुरुमा नै बनाइदिन सकियो भने घोषित मितिमा संविधानसभाको निर्वाचन हुन्छ । नत्रभने हामीले तोकेको समयसीमाभित्र निर्वाचन गराउन अप्ठेरो हुन्छ ।

■ नागरिकता वितरण हाम्रो परम्परागत कार्यशैलीअनुसार सम्भव छैन, तर विभिन्न आयोग, घरदैलोमा टोली खटाउने र साँच्चिकै इच्छाशक्तिका साथ काम गर्ने हो भने सजिलै वितरण गर्न सकिन्छ ।

■ सशस्त्र र जनपद प्रहरीका साथै ठूलो संख्यामा अस्थायी प्रहरी भर्ना गर्नुपर्ने हुन्छ । सुरक्षा निर्वाचनको पूर्वसर्त भएकाले चरणबद्ध रूपमा जान पनि सक्नुपर्छ, तर जेठ महिनाबाटै वर्षा सुरु हुने हुँदा निर्वाचन लम्ब्याउँदा त्यत्तिकै अप्ठेरो पर्छ ।



जनतामा महत्त्वाकांक्षा जगाएअनुसार गन्तव्यमा पुग्ने प्रक्रियाले गति नलिएकोमा चिन्ता जाहेर गरेका छन् ।

कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य मीनेन्द्र रिजालले माओवादी 'सत्ता'बाट दलमा रुपान्तरण नभई निर्वाचन सम्भव नभएको बताएका छन् । माओवादीले भने सात दल र सरकारको कोर्टमा नै बल फ्याँकिदिएको छ । आफूहरूले बाह्र बुँदादेखि नै सबै सहमति, सम्झौता पालना गरेको, तर सरकारले बदनियतपूर्ण ढिलाइले संविधानसभा नचाहने वर्ग र व्यक्तिहरू प्रसन्न भएको महराले बताएका छन् ।

समानुपातिक निर्वाचन प्रणालीभित्रका कुन उपप्रणाली अपनाउने, संविधानसभाको निर्वाचनअघि नागरिकता वितरण गर्ने घोषणा, शान्ति सुरक्षाको सुनिश्चितता लगायतका चुनौतीले पनि निर्वाचनको तिथि अनिश्चित तुल्याइदिएको छ । ■



# राष्ट्रसंघको पर्खाइमा

**सात दल र माओवादीका** शीर्षस्थ नेताहरूको कार्तिक २२ गतेको बैठकले तय गरेको अन्तरिम संविधान, संसद् र सरकार निर्माण गर्ने समयतालिका पालना गर्न माओवादीले सरकारलाई दबाब दिन थालेको छ। सरकारमाथि प्रभावकारी दबाब दिन माओवादी नेताहरू प्रचण्ड र डा. बाबुराम भट्टराईले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई मंसिर १९ र २० गते नै दुईपटक भेटेका छन्। भेटमा प्रचण्ड र बाबुरामले प्रधानमन्त्रीसँग अन्तरिम संविधान छिटै जारी नभए तथा अन्तरिम संसद् र सरकार निर्माण नभए जेठमा संविधानसभाको निर्वाचन असम्भव हुने बताएका थिए। प्रधानमन्त्री कोइरालाले पनि जेठमै निर्वाचन गर्ने आफ्नो अडान रहेको माओवादी नेताहरूलाई बताएको स्रोत बताउँछ। प्रधानमन्त्रीले माओवादी नेताहरूसँगको भेटमा अन्तरिम संविधान जारी गर्न हतियार र सेना प्रमाणीकरण थालनी हुनु अनिवार्य रहेको पनि बताएका थिए। माओवादीले मंसिर १५ गतेभित्र अन्तरिम सरकार बनीसक्ने सहमति कार्यान्वयन नहुनलाई षड्यन्त्र बताएको छ भने सरकारले हतियार व्यवस्थापनमा संयुक्त राष्ट्रसंघको संलग्नताका कारण भएको प्रक्रियालाई ढिलाइको कारण उल्लेख गर्ने गरेको छ।

हतियार व्यवस्थापन नभई माओवादीलाई अन्तरिम संसद् र सरकारमा लान नहुने अन्तर्राष्ट्रिय दबाब भए पनि प्रधानमन्त्री कोइराला राष्ट्रसंघीय विशेषज्ञ टोलीले माओवादी सेना र हतियार प्रमाणीकरण थाल्नासाथ अन्तरिम संविधान जारी गर्न तथा अन्तरिम संसद् र सरकार निर्माण गर्न तयार छन्। माओवादीसँग वार्तामा संलग्न तथा प्रधानमन्त्री कोइरालाका विश्वासप्राप्त नेपाली कांग्रेसका केन्द्रीय सदस्य शेखर कोइराला पनि राष्ट्रसंघको ६० सदस्यीय विशेषज्ञ टोलीले हतियार व्यवस्थापनबारे काम थाल्नासाथ अन्तरिम संविधान जारी हुने तथा अन्तरिम संसद् र सरकार गठन हुने बताउँछन्। यसैगरी पर्यटनमन्त्री तथा सरकारी वार्ताटोली सदस्य प्रदीप ज्ञवालीले राष्ट्रसंघीय टोलीले काम थाल्नासाथ राजनीतिक गतिरोध अन्त्य हुने र मुलुक संविधानसभाको निर्वाचनतर्फ अघि बढ्ने उल्लेख गरे। माओवादी र सरकारबीच मंसिर ५ गते भएको शान्ति सम्झौता र मंसिर १२ गते भएको हतियार व्यवस्थापनसम्बन्धी सम्झौताबारे जानकारी गराउन तथा राष्ट्रसंघको भूमिकाबारे केन्द्रीय कार्यालयबाट अनुमति लिन अमेरिका पुगेका नेपालका लागि राष्ट्रसंघका महासचिवका दूत इयान मार्टिन मंसिर २० गते काठमाडौं फर्के पनि विशेषज्ञ आइपुग्न केही दिन लाग्ने बताइन्छ। यसैगरी माओवादी सेना र नेपाली सेनाका हतियार थन्क्याइने ७० 'कन्टेनर' अर्को साता मात्र भारतबाट नेपाल आइपुग्नेछन्।

जेठमा संविधानसभाको निर्वाचन गर्न मंसिरमै अन्तरिम संविधान जारी गर्नु अनिवार्य भएकाले सरकार र माओवादी वार्ताटोलीले मंसिर २० गते अन्तरिम संविधानबारे छलफल थालेका छन्। दुवै वार्ताटोलीबीच मंसिर १३ गते भएको अन्तरिम संविधानबारेको छलफल हतियार व्यवस्थापनमा राष्ट्रसंघको प्रक्रियाका कारण हुने ढिलाइलाई कारण बनाएर रोकिएको थियो। दुवै पक्षका वार्ताकारहरूका अनुसार अन्तरिम संविधानमा उल्लेख हुने राजनीतिक विषयहरू कार्तिक २२ को शीर्षस्थ नेताहरूको बैठक र मंसिर ५ को शान्ति सम्झौताले टुंग्याइसकेकाले उनीहरूबीच विशेष विवाद छैन। 'कुनै विषयमा विवाद आए त्यो विषय अन्तरिम संसद्बाटै टुंगो लगाउनुपर्ने हाम्रो धारणा छ', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्। शर्माका अनुसार मूल राजनीतिक विषय टुंगो लागिसकेकाले प्राविधिक विवादहरू संसद् र सरकारले टुंगो लगाउने पक्षमा माओवादी छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य शेखर पनि अन्तरिम संविधानमा विवाद नरहेको तथा प्राविधिक विवाद देखिएपछि टुंगो लगाउने सहमति हुनसक्ने बताउँछन्।

## दरबारी चलखेलको आरोप

अन्तरिम संविधान जारी हुन तथा अन्तरिम संसद् र सरकार गठन हुन नदिएर जेठमा संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्रमा दरबार पछिल्लो समयमा सक्रिय भएको माओवादीले दाबी गरेको छ। माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा 'तराईमा नागरिकता समस्या समाधान नभई संविधानसभाको निर्वाचन गर्न नपाइने माग उठाउन दरबारले भर्खरै तराईमा ४० करोड रुपैयाँ बाँडेको' बताउँछन्। शर्मा दाबी गर्छन्, 'दरबारको पैसाले केही समयमै तराईमा प्रभाव देखाउन थाल्ने हाम्रो अनुमान छ।' अन्य राजनीतिक दलका नेताहरूले पनि पछिल्लो समयमा संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्र भइरहेको सार्वजनिक गरिरहेका छन्।

माओवादीले दरबारलाई संविधानसभाको निर्वाचनविरुद्ध सक्रिय भएको आरोप लगाइरहँदा निष्पक्ष संविधानसभाको निर्वाचनका निम्ति माओवादीका उत्तेजक गतिविधि बाधक बन्ने बताउनेहरू पनि छन्। विस्तृत शान्ति सम्झौता भइसक्दा पनि माओवादीले आफूलाई समानान्तर सत्ता भन्न नछाड्नु तथा अपहरण, जबरजस्ती र कुटपिट जारी राख्नुले निष्पक्ष निर्वाचन असम्भव हुने उनीहरूको विचार छ। माओवादी विद्यार्थी तथा कार्यकर्ताहरूले यसै साता काठमाडौंको 'पब्लिक युथ क्याम्पस'मा स्ववियुका पदाधिकारी र नेपाली कांग्रेस सम्बद्ध विद्यार्थीहरूलाई क्याम्पसमा स्वागत कार्यक्रम गर्न नदिएको आरोपमा निर्घात कुटपिट गरेको थियो तथा स्वतन्त्र विद्यार्थी युनियनको कार्यालय र विद्यार्थीका मोटरसाइकलहरू जलाएको थियो।

■ **सुवास देवकोटा/काठमाडौं**

**पछिल्लो समयमा आएर नेपालले वायुसेवासम्बन्धी नियमहरूमा विश्वव्यापी रुपमा आएका परिवर्तनलाई आत्मसात गर्दै विदेशी वायुसेवाहरूलाई ट्राफिक अधिकार र एयर सिट दिनमा उदारता देखाएको छ ।**



■ विजय श्रेष्ठ

# परिवर्तित स्थिति अपूर्व अवसर

**अरू धेरै उत्पादनजस्तो** पर्यटन आफैंमा सम्पूर्ण उत्पादन होइन । यसको उपभोग निरपेक्ष रुपमा गर्न सकिँदैन । यो त होटल, दृश्यावलोकन, प्राकृतिक र सांस्कृतिक सम्पदा, पदयात्रा र आरोहणजस्ता विशुद्ध पर्यटनसँग सम्बन्धित विषयसँगै विमानसेवा, विमानस्थलको सेवा, अध्यागमन र व्यापारलगायत अनेकन् विषयसँगै जोडिएर आउँछ । यी सबै विषयहरू एक-अर्कामा निर्भर छन् र यी सबैलाई एकैसाथ अध्ययन गर्ने हो भने मात्र समग्र आर्थिक अवस्था र पर्यटनको विकास सम्भव छ ।

नेपालको पर्यटन व्यवसाय विविधखाले समयमा धेरै किसिमका गम्भीर समस्याको सिकार भएको छ । एकताका नेपालको पर्यटनलाई मौसमी व्यवसायका रुपमा व्याख्या र प्रस्तुत गरिएकाले निकै समस्या आयो । यसमा केही सुधार गर्न सकिए पनि यो समस्याको पूर्ण निवारण भने भएको छैन । पदयात्रा पर्यटनलाई अझै पनि मौसमी व्यवसायका रुपमा नै प्रस्तुत गरिँदै आएको छ । यो साह्रै नै गलत अवधारणा हो र यसलाई हटाउनका लागि आवश्यक प्रभावकारी कदम चाल्नै पर्छ ।

नेपाल भौगोलिक विविधताले भरिएको मुलुक हो र जाडोको मौसममा पनि सबैखाले पदयात्रीले यसको मजा उठाउन सक्छन् । यसका लागि जाडोमा पदयात्राको गन्तव्यलाई हिमालबाट झारेर मध्य पहाडमा पुऱ्याए पनि पुग्छ । यसमा पर्यटकले न्यानो पदयात्रासँगै हिमालहरूको दृश्यावलोकन र विविध संस्कृतिको मजा लिन सक्छन् । मनसुनको मौसममा पनि पर्यटन भित्र्याउनका लागि हामीले अहिलेसम्म हेर्दै नहेरेका पर्यटकहरूतिर आँखा लगाउनु जरुरी छ । यसका लागि पर्यटन व्यवसायको ज्ञानलाई अलिकति फराकिलो पारे पनि पुग्छ ।

तर पछिल्लो समयमा आएर, नेपालले वायुसेवासम्बन्धी नियमहरूमा विश्वव्यापी रुपमा आएका परिवर्तनलाई आत्मसात गर्दै विदेशी वायुसेवाहरूलाई ट्राफिक अधिकार र एयर सिट दिनमा उदारता देखाएको छ । यो उदारता भावी दिनहरूमा अवश्य पनि अझै व्यवहारिक हुँदै जानेछ र त्यो नेपालका लागि उत्पादक हुनेछ ।

अर्को एक समय त्यस्तो पनि आयो, जब पर्यटकको संख्या वृद्धिमा वायुसेवाका सीमित सिट र ट्राफिक अधिकारले बाधा पुऱ्यायो । हामीकहाँ 'एयर सिट'भन्दा निकै बढी संख्यामा होटेलका कोठाहरू थिए ।

यसबाट अन्तर्राष्ट्रिय वायुयानका सिट र हाम्रा होटल, यातायात आदिको क्षमताका बीचमा सामञ्जस्य आउने आशा गर्न सकिन्छ ।

सशस्त्र द्वन्द्वका चरम विन्दुमा आएर सन् १९९९ को तुलनामा पर्यटन आगमन आधा घटेको थियो । त्यसो त माओवादी आन्दोलनका क्रममा कुनै पनि पर्यटकमाथि शारीरिक आक्रमण भएन, तर सशस्त्र द्वन्द्व आफैं नै पनि नेपाल आउन चाहने पर्यटकलाई तर्साउनका लागि पर्याप्त कारण थियो । त्यतिबेला त व्यापारिक र सामाजिक कारणले गरिने आन्तरिक आवागमनलगायत छुट्टी र मनोरञ्जनका लागि गरिने भ्रमणहरूसमेत पनि घटेका थिए । नेपालको पर्यटनमा त्यस्तो गिरावट कहिल्यै आएको थिएन र आउने पनि छैन । सम्भवतः यो नवनिर्माणका लागि भएको विध्वंस थियो र अब धेरै मानिस पर्यटनलगायत सबै क्षेत्रमा उज्ज्वल भविष्यमा प्रवेश गर्ने कुरामा आशावादी छन् । यो आशालाई व्यवहारमा परिणत गर्न गम्भीर राजनीतिक प्रतिबद्धताको आवश्यकता छ ।

धेरै लामो समयदेखि, विशेषतः २०४६ सालको परिवर्तनपछि नेपालको पर्यटनका लागि नेपाल वायुसेवा निगम आशा र निराशाको केन्द्र बन्दै आएको छ । त्यसअगाडि पनि निगमले खासै राम्रो काम गर्न सकेको थिएन । त्यसो त यसले हरेक क्षेत्रमा निकै राम्रो काम गर्नु पर्ने थियो, तर अहिलेको अवस्थामा निगम साँच्चै नै धराशायी विन्दुमा पुग्न थालेको भान हुन्छ । केहीको विचारमा निगमको उत्थानका लागि निजीकरण निर्विकल्प औषधी हो, अन्यको विचारमा संरचनात्मक परिवर्तन, स्वायत्तता र अन्य व्यवस्थापकीय परिवर्तनबाट पनि निगमको उत्थान हुन सक्छ । निजीकरण वा व्यवस्थापकीय परिवर्तन सुधारका संयन्त्र हुन सक्छन्, तर त्यसले सधैं सकारात्मक असर मात्र गर्छ भन्ने पनि छैन । सबैभन्दा ठूलो प्रश्न त हामी के प्राप्त गर्न खोज्दै छौं भन्ने हो । त्यसैले हामी आफ्नो उद्देश्यमा स्पष्ट हुन आवश्यक छ । के हाम्रो उद्देश्य निगमलाई धराशायी हुनबाट जोगाउने मात्र हो ? वा हामी निगमलाई नेपालको आर्थिक विकास र सामाजको हितको वाहक बनाउन चाहन्छौं ? यतिबेला हाम्रो पहिलो काम नै यस्ताखाले अनुत्तरित प्रश्नहरूको जवाफमा एकमत बनाउनु हो । यस्ता प्रश्नका जवाफहरूले मात्र निगमको भविष्य निर्धारण गर्न सक्छ ।

नेपाल आउने धेरै पर्यटक थोरै दिनका लागि मात्र आएका हुन्छन् र आफ्नो यात्राको हरेक क्षणको मजा लुट्न चाहेका हुन्छन्, तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आउनासाथ वा जाँदाखेरि ती पर्यटकहरूले हरेक पलमा अपर्याप्त सेवाको अनुभव गर्न बाध्य हुन्छन् । तीमध्ये धेरैले आफ्नो सामान पाउन वा अध्यागमन सेवाका लागि घन्टौं प्रतीक्षा गर्नु पर्छ । विमानस्थलका यस्ता सेवा सधैंजसो राम्ररी काम गरिरहेका भेटिँदैनन् । यो नेपालको पर्यटनको बजार विस्तारका लागि साह्रै नै नकारात्मक छ । यस्ता कुराको सुधारका लागि धेरै स्रोत खर्च गर्नु पर्दैन । यहाँ विमानस्थलमा काम गरिरहेका कर्मचारीमाथि दोष थोपर्ने काम गर्न खोजिएको होइन, बरु ढिलासुस्ती र सेवा अभावका कारण र तिनका व्यवस्थापकीय कमजोरी औंल्याउन खोजिएको हो । व्यवस्थापकीय कमजोरीहरूलाई प्रभावकारी रुपमा सुधार गर्न सकिएमा मात्र आगन्तुकहरूलाई राम्रो सेवा र सत्कार दिन सकिन्छ ।

कम लगानीमा नै पर्यटन व्यवसायमा सुधार ल्याउन सकिने अर्को क्षेत्र हो- छोटा पदयात्राको प्रवर्धन । यो विशेषतः सगरमाथा क्षेत्रमा गर्न सकिन्छ । ठूलो संख्यामा पर्यटकहरू सगरमाथा आधार शिविरमा दुई सातासम्मको योजनासहित पदयात्राका लागि आउँछन् । हामीले पाहुनाहरूको यो वर्गलाई अझै प्रोत्साहित गर्नुपर्छ, जसले पर्यटनबाट हुने आम्दानीको वितरणलाई सहयोग गर्छ । यसबीचमा हामीले छोटो समयका लागि आएका पदयात्रीलाई पनि हेर्नु पर्छ । यी पदयात्रीहरू बाटो नजिकका सुविधाजनक लजहरूमा बस्छन् र कम कठिन यात्रा गर्न रुचाउँछन् । पदयात्रीको यो समूहलाई संख्यात्मक रुपले समयका हिसाबले बढाउन सकिन्छ ।

यसबीचमा हामीले वर्तमान र भविष्यमा हुनसक्ने प्रतिस्पर्धाका कुरालाई पनि ध्यान दिनु महत्त्वपूर्ण हुन्छ । अत्यन्त प्रतिस्पर्धा हुनसक्ने कुरामा हाम्रो लगानी अनुत्पादक हुनसक्छ, बरु त्यसको साटोमा कम प्रतिस्पर्धात्मक वा लुकेका कुराहरूमा लगानी गर्नु उचित हुन्छ । वास्तवमा कुन चाहिँ तत्त्वले ग्राहकको चाहनालाई मुखरित गर्छ, त्यो महत्त्वपूर्ण हुन्छ । केही प्रतिस्पर्धात्मक तत्त्वलाई बढावा दिनु पर्ने हुन्छ भने केहीलाई कम गर्ने वा केहीलाई रचनात्मकता दिइनुपर्ने हुनसक्छ । यी सबैको निचोड के हो भने हाम्रो निर्णयले हामीलाई प्रतिस्पर्धामा खरो उतार्ने हुन पर्छ ।

निष्कर्षमा अहिलेको परिवर्तित परिस्थिति नेपालको पर्यटन र वायुसेवाको बजार विस्तारका लागि अपूर्व अवसर हो । हामीसँग यो नयाँ अवसरमा पर्खेर बस्ने समय छैन । सरकारको नेतृत्वमा रहेको वर्ग तत्कालै पर्यटनसँगसम्बन्धित सबै क्षेत्रको स्रोत र प्रयासहरूलाई एकीकरण गर्दै नयाँ पर्यटन रणनीति तयार गर्न अग्रसर हुनु पर्छ । अहिले मुलुकको प्राथमिक मुद्दा संविधानसभाको निर्वाचन हो, तर अन्तरिम सरकारको मुख्य प्राथमिकताहरूमा पर्यटनको बजार विस्तारको यो अवसरलाई पनि राखिनु पर्छ । ■

*लेखक पर्यटन व्यवसायी हुन् ।*

# विमानहरूको अव्यवस्थित मेला

**अन्तर्राष्ट्रिय विमानस्थलबाट साताका सयभन्दा बढी उडानहरू भइरहेका छन्, तर उडान संख्याको आधारमा विमानस्थलमा आवश्यक व्यवस्थापन हुन नसक्दा समस्या दिनदिनै बढ्दै गएको छ ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**
(तस्बिरहरू: तेज बस्नेत)

**लामो समय उडानमा** बिताएका यात्रीलाई विमानले जमिन टेकेपछि बाहिर निस्कन हतार हुन्छ । सफललतापूर्वक गन्तव्यमा पुग्दा यात्रीको मन फुरुंग हुन्छ । तर, विमान अवतरणपछि पनि जब यात्रीले विमान छाड्न पाउँदैनन्, त्यो बेला उनीहरूलाई भय त हैन, नरमाइलो अवश्य लाग्छ ।

केही समयदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका यात्रीहरूले यस्तै अनुभव गरिरहेका छन् । ७ मंसिरको अपरान्ह एयर अरेबियाको 'एबी-३२०' विमानबाट काठमाडौं आइपुगेका यात्रीहरू विमान अवतरणपछि पनि १० मिनेटसम्म विमानस्थलको बीच (ट्याक्सी वे)मै रोकिनु पर्‍यो । यसअघि 'ट्याक्सी वे'मा रोकिएको भारतीय विमान एयर सहाराले त हवाई सुरक्षाका अन्तर्राष्ट्रिय मान्यताहरूप्रति बेवास्ता गर्दै यात्रीलाई त्यही ओरालिदियो । मंसिर पहिलो सातामै काठमाडौं अवतरणका लागि एयरपोर्ट छिर्नै लागेको कतार एयरवेजको विमानलाई आकाशमै घुम्न लगाइयो । उक्त एयरलाइन्सका नेपालका लागि जनरल सेल्स एजेन्ट (जिएसए) जोय देवान भन्छन्, 'करिव बीस मिनेट हाम्रो विमानलाई 'एयर होल्डिङ' गरिएको हो ।'

नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा यस्ता घटना सामान्य बन्न थालेका छन् । विमानस्थल अस्तव्यस्त बनेको छ । नेपालमा शान्ति स्थापनाका प्रयास सफल बन्दै जाँदा अन्तर्राष्ट्रिय विमान सेवाहरूका लागि नेपाल आकर्षक गन्तव्य बन्दै गएको छ । यसबीचमा उल्लेख्य संख्यामा अन्तर्राष्ट्रिय विमान सेवाहरूले नेपाल उडान सुरु गरेका छन् । तर, बढ्दै गएका विमान सेवाको तुलनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कतिसम्म सानो भएको छ भने विमानको अवतरण, पार्किङ र उडान व्यवस्था मिलाउन निकै गाह्रो परिसकेको छ । अव्यवस्थाका कारण विमानहरू निर्धारित समयमा अवतरण गर्न पाएका छैनन्, अवतरणपछि पनि पार्किङ नपाएर 'ट्याक्सी वे'मै रोकिनु परेको छ ।

लोकतन्त्र स्थापनापछि मात्रै नेपालमा एयर अरेबिया, कोरियन एयर र बंगलादेशको जिएमजी एयरलाइन्सले उडान सुरु गरेका छन् । केही समय उडान रोकिएको एयर सहारा पुनः सुरु भएको छ भने अन्य विमान सेवाका उडानहरू नियमित बनेका छन् । अहिले नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने विमान सेवाहरूको संख्या १६ पुगेको छ । साताका सयभन्दा बढी अन्तर्राष्ट्रिय उडानहरू भइरहेका छन्, तर उडान संख्याको आधारमा विमानस्थलमा आवश्यक व्यवस्थापन गर्न नसक्दा समस्या दिनदिनै बढ्दै गएको छ ।

## एकै समयका उडान

नेपाल उडान भर्ने अधिकांश विमान सेवाहरूले दिउँसो ३ बजेदेखि ५ बजेभित्र आफ्ना उडान केन्द्रित गरेका छन् । आफ्ना यात्रीको व्यवस्थापनमा सजिलो हुने भएकाले उनीहरूले यो समयलाई प्राथमिकता दिएका हुन्, तर एकै समयका उडान र अवतरणले विमानस्थल अत्यन्तै अव्यवस्थित मेलाजस्तो बनेको छ ।

दिउँसो ४ बजेको समयमा नेपालबाट सबैभन्दा धेरै उडान समय राखिएको छ । ठिक यसै समयमा टिआइएबाट सातवटा अन्तर्राष्ट्रिय विमानहरूले उडान गर्ने समयतालिका मिलाएका छन् । एयर सहाराले सातै दिन ठिक ४ बजे काठमाडौंबाट दिल्लीको उडान समय लिएको छ । पाकिस्तान इन्टरनेसनल एयरवेजले सोमवार, बिहीवार र कोरियन एयरले सोमवार ठिक ४ बजे नै उडान समय राखेका छन् । त्यसको ठिक १० मिनेटपछि इन्डियन एयरलाइन्सले पनि काठमाडौं-दिल्ली सेक्टरमा सातै दिन उडान भर्छ । साताका चार दिन ४ बज्नुभन्दा ५ मिनेटअघि इन्डियन एयरलाइन्सकै कोलकाता-काठमाडौं उडान राखिएको छ । ३.५५ मै विमान बंगलादेशले मंगलवार र शनिवार उडान तालिका पाएको छ । कतार एयरवेजले पनि ४.२० मा उडान गर्छ । यो एक घण्टाको सेरोफेरोका उडान संख्या पन्ध्रभन्दा बढी छन् ।

यसै पनि नेपालको विमानस्थल क्षमता कमजोर छ । विमान सेवाहरू निर्धारित समयमा अन्तर्राष्ट्रिय तालिकामा उड्न सकिरहेका हुँदैनन् । यसले गर्दा यो समयको एउटा उडान मात्रै ढिलो हुँदा पनि कम्तीमा १५ विमान सेवाको समयतालिकामा असर पर्दै आएको छ । नागरिक उड्डयन प्राधिकरण (क्यान)ले एयरलाइन्सहरूलाई कस्तो समय दिएको छ भने उनीहरूले चाहेर पनि तोकिएको समयमा उड्न सम्भव छैन । विमानस्थलको क्षमता र त्यसअघिका आवश्यक प्रक्रियाहरू पूरा गर्दा ठिक ४ बजेका एयर सहारा, पाकिस्तान र कोरियन एयरवेज एकै समयमा उड्न सम्भव नै हुँदैन । त्यसैले ती उडानहरू यसै पनि ढिलो हुन्छन् । त्यसको असर यसपछिका उडानहरूमा पर्दै आएको छ । एक जिएसए आफ्नो दिक्दारी व्यक्त गर्दै भन्छन्, 'अहिले त किन यो समयको उडान राखिएछ भन्ने लागिसकेको छ, कहिल्यै पनि समयमा उडान गर्न पाइँदैन ।' कुनै प्राविधिक कारणले एक घण्टा मात्रै यो समयका उडानहरू ढिलो हुदा विमानस्थलमा विमान अवतरण, उडान र यात्रीहरूको मेला



माघेसंक्रान्तिमा जस्तै हुने गरेको छ ।

उडानहरू नियमित हुँदा पनि विमानस्थलमा यात्रीहरू निकै समस्यामा पर्ने गरेका छन् । नेपाल आउने 'बोइङ-७७७' जस्ता आधुनिक विमानले ३ सय ६० सम्म यात्रुहरू बोक्ने गरेका छन् भने अन्यले न्यूततम २ सय । बाह्य उडानका लागि कम्तीमा दुई घण्टाअगाडि नै विमानस्थल पुग्नु पर्छ । यसले गर्दा ४ बज्नु केहीअघि र केही समयपछिका यात्रीहरू एकै समयमा विमानस्थल पुग्नुपर्छ । ४ बजे आसपासका सात उडानका अधिकांश यात्रीहरू एकै समयमा विमानस्थलमा भित्रिँदा त्यहाँको साँघुरो वातावरणमा यात्रीहरू अलमल र अन्योलमा पर्नु अस्वभाविक हुँदैन । विमानस्थल अधिकारीहरूका अनुसार यो समयमा करिब १ हजारभन्दा बढी यात्रीहरूले विमानस्थल खचाखच भरिएको हुन्छ । उनीहरू एकै समयमा एक्स रे, चेक इन, एयरपोर्ट ट्याक्स' र अध्यागमन प्रक्रियाको लाइनमा उभिनु पर्छ । लामो लाइनमा बस्नु पर्दा यात्रीलाई विमान छुट्ने डर एकातिर हुन्छ भने अर्कोतिर राहदानी र भिसा लिएर आइपुगेका यात्रीसँग पनि अध्यागमनका कर्मचारीले नागरिकता देखाउन अड्डी कसेर हैरानी पार्छन् । एक निजी विमान सेवाका अधिकारी भन्छन्, 'विमान छुट्ने डरका कारण यात्रीहरू कर्मचारीलाई बिनाकसुर पैसा बुझाउन बाध्य हुँदै आएका छन् ।'

सबै प्रक्रिया पूरा गरेर प्रतीक्षालय पुगेका यात्रीले त्यहाँ उभिने ठाउँसम्म पनि नपाउने अवस्था छ । क्यानका उपमहानिर्देशक केशवराज खनालका अनुसार अन्तर्राष्ट्रिय विमानस्थल प्रतीक्षालयमा करिब ३ सय यात्री अटाउन सक्छन्, तर यो समयमा त्यहाँ पुग्ने यात्रीको संख्या करिब एक हजार पुग्दा उनीहरू त्यहीँ खाँदिनु पर्छ । शौचालय, खानेपानी र आवश्यक सूचनाको समस्या भोग्नु उनीहरूको नियति नै बन्ने गरेको छ ।

अपराह्नदेखि साँझको समयमा विमानस्थल पुगेकामध्ये धेरैजसो यात्रीहरू वैदेशिक रोजगारीका लागि हिँडेका हुन्छन् । उनीहरूलाई आफ्नो विमान सेवा, उडान नम्बर र समयको पनि त्यति ख्याल हुँदैन । उनीहरू जुनसुकै उडान सुरु हुँदा पनि आफ्नो उडान छुट्ने त्रासमा प्रवेशद्वारमा झुम्मिन्छन् । यसले गर्दा उनीहरूले सुरक्षाकर्मी र कर्मचारीहरूको गाली खाइरहनु पर्छ । एयर अरेबियाका नेपालका लागि जिएसए डाँफे ट्राभल्सका प्रबन्ध निर्देशक पवित्रकुमार कार्की भन्छन्, 'विमानस्थलको अव्यवस्थाले रोजगारीका लागि हिँडेका यात्री थप समस्या भोग्न बाध्य हुन्छन् ।'

नेपाल भ्रमणमा आएका पर्यटक र 'बिजनेसका लागि आउने यात्रीहरू विमानस्थलको खराब हालतका कारण निकै दिक्दार बनिरहेका छन् । पर्यटन व्यवसायी र विमान सेवाहरूले पनि पर्यटक र अन्य विशिष्ट नागरिकहरूका लागि छुट्टै लबीको व्यवस्था मिलाउन माग गर्दै आएका छन् । उपमहानिर्देशक खनाल भन्छन्, 'एकैचोटि धेरै यात्री आउने भएकाले उनीहरूको व्यवस्थापन गर्न एकदमै गाह्रो परिरहेको छ ।'

## विकल्प : रात्रिउडान

क्यानले एकै समयमा विमान सेवाहरूलाई उडान र अवतरण समय तालिका (स्लट) दिँदा यो अवस्था आएको हो । बिहान र झन् रातिको समयमा उडानहरूको व्यवस्था मिलाउने हो भने यात्रीले भोग्नु पर्ने सास्तीमा कमी आउँथ्यो । त्यसका लागि विमानस्थल संयन्त्र संचालनका लागि आवश्यक अध्यागमन, सुरक्षा, विमानस्थल र क्यानले रातिमा पनि कर्मचारी परिचालनको व्यवस्था मिलाउनु जरुरी छ । यसको साटो सरकारी निकायहरूले अव्यवस्थाका बीच दिउँसो उडान गराउने र रातिको जागिरबाट जोगिने उपाय निकालेका छन् । विमानस्थल व्यवस्थापनको तत्कालीन विकल्प चौबीसै घण्टा विमानस्थल संचालनमा ल्याउनु नै हो । क्यानका उपमहानिर्देशक खनाल रातिमा उडान भर्न विमान कम्पनीहरू अनिच्छुक रहने गरेको बताउँछन् । तर, दिउँसोको समय लिइसकेका विमान सेवाहरूले आफूलाई सजिलो पार्न अन्य उडान रातिमा मिलाउनु पर्नेमा जोड दिएका छन् ।

सुध्रिएको राजनीतिक वातावरणका कारण थप विमान सेवाहरू नेपालको उडानमा इच्छुक देखिएका छन् । अधिकारीहरूका अनुसार ओरियन्ट थाई र चाइना साउथ वेष्ट चाँडै नेपालमा उडान सुरु गर्ने योजनामा छन् । युरोपबाट सीधै नेपाल उडानका लागि पनि अहिले निजी क्षेत्रले पहल गरिरहेको छ । यो अवस्थामा व्यवस्थापनको पहल तत्काल नगरिए समस्या निकै चर्को बन्नेछ ।

## पार्किङमा समस्या

एकै समयमा उडान भर्ने र अवतरण गर्ने विमानहरूलाई पार्किङ दिन पनि नसक्ने अवस्थामा क्यान पुगेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सातवटा ठूला विमान पार्किङ (वे) छन्, तर विमानको चाप निकै बढी छ । कुनै विमान आफ्नै प्राविधिक समस्याका कारण समयमा उड्न सकेन भने अवतरण गर्ने विमानका लागि पार्किङ गर्ने ठाउँ हुँदैन, जसले गर्दा 'ट्याक्सी वे'मा यात्री ओराल्नु वा विमान 'एयर होल्डिङ' गर्नुको विकल्प हुँदैन । विमान पार्किङ व्यवस्थापन अहिले क्यान अधिकारीहरूका लागि दिनदिनैको टाउको दुखाइको विषय बनेको छ । अहिलेको अवस्थाले विमानहरू निर्धारित

## प्राधिकरणको तदर्थवाद !

मुलुकको हवाई सेवा विकासको जिम्मेवारी तोकिएको नेपाल नागरिक उड्डयन प्राधिकरण सरकारी तदर्थवादको सिकार बन्दै आएको छ । यो संस्थालाई सन् १९९८ मा प्राधिकरणमा रुपान्तरण गरी स्वायत्त संथा बनाइएको भनिए पनि कानुनी रुपमै तदर्थवादी नीति अख्तियार गरी सरकारले आफ्नो नियन्त्रणमा राखेको छ । प्राधिकरणका मुख्य कार्यकारी महानिर्देशकलाई सरकारले आफूखुसी नियुक्त गर्न र हटाउन पाउने अधिकार कानुनी रुपमा आफूसँग सुरक्षित राखेर महानिर्देशकलाई सरकार र खास गरी विभागीय मन्त्रीको स्वार्थअनुसार चल्न बाध्य पारिएको छ । फेरिइरहने मन्त्रीहरूले 'शुभलाभ'का आधारमा नयाँ महानिर्देशक नियुक्त गर्दै आएका छन् । महानिर्देशकहरू पनि नागरिक उड्डयनको विकासभन्दा मन्त्रीको चाहनाअनुसारका काम गर्न बाध्य बनिरहेका छन् । निजी विमान सेवाका एक अधिकारी भन्छन्, 'कानुनी रुपमै ब्रिफकेस संस्कृतिलाई सरकारले संरक्षण गरेर राखेको छ ।'

मन्त्रालयका सहसचिव र क्यानका माथिल्लो तहका अधिकारीहरू महानिर्देशक नियुक्तिका लागि योग्य ठानिन्छन् । महानिर्देशकलाई सरकारले हटाउन सक्ने प्रावधानका कारण उनीहरू आफू उक्त पदमा पुग्नका लागि सरकारको चाकरीमा धाउने क्रम अझै छँदै छ । बहालवाला महानिर्देशक पनि विकासभन्दा आफ्नो पद जोगाउन र पद हात पार्दा बुझाएको 'ब्रिफकेस'को लगानी उठाउनेतर्फ केन्द्रित हुनु पर्दा यस क्षेत्रमा अव्यवस्था बढ्दै गएका छन् । ■



## दिउँसो ३ बजेदेखि साँझ ६ बजेबीचका अन्तर्राष्ट्रिय उडान र अवतरण

| वायुसेवा | उडान समय | अवतरण समय | दिन |
|---|---|---|---|
| नेपाल वायुसेवा | ५.०० | | सातै दिन |
| नेपाल वायुसेवा | | ४.०० | सोम, बुध, शुक्र |
| कतार एयरवेज | | ४.०० | सोमवार बाहेक ६ दिन |
| कतार एयरवेज | ४.२० | | आइत बुध, बिही |
| पाकिस्तान ई. एयरलाइन्स | ४.०० | | सोम, बिही |
| कोरियन एयर | ४.०० | | सोम |
| इन्डियन एयरलाइन्स (दिल्ली-काठमाडौं) | | ३.२५ | सातै दिन |
| इन्डियन एयरलाइन्स (काठमाडौं-दिल्ली) | ४.१० | | सातै दिन |
| इन्डियन एयरलाइन्स (कोलकाता-काठमाडौं) | ३.५५ | ३.१५ | आइत, मंगल, बुध, शनि |
| इन्डियन एयरलाइन्स (काठमाडौं-बनारस) | ३.१० | | सातै दिन |
| गल्फ एयर | | ४.०० | मंगल, शुक्र |
| गल्फ एयर | ५.१५ | | मंगल, शुक्र, शनि |
| जिएमजी एयरलाइन्स | ५.५० | ४.५० | आइत मंगल, बिही |
| विमान बंगलादेश | ३.३५ | | आइत, मंगल, बिही, शुक्र |
| विमान बंगलादेश | ३.५५ | | मंगल, शनि |
| एयर सहारा | ४.०० | ३.०० | सातै दिन |
| एयर अरेबिया | ५.३० | ४.४५ | सोम, मंगल, बिही, शनि |

*स्रोतः नागरिक उड्डयन प्राधिकरण*

समयतालिकामा अवतरण र उडान गर्दा पनि पार्किङ पाउने अवस्था छैन । यही समस्याका कारण विमानहरू अवतरणपछि 'ट्याक्सी वे'मै केही समय रोकिन्छन् र पार्किङको विमानले ठाउँ छाडिदिएपछि मात्र त्यहाँ पुग्छन् ।

### भविष्यको योजना

विमानस्थल सुधारका लागि सरकारले एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा नयाँ योजना अगाडि बढाउँदै छ । साँघुरो बनेको अन्तर्राष्ट्रिय विमानस्थललाई आन्तरिक विमानस्थलसम्म विस्तार गरिनेछ भने आन्तरिक विमानस्थल अहिलेको ठाउँबाट हटाइनेछ । सचिव घिमिरे भन्छन्, 'आन्तरिक विमानस्थललाई पूर्वी क्षेत्रमा स्थापना गरिनेछ ।' आन्तरिक विमानस्थलसम्म पार्किङ विस्तार गर्दा १५ वटासम्म विमान एकैसाथ पार्किङ गर्न सकिनेछ । विमानस्थल विस्तारका लागि त्यहाँ आवश्यक जमिनको अभाव व्यहोर्नुपर्ने अवस्था छैन । क्यानका उपमहानिर्देशक खनालका अनुसार विमानस्थलभित्र १० हजार रोपनी जमिन छ । व्यवस्थित रुपमा अन्तर्राष्ट्रिय र आन्तरिक विमानस्थल बनाउन यो जमिन पर्याप्त हुनेछ । जडिबुटी एरियामा रहेको जमिनको उपायोगमा भने केही समस्या रहेको बताउँछन्, क्यानका अधिकारीहरू । त्यहाँका जग्गाधनीहरूले प्रतिआना आठ-दस लाख रुपैयाँसम्म मुआब्जा मागेका छन् ।

सचिव घिमिरेका अनुसार विमानस्थल विस्तारका लागि एडिबीले करिब सवा ४ अर्ब रुपैयाँ सहयोग उपलब्ध गराउनेछ । सन् २००८ देखि सुरु हुने योजना आगामी २५ वर्षसम्मको आवश्यकता पूरा गर्ने लक्ष्यका साथ अघि बढाउन लागिएको छ । हवाई मामिलाका विज्ञ र निजी क्षेत्रले पनि आन्तरिक विमानस्थल जडिबुटी क्षेत्रको खाली ठाउँमा सार्न उपयुक्त हुने सुझाव दिँदै आएका छन् । यसो गर्दा अहिले प्रयोग हुँदै आएको 'गोल्डेन गेट'को यात्री चापमा कमी हुने र सुरक्षामा पनि सहयोग पुग्ने आशा गरिएको छ । नेपाल वायुसेवा निगमको ह्याङ्गर अहिलेको ठाउँबाट हटाई पूर्वी क्षेत्रमा लगिनेछ । विमानस्थललाई स्वतन्त्र निकायका रुपमा संचालन गर्ने सोचसमेत यो योजनामा परेको छ ।

दिगो हवाई विकासका लागि अन्तर्राष्ट्रिय बजारमा विकास भएका आधुनिकतालाई नेपालमा प्रवेश गराउनु आवश्यक छ । ■



# अझै खुलेनन् होटेल

**पर्यटक आउन छाडेपछि** बैंकको ऋण तिर्न नसकेपछि बन्द भएको होटल थोरङला अहिलेसम्म पनि खुल्न सकेको छैन । जनआन्दोलनपछि गठित सरकार र माओवादीले शान्ति प्रक्रिया सुरु गरेपछि देशमा पर्यटकहरूको ओइरो नै लाग्न थालेका समाचारहरू आउँदा पनि डुबेको ऋणबाट उत्रन होटल सुचारु गर्ने हिम्मत साना होटलका संचालकले गर्न सकेनन्, बरु अर्केलाई बिक्री गरेर व्यवसायबाटै हात धोए ।

आखिर किन त ? 'पर्यटक बढे भनेर भनिए पनि खासमा बढेकै छैनन्', पोखरा होटल व्यवसायी समितिका द्वितीय उपाध्यक्ष भीम पौडेल भन्छन् । पर्यटक बढे, होटलको अकुपेन्सी हाइ भयो, आउँदो मार्चसम्मकै लागि बुकिङ फुल छ जस्ता समाचारहरू निकै आए पनि व्यवसायीहरू भने प्रचारमा आए जति त परै जाओस्, आशा गरेअनुसार पनि पर्यटक नभित्रिएको सुनाउँछन् ।

त्यसो त शान्ति प्रक्रिया र पर्यटक भित्रने मौसम पनि एकैसाथ परेको हुनाले अरू महिनाको तुलनामा फेवातालका डुंगाहरूमा, सराङकोट र लेकसाइडका सडकपेटीहरूमा पर्यटकहरू नदेखिएका होइनन्, तर त्यो दृश्यमा पोहर परारका मौसमभन्दा खासै धेरै संख्या नभएको व्यवसायीहरू बताउँछन् ।

उपाध्यक्ष पौडेल भन्छन्, 'द्वन्द्व हुँदा कोठाका भाडाको जुन दर थियो, अहिले पनि त्यही नै छ ।' पर्यटक बढेको भए कोठा भाडा पनि त्यसकै अनुपातमा बढ्थे, भन्छन् उनी ।

कसरी चल्यो त धेरै पर्यटक भित्रिएको हल्ला ? क्षेत्रीय होटल संघ पोखराका अध्यक्ष लक्ष्मीबहादुर भट्टराई भन्छन्, 'यो ठूल्ठूला र तारे होटलहरूले चलाएको हल्ला हो ।' धेरै पर्यटक छन् वा आए भनेदेखि अरू पनि आकर्षित हुन सक्छन् भनेर त्यसो भनिएको हुनसक्ने दाबी गर्छन् भट्टराई । उनी ठूला होटलहरूका संचालकहरूको बोली सञ्चारमाध्यममा बिक्ने हुँदा त्यस्तो हल्लाले बजार पाएको ठान्छन् । नेपालमै थोरै पर्यटक भित्रिएको बताउने उनी पोखरामा पनि पहिलेको दाँजोमा अपेक्षाकृत र हल्ला चलाइएअनुसार पर्यटक संख्या नबढेको बताउँछन् ।

उनी भन्छन्, 'पोखरामा काठमाडौंबाट हुने उडान दिनमा १० वटै भए पनि सयजना पर्यटक पनि भित्रन सक्दैनन् । एकपटकमा १०-१२ जनाभन्दा बढी अट्ने जहाजै चल्दैनन् ।'

पर्यटन व्यवसायमा शान्ति प्रक्रियाले आशाको अंकुरण मात्रै गराए पनि परिवर्तन ल्याइनसकेको बुझ्न सकिने आधार हो, व्यवसायीहरूले अहिले पनि बेलामा बिजुली र पानीको महसुल तिर्न नसकेको दृष्टान्त । व्यवसायी धराशायी भएपछि बिजुली र पानीको महसुल र राजस्व तिर्न नसक्दा प्रसिद्ध फूलबारी रिसोर्टको लेखाशाखामा समेत तालाबन्दी भएको थियो, द्वन्द्वका बेला । त्यसपछि व्यवसायीहरूलाई बिजुली पानीको कर ९० दिनभित्र तिर्न छुट दिने सुविधा मिलाइएको थियो । अहिले शान्ति प्रक्रिया सुरु भइसकेपछि स्थिति सुध्रिएको भनिएपछि पनि उनीहरूले बेलामा महसुल बुझाउन सकेका छैनन् । '९० दिनभित्र तिर्न दिइएको सुविधा अझै केही समय लम्ब्याउनुपर्छ भनेर पहल गरिरा'छौं', भट्टराई भन्छन् ।

उता ऋण भएका व्यसायीहरूले सावाँ फिर्ता गर्ने क्रम सुरु भएको छैन । ब्याजमा दिइएको सुविधलाई नै केही समय लम्ब्याइदिनुपर्‍यो भनेर अझै हार-गुहार चलिरहेको छ । बैंकहरूलाई नै अनुरोध गर्दा नभएपछि अहिले सरकारी उच्चस्तरसम्म नै त्यसका लागि पहल गरिरहेको अध्यक्ष भट्टराईले सुनाए ।

आएका केही पर्यटकहरू ठूला होटलहरूका प्याकेजमा आएकाले त्यस्ता दुई चार होटलहरू चलेका भए पनि पर्यटकहरूमा निर्भर धेरै व्यवसायीहरूलाई कुनै तातो लागेको छैन । झन्डै आधा दर्जन होटल त्यस्ता प्याकेज दिएर ग्रुप पर्यटक ल्याउन सक्ने ल्याकत राख्छन्, तर पर्यटकीय होटलहरू पोखरामा ३ सयभन्दा बढी छन् ।

अन्नपूर्ण वुक सपकी यमुना अधिकारी आफ्नै किसिमले स्वतन्त्र रुपमा घुम्ने पर्यटक आए मात्रै आफ्नो जस्तो पर्यटक निर्भर व्यवसायलाई सहयोग पुग्ने बताउँछिन् । समूहमा आएका पर्यटकहरू एक दुई दिनभरिमा पोखराका निश्चित ठाउँ हेरेर कुनै किनमेलविना नै फर्कने गरेको सुनाउँछिन्, उनी । तर आफ्नै सुरमा आउनेहरू भने दैदल भ्रमणमा जाने, हप्तौंसम्म पनि पोखरामै आनन्दले घुम्ने फिर्ने र किनमेल समेत गर्ने अनुभव छ, यमुनासँग । होटल रेस्टुराँ बाहेक पर्यटनमै निर्भर रहेका व्यवसायीहरू लेकसाइडमा होटलहरूको संख्यामै छन् ।

पसले र होटल सञ्चालकहरूको भन्दा भिन्न अनुभव मजदुरहरूले पनि गरेका छैनन् । सफा र सेतो मजदुरी मानिने पर्यटन उद्योगमा पर्यटकहरूबाट बकस पाइने हुँदा थोरै तलबमा पनि काम गर्न राजी हुने प्रवृत्ति थियो । सरकारी नोकरीहरूमा भन्दा निकै राम्रो आम्दानी हुने हुँदा यो व्यवसायमा मजदुरीकै पनि आकर्षण हुन्छ, तर खासमा पर्यटकहरू नआएकै कारण आम्दानी बढ्न नसकेकाले निरास बनेर माओवादीको प्रलोभनका पछाडि दौडनेहरू पनि निकै देखिए यसपालि । ट्रेक नेपाल काठमाडौंमा कार्यरत पथप्रदर्शक लक्ष्मण कार्की पोहर परारको तुलनामा आफूहरूले कुनै थप ग्रुप नपाएको सुनाउँछन् । उनी भन्छन्, 'माओवादीले ट्रेकिङमा चन्दा उठाएकै छन्, आतंक रोकिएकै छैन ।' शान्ति सम्झौतामा प्रचण्डले हस्ताक्षर गरिसक्दा पनि लक्ष्मणले गर्ने गुनासो ज्यूकाँत्यूँ नै छ ।

'नेपालमा पर्यटन उद्योग ओरालो लागिरहँदा भारतमा आन्तरिक पर्यटनमा जोड दिइनु, सिंगापुर, मलेसिया र थाइल्यान्ड जस्ता देशहरूको पर्यटन प्रचारित हुँदै जानु पनि यहाँ तुरुन्तै फेरबदल नआउनुको कारण हो', होटल ब्लु हेभनका संचालक रहेका भीम पौडेल भन्छन् । त्यसो त अझै पनि अमेरिका र भारतले माओवादीलाई आतंकवादीकै सूचीमा राख्नु जस्ता कारण पनि पर्यटन उद्योग फस्टाउन बाधक देखिएका हुन् ।

पोहरदेखि बन्द भएको चारतारे होटल ब्लु बर्ड होटल फेरि संचालन हुने कुनै छेकछन्द छैन भने त्यही वर्ष बन्द भएका होटल श्यामरक, होटल नेष्ट, होटल साइनो ट्रागोपान पनि बन्दको बन्दै छन् ।

■ **केशव लामिछाने/पोखरा** (तस्बिर पनि)



पोखरा शैक्षिक भ्रमणमा आएका विद्यार्थीहरू सराङकोटमा रमाउँदै

**कर्णालीका लागि** वर्षौंपिच्छे सरकारले प्राथमिकता दिएर छुट्याएका विशेष कार्यक्रमहरू असफल भएका छन् । यी कार्यक्रम सफल बनाउने हो भने अब सरकारले कार्यशैली परिवर्तन गर्नुपर्ने निष्कर्ष निकालिएको छ । योजना आयोगको विशेष कार्यक्रम अनुगमन टोलीले उक्त ठहर गरेको हो ।

राष्ट्रिय योजना आयोगका सदस्य भीमप्रसाद न्यौपानेको संयोजकत्वमा कर्णाली पुगेको टोलीले 'कर्णालीमा सरकार पूर्ण असफल भएको' निचोड निकालेको हो । प्रजातन्त्रपछि हरेक वर्षको रातो किताबमा सरकारले कर्णालीका समस्यालाई सम्बोधन गर्ने लक्ष्य लिएर अर्बौं रुपैयाँ लगानी गरे पनि उचित अनुगमन, रेखदेख र अक्षम प्रशासन संयन्त्रका कारण लगभग सबै कार्यक्रम असफल भएका छन् ।

महत्त्वका हिसाबले कर्णालीमा जति अन्य कुनै जिल्लाले प्राथामिकता पाएका छैनन्, तर सबै योजनाहरू रातो किताबमा मात्र सीमित हुने गरेको भन्दै योजना आयोगका सदस्य भीमप्रसाद न्यौपाने भन्छन्, 'विगत तीन वर्षको अवधिमा कर्णालीमा प्रचुर सहयोग पुगेको छ, सरकारले चाहिएभन्दा बढी प्राथमिकतामा राखेको छ । तैपनि प्रगति विवरण कागजमा मात्र सीमित छ, कार्य क्षेत्रमा देखिएको छैन ।'


हुम्लाको हिल्दुङ जलविद्युत् आयोजना, मुगु गमगढीको ताल्चा विमानस्थल परियोजना, हुम्ला-हिल्सा सडकको खोचेरपुल यस्ता उदाहरण हुन्, जुन परियोजनालाई सरकारले वर्षौंदेखि प्राथमिकताको पहिलो सूचीमा राखेको भए पनि ३२ वर्षपछि ताल्चा विमानस्थलबाहेक अन्य कुनै परियोजना सफल हुन सकेको छैन ।

जुम्ला-सुर्खेत सडको जुम्ला-कालिकोट खण्ड सफल मानिए पनि सुर्खेत-जुम्ला सडक परियोजना २०४६ पछि प्रत्येक वर्ष प्राथमिकतामा राखिएको, तर असफल योजना मानिन्छ । 'मुलुकको शासनसत्ता हातमा लग्नेहरूका लागि कर्णाली सधैं अध्ययनस्थल बन्यो, आश्वासन बाँड्ने थला बन्यो कामका लागि सरकार खटिएन । यसले पनि कर्णालीका लागि भनेर छुट्याइएका सबै

**प्राथमिकता छुट्याए पनि कर्णालीमा सरकार पुरै असफल भएको निष्कर्ष योजना आयोगले नै निकालेको छ ।**

# नयाँ प्रयोग आवश्यक

■ ज्योति देवकोटा/काठमाडौं (तस्बिरहरू: तेज बस्नेत)



कुपोषणको शिकार एक जुम्ली बालक

कार्यक्रम असफल भएका हुन्', पत्रकार भैरव रिसाल बताउँछन् ।

भौतिक पूर्वाधारमा मात्र होइन, जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्न बनेका सरकारी विशेष कार्यक्रमहरू समेत असफल देखिए । कर्णालीका लागि भनेर वर्षौंदेखि दिइँदै आएको खाद्यान्न, शिक्षा, स्वास्थ्य, कृषि जस्ता सामान्य कार्यक्रममा पनि सरकार असफल देखिएको छ ।

'जुम्लामा कसैको मृत्यु भयो भने दस वर्षअघि पनि नेपालगन्जबाट चिकित्सक झिकाएर जाँच गर्नुपर्ने अवस्था थियो, अहिले पनि यसमा कुनै परिवर्तन आएको छैन, स्वास्थ्यमा भएको यति ठूलो लगानीलाई खिल्ली उडाएजस्तै भएको छ', न्यौपानेको भनाइ छ ।

'भौतिक पूर्वाधार निर्माणका काममा माओवादीले अवरोध पुऱ्याएको' भनेर पन्छिने अवस्था भए पनि अन्य कार्यक्रमहरूमा पनि सरकार असफल देखियो', योजना आयोगका पूर्व अध्यक्ष डा. शंकर शर्मा बताउँछन् । उनी अगाडि भन्छन्, 'कर्मचारी संयन्त्रमा देखिएको गैरजिम्मेवारपन, सरकारी पक्षबाट अनुगमन नहुनु, कर्मचारीलाई सजायका हिसाबले कर्णालीमा पठाइनुजस्ता क्रियाकलापले कर्णालीमा लागू गरिएका कार्यक्रमहरू सफल हुन सकेनन् ।'

२०४६ अघि सरकारले कर्णालीका पाँच जिल्लामा प्रतिजिल्ला १ करोड दिएर सुरु गरेको विशेष कार्यक्रमको बजेट प्रतिवर्ष चुलिँदै गएको छ । त्यो बजेट त्यही बीस वर्ष पुराना कार्यक्रममा खन्याउने गरिएको छ । सरकारभित्रै देखिने अन्तरद्वन्द्वका कारण योजना र कार्यक्रम सफल हुन सकेका छैनन् । हिल्सा-सिमिकोट सडक जोड्ने खोचरे पुलका लागि भनेर त्यहाँका स्थानीय जनताले रातो किताबमा बजेट पार्न संघर्ष गर्नुपऱ्यो । तीन करोड रुपैयाँको बजेट समेत निकास भयो ।



'दुर्गम क्षेत्र विकास समितिले यो काम हाम्रो भन्यो र सडक विभागले यो हाम्रो जिम्माको काम हो भन्यो । यसरी चलेको अन्तरविभागीय द्वन्द्वले त्यो पैसा त्यसै रोकियो', लामो समयदेखि हुम्लाको विकासमा चासो राख्दै आएका पत्रकार भैरव रिसाल भन्छन् ।

जुम्लामा रहेको कृषि कार्यालय अन्तर्गत पशुसेवा कार्यालयमा बर्सेनि ६० लाख बजेट जाने गर्छ । '५४ लाख कर्मचारी खर्चमा जाने गरेको देखियो, बाँकी ६ लाखले जुम्लामा कुनै पनि कार्यक्रम सफल हुन सक्दैन, सरकारले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुभन्दा अन्यत्र गाभेर त्यो लगानी अन्त लगाउने पहल गर्नुपर्छ', कर्णाली विकासको नयाँ अवधारणा कोरिरहेका भीमप्रसाद न्यौपाने भन्छन् ।

**'५४ लाख कर्मचारी खर्चमा जाने गरेको देखियो, बाँकी ६ लाखले जुम्लामा कुनै पनि कार्यक्रम सफल हुन सक्दैन, सरकारले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुभन्दा अन्यत्र गाभेर त्यो लगानी अन्त लगाउने पहल गर्नुपर्छ**

■ **भीमप्रसाद न्यौपाने**



यसै वर्षदेखि सरकारले 'कर्णालीमा उज्यालो' विशेष कार्यक्रम घोषणा गऱ्यो । कार्यक्रम घोषणा भएको ६ महिनापछि आउँदो पुस १ गतेदेखि यो कार्यक्रम लागू गरिँदै छ । 'दस वर्षदेखि अधुरो रहेको हिल्दुङलाई त्यो रकम लगानी गरे अँध्यारोको समस्या समाधान हुन्छ । अब योजना आयोग र सरकारले पनि कर्णालीको दिगो विकासका लागि नयाँ सोच अगाडि ल्याउन सक्नु पर्छ । अन्यथा उज्यालो कार्यक्रम पनि असफल कार्यक्रममै गनिनेछ', पत्रकार रिसाल भन्छन् ।

सबै जिल्लामा समान विकासको अवधारणा कर्णालीमा असफल भएको गुनासो केन्द्रमा समेत पुगेको थियो ।

सरकारले समान विकास परियोजना ल्याएर कर्णालीमा विकास हुन सक्दैन भन्ने सोच्न जरुरी छ, सामान्य कुरामा पनि सरकार असफल देखिएको छ । 'सत्तरी वर्ष कटेकालाई वृद्धभत्ताको कार्यक्रम ल्याइयो । त्यो पनि कर्णालीमा सफल देखिएन, सरदर आयु ५० वर्ष भएका जिल्लामा यो कार्यक्रम कसरी सफल हुन्छ भन्ने सामान्य कुरामा पनि सरकार असफल देखियो', भीमप्रसाद न्यौपाने भन्छन् ।

सरकारले चलाएका शिक्षाका कार्यक्रमहरू पनि कर्णालीमा असफल नै देखिएका छन् । आर्थिक लगानीका हिसाबले हेर्ने हो भने पाँचवटा जिल्लाका लागि भनेर २० करोड बजेट छुट्याएको छ, तर शैक्षिक अवस्थाको सूचकांक केलाउँदा कर्णाली मुलुकमै पछाडि देखिएको छ ।

प्रजातन्त्रपछि शिक्षामा सर्वसाधारणको पहुँच पुऱ्याउन विशेष कार्यक्रमको अवधारणा अगाडि ल्याइयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग जुटाएर ७ करोडबाट ८७ करोड रुपैयाँ पुग्यो । उक्त कार्यक्रमको प्राथमिकताको सूचीमा पनि कर्णाली अगाडि नै थियो, तर शिक्षामा पनि भनेजति सफलता पाउन सकिएन ।

सरकारले कर्णालीका विशेष कार्यक्रमअन्तर्गत खाद्यान्न ओसार्नका लागि मात्र बर्सेनि करिब १८ करोड रुपैयाँ खर्चिने गर्छ । तैपनि, लक्षित वर्गले सहुलियतको खाद्यान्न नपाएको, कर्मचारी, सुरक्षाकर्मीले मात्र उपयोग गर्ने गरेका तथ्यहरू बाहिर आउने गरेका छन् ।

योजना आयोगको निष्कर्ष रहेको छ 'कर्णालीको विडम्बना भनेको अहिलेसम्म खाद्यान्नको राजनीतिमा नै अल्झिनु हो । कर्णालीको विकासको रेखा कोरिरहेकाहरू यो सोचबाट बाहिर आउन जरुरी छ । अन्यथा विकासको मूलधारमा कर्णालीलाई ल्याउन सकिने अवस्था छैन । खाद्यान्न बाँड्ने परम्परा तोड्नै पर्छ र यसमा हुँदै आएको लगानी सडकमा थपेर पाँचै जिल्लामा सडकको मुद्दालाई मुख्य बनाउनु पर्छ ।'

गत तीन वर्षदेखि कर्णालीमा छुट्याएको वजेट कहाँ खर्च भयो भनेर सरकारी ढङ्गामा समेत पत्ता लगाउन मुस्किल रहेको बताउँदै योजना आयोगका कर्णाली विशेष कार्यक्रम हेरिरहेका न्यौपाने भन्छन्, 'जिल्लाको जिम्मेवारी दिएर केन्द्रले पठाएका धेरैजसो जिम्मेवार व्यक्तिहरू नेपालगन्जमा बस्ने, मन्त्री र योजना आयोगका कर्मचारी जाँदा मात्र जिल्लामा जाने उदाहरण प्रशस्तै देखिए ।'

यस वर्ष मात्र सरकारले कर्णालीका लागि १ अर्ब ४२ करोड वजेट छुट्याएको छ भने विशेष कार्यक्रमका लागि भनेर छुट्याइने वजेटले अर्बौं नाघेको छ । यी कार्यक्रम पनि सफल हुने देखिँदैनन् । 'कर्णालीमा उज्यालो' विशेष कार्यक्रमका लागि मात्र १४ करोड रुपैयाँ लगानी गरिएको छ । कार्यक्रम घोषणा भएको ६ महिना बितिसक्दा पनि ठोस काम हुन सकेको छैन', मुगुका सांसद चन्द्रबहादुर शाही भन्छन्, 'कर्णालीलाई सधैं असफल हुने कार्यक्रम मात्र दिने गरिएको छ, उज्यालो कार्यक्रम सफल हुन सम्भवै छैन ।'

गएका वर्षहरूमा कर्णालीको जडिबुटी व्यवस्थापन गर्न भनेर प्रत्यक जिल्लालाई १ करोड छुट्याइएको थियो । यो पनि सफल भएन । केन्द्रले छुट्याउने वजेटबाहेक कर्णालीका लागि भनेर ल्याइने विशेष कार्यक्रमको लागि सरकारले गर्ने लगानी खेर गएको छ । अहिले कर्णालीका लागि पैसाको कमी देखिएको छैन । चुस्त प्रशासन संयन्त्र र जिल्लामा पुगेका कर्मचारीहरू उत्तरदायी बन्ने वातावरणको सृजना गर्न जरुरी देखिएको छ । ■

**राष्ट्रिय ध्वजावाहक** नेपाल वायुसेवा निगमले चारवटा विमान किन्ने योजना सार्वजनिक गरेपछि निगमले काँचुली फेर्ने विश्वास गरिएको छ। तर, पाँच वर्षदेखि विमान थप्ने एउटै रटानमा केन्द्रित निगमले विमान नकिन्दासम्म ति योजना पत्यारयोग्य मानिएको छैनन्।

निगमद्वारा जारी 'श्वेतपत्र' ले निगमप्रति व्याप्त अविश्वासमा कमी ल्याएको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीले निगममा सुधार गरेरै छाड्ने वाचा पनि गरेका छन्। सफल शान्ति वार्तामा सरकारको तर्फबाट प्रतिनिधित्व गरिरहेका मन्त्री ज्ञवालीले भनेका छन्, 'देशको यति ठूलो राजनीतिक समस्या त समाधान गर्न सकियो भने निगमको सुधार गर्न सकिन्छ भन्ने मलाई विश्वास छ।'

श्वेतपत्रमा 'निगमलाई नाफामूलक संस्थामा परिणत गर्न ५०-६० सिट क्षमताका दुई 'टर्वोप्रप' र दुई ठूला 'जेट' विमान यथाशक्य थप्नु पर्ने' आवश्यकता औंल्याइएको छ। निगमले निकै चलाखीपूर्वक पर्यटन विकासका लागि ५०-६० सिटका दुई विमानको आवश्यकता औंल्याएपछि सरकारले त्यसमा सहमति जनाएको छ। शाही सरकारको कार्यकालमा तत्कालीन शाही नेपाली सेनाका लागि चीनसँग किन्ने निर्णय गरिएका 'एमए-६०' दुई विमान अहिले निगमको चाहनाविपरीत भित्र्याउने अन्तिम तयारी भइरहेको छ, । लोकतान्त्रिक सरकारले ती विमान ल्याउन नचाहेको भए पनि एकपटक सम्झौता भइसकेको विषयमा परिवर्तन गर्न चीन सरकार सहमत नभएपछि विमान ल्याउनै पर्ने बाध्यतामा सरकार पुगेको हो। सम्झौताअनुसार ती विमानको २० प्रतिशत मूल्य अर्थात् ४० करोड रुपैयाँ अग्रिम भुक्तानी भइसकेको छ। ती विमान सेनाका लागि मगाइएको भए पनि अब निगममार्फत नागरिक उड्डयन प्रयोगमा ल्याइनेछ। यो बाध्यताबाट गुज्रिरहेको निगमले आफूलाई तिनै विमानको क्षमताअनुसारका विमान आवश्यकता रहेको भन्दै सरकारलाई साथ दिएको छ।

मन्त्री ज्ञवालीले पनि 'शाही सत्ताले गरेका अपराधहरूको भारी पछिसम्म पनि बोक्नु पर्ने बाध्यता'का रुपमा प्रस्तुत गरेका छन्, यस मामिलालाई। सरकारले बाध्यतापूर्वक खरिद गर्नु परेका दुई विमान छिट्टै निगमले पाउनेछ।

अन्तर्राष्ट्रिय उडानका लागि निगमले थप दुई 'वाइड बडी' खरिद गर्ने बताएको छ। ती विमान कहिलेसम्म खरिद गरिनेछ भन्ने कुराको टुंगो छैन। विमान खरिदका लागि आवश्यक गृहकार्य गर्न गठित समितिले काम अगाडि बढाइरहेको र यो विषय छिट्टै निगम बोर्डमा प्रस्तुत गरिने बताइएको भए पनि त्यसका लागि निगमसँग आवश्यक वित्तीय स्रोतको पनि अभाव छ। विगतमा जेट भाडामा लिनका लागि बैंकहरूसँग ऋण लिने प्रयासमा पनि निगम असफल भएको थियो।

श्वेतपत्रका अनुसार निगम यो वर्ष ३४ करोड ९ लाख रुपैयाँ नाफामा रहेको अनुमान गरिएको छ, तर गत वर्ष मात्रै २७ करोड २४ लाख रुपैयाँ नोक्सान व्यहोरेको पृष्ठभूमिमा निगममा लगानी




# फेर्ला चोला ?

■ मधुसूदन पौडेल/काठमाडौं (तस्वीर : तेज बस्नेत)

गर्न बैंकिङ क्षेत्र उत्साहित हुने अवस्था देखिँदैन ।

सन् २००४ देखि 'बोइङ- ७५७'को उत्पादन बन्द भइसकेको छ भने यी विमानको नियमित मर्मत सम्भारमा समेत समस्या देखा परिसकेको छ । यो अवस्थामा निगमले तत्काल कम्तीमा दुइटा आधुनिक 'वाइड बडी' खरिद नगर्ने हो भने केही समयभित्रै अन्तर्राष्ट्रिय उडानको निरन्तरता समाप्त हुनेछ । यो तितो सत्यलाई निगम संचालक र व्यवस्थापनका अधिकारीहरूले स्विकारेका छन् । निगम संचालक समितिका अध्यक्ष एवं संस्कृति पर्यटन तथा नागरिक उड्डयन सचिव माधवप्रसाद घिमिरे भन्छन्, 'विमान खरिद गर्ने विषय हाम्रो मुख्य प्राथमिकताको विषय हो ।'

निगम बाँच्ने वा समाप्त हुने विषय अन्तर्राष्ट्रिय उडानमै निर्भर रहेको छ । दुईवटा विमानमार्फत संचालन हुँदै आएका अन्तर्राष्ट्रिय उडान खुम्चिँदै गएको अवस्थामा पनि निगमको एकमात्र आर्थिक आधार तिनै उडानबाट कमाएको आम्दानी हो । यसअघि यी विमानबाट १३ अन्तर्राष्ट्रिय सेक्टरमा उडान गरिएकोमा अहिले ६ स्थानमा झरेको छ । निगमले अहिले ४ वटा 'ट्विन अटर' विमानमार्फत मुलुकका २९ आन्तरिक स्थानमा उडान गरिरहेको छ । जसमध्ये अधिकांश उडान दुर्गम क्षेत्रमा रहेका छन् । सामाजिक दायित्व बोकेको राष्ट्रिय ध्वजावाहकको मुख्य भूमिकामा भरिएका यी आन्तरिक उडानहरूबाट निगमले बर्सेनि १८ करोड रुपैयाँ नोक्सानी व्यहोर्दै आएको छ । निगमको आम्दानीको अर्को स्रोत नेपाल उडान भर्ने अन्तर्राष्ट्रिय विमानलाई 'ग्राउन्ड ह्यान्डलिङ' सुविधा उपलब्ध गराउनु हो । यसबाट वार्षिक करिब ६० करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको छ ।

## पारदर्शिताको सवाल

निगम आर्थिक रुपमा संकटमा पर्दै जानु र






नयाँ विमान किन्न नसक्ने अवस्थामा पुग्नुको मुख्य कारण विमान खरिद वा भाडामा लिँदा गरिएका भ्रष्टाचारहरू नै हुन् । त्यसैले सामान्यतया विमान खरिद वा भाडामा लिने मामिला अगाडि आउनासाथ निगममा पुनः अर्को भ्रष्टाचार हुँदै छ भन्ने नै सोचिन्छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि वर्तमान सरकारमा रहेका दलकै नेताहरूको संरक्षणमा गरिएका डरलाग्दा भ्रष्टाचारका कारण वास्तवमा बदनाम बनेको छ, विमान खरिद मामिला । चेज एयर, धमिजा, चाइना साउथ वेस्ट र पछिल्लो लाउडा विमान भाडा प्रकरण वास्तवमा निगमका लागि कालो इतिहास सावित भएका छन्, जसमा अहिलेका सत्ताधारी दलका नेताहरू सहभागी थिए । यिनै काण्डहरूका कारण निगम निरन्तर ओरालो लागेको हो । आर्थिक वर्ष २०५७/२०५८ मा मात्रै निगमले १ अर्ब ८० लाख रुपैयाँ नोक्सानी व्यहोर्नुमा यिनै प्रकरणहरू दोषी थिए, जसका कारण पछिल्लो समयमा विमान भाडामा लिने वा खरिद गर्ने भन्ने कुरा गर्नासाथ बदनाम बनिने भयका कारण निगमका अधिकारीहरूले यी विषयमा निर्णय लिन नै चाहेनन् । विमान खरिदसम्बन्धी एजेन्डा निगम बोर्डमा वर्षौंदेखि थन्किएर रहनुमा यही कारण थियो । विमान खरिदमा व्यापक भ्रष्टाचार गरिने र निगमले आर्थिक रुपमा फाइदा हासिल गर्न नसक्ने विश्लेषणका साथ बैंक तथा वित्तीय संस्थाहरूले पनि निगमलाई पत्याउन छाडेका छन् । यो समस्या निगमले अहिले पनि भोगिरहेको छ ।

जटिल समस्याका बीच मन्त्री ज्ञवालीले विमान खरिद प्रक्रियामा पूर्ण पारदर्शिता अपनाइने प्रतिबद्धता व्यक्त गरेका छन् । यो प्रक्रियालाई विश्वसनीय बनाउन विमान खरिदसम्बन्धी बोर्डका बैठकहरूमा पत्रकारलाई पनि सहभागी बनाउन निर्देशन दिएका छन्, सम्बन्धित समितिलाई । उनी भन्छन्, 'माथिको मिलोमतो वा संरक्षण विनाभ्रष्टाचार सम्भव देखिँदैन । जबसम्म म यो मन्त्रालयमा रहनेछु । त्यसो गर्नु सम्भव हुनेछैन ।' तैपनि अन्तर्राष्ट्रिय सञ्जालबीच गुज्रिने यो ममिलामा कत्ति पनि भ्रष्टाचार हुनेछैन भन्ने विषयमा उनी आफैं पनि ढुक्क हुन भने सकेका छैनन् । तैपनि शतप्रतिशत भ्रष्टाचारलाई निषेध गर्न सकिनेछ भन्ने दाबा म पनि गर्न सक्दिनँ ।' एकदमै अपारदर्शी प्रक्रियाबाट विमान खरिद गर्ने नेपाली मौलिक परम्पराविपरीत मन्त्री ज्ञवालीले यथार्थता स्विकारेका छन् । जसको सकारात्मक प्रभाव आमनागरिक र लगानी गर्ने वित्तीय संस्थाहरूमा पनि पर्नेछ ।

## निगमको भविष्य

निगम संचालनको सरकारी नीतिमा निगमको भविष्य जोडिएको छ । अहिलेसम्म सरकारको स्वार्थअनुसार निगम एक सरकारी अखडाका रुपमा प्रयोग हुँदै आएको छ । यद्यपि, निगमको समस्यामा भने सरकारले साथ दिने गरेको छैन । त्यसैले निगम संचालनका लागि सरकारले नीतिगत रुपमा स्पष्ट खाका तयार नबनाएमा अब निगम यही रुपमा धेरै दिन टिक्न सक्ने अवस्था छैन ।

विगतका सरकारले निगमलाई निजीकरण गर्ने योजना बारम्बार दोहोर्‍याएका भए पनि सत्ताधारीहरूका लागि दुहुनो गाई सावित भएको निगमको निजीकरण नारामै मात्र सीमित रह्यो । निगम सुधारका लागि पूर्व मुख्यसचिव दामोदरप्रसाद गौतम र राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. शंकर शर्माको संयोजकत्वमा आयोगहरू बनाइए, जसले निजीकरणमै जानु पर्ने सुझाव दिएका थिए । सरकारले ती सुझावलाई बेवास्ता गर्दै आएको छ ।

शंकर शर्मा आयोगले निगम संचालनका लागि ख्यातिप्राप्त अन्तर्राष्ट्रिय विमान कम्पनी, निजी क्षेत्र र राष्ट्रिय ध्वजावाहकको साख जोगाउन न्यूनतम सरकारी सेयर कायम गरी निगमको सुधार गर्नु पर्ने सुझाव दिएको थियो । सरकारी संस्थानका रुपमा संचालन हुँदा निगम सुधारको आशा अब करिब समाप्त भएको छ । यो कुरामा एक हदसम्म सरकार पनि सहमत देखिन्छ । मन्त्री ज्ञवालीले सरकारकै हातमा राख्ने वा पूर्ण रुपमा निजी क्षेत्रलाई सुम्पिने विकल्पका रुपमा 'पब्लिक प्राइभेट पार्टनरसिप'मा निगम संचालन गरिने प्रतिबद्धता जनाएका छन् । यो प्रक्रिया कसरी कार्यान्वयन गर्ने स्पष्ट खाका भने सरकारले तयार पारिसकेको छैन । मन्त्री ज्ञवालीको विश्लेषणमा निगमका कर्मचारी, सर्वसाधारण, विदेशी विमान कम्पनी र निजी क्षेत्रका लागि निश्चित सेयर बाँडफाँडका आधारमा निगमले आफ्नो भविष्य तय गर्नेछ । तर निगम सुदृढीकरणपछि मात्रै यो प्रक्रियामा प्रवेश गरिने उनले बताएका छन् । सरकारी जिम्मेवारीका रुपमा दुर्गम क्षेत्रमा उडान भर्ने सामाजिक दायित्व र नाफा कमाएर आफ्नै खुट्टामा उभिनु पर्ने बाध्यता, निगमको काँधमा यो भारी बोकाइनेछ । ■

## 'बैंक अफ दि इयर' एभरेष्ट बैंक

**एभरेष्ट बैंक** यस वर्षको 'बैंक अफ दि इयर-२००६' बाट सम्मानित भएको छ। लन्डनस्थित फाइनान्ससियल टाइम्सले प्रत्येक वर्ष प्रदान गर्ने यो अवार्ड बैंकको वित्तीय अवस्था र व्यवस्थापन दक्षताका आधारमा प्रदान गरिन्छ। यसअघि नेपालका नविल र इन्भेस्टमेन्ट बैंक यो अवार्डबाट सम्मानित भइसकेका छन्। बैंकका कार्यकारी निर्देशक जसपाल जसका अनुसार व्यवसायिक दक्षतामा वृद्धि, धितोमा सुधार, सुशासन तथा सेयरधनीलाई आकर्षक प्रतिफल दिन सक्षम लगायतका क्षेत्रमा हासिल उपलब्धिका कारण अवार्ड पाउन सक्षम भएको हो। बैंकले गत वर्षको तुलनामा ३९ प्रतिशतले आफ्नो नाफा वृद्धि गरी यो वर्ष २३ करोड ७३ लाख रुपैयाँ पुऱ्याएको छ। नेपालका अन्य बैंकको तुलनामा अत्यन्तै न्यून खराब कर्जा रहेको उक्त बैंकमा १ दशमलब २७ प्रतिशतमात्रै खराब कर्जा रहेको छ। यो वर्ष निक्षेप संकलनमा ३६ प्रतिशतले वृद्धि भएको जानकारी पनि बैंकले दिएको छ। आगामी दिनमा जलस्रोत लगायतका क्षेत्रमा पनि बैंकले लगानी विस्तार गर्नेछ।

## सानिमा तेस्रो वर्षमा

**गैर-आवासीय** नेपालीद्वारा प्रवर्द्धित सानिमा विकास वित्तीय संस्था लिमिटेड तेस्रो वर्षमा प्रवेश गरेको छ।

संस्थाले आर्थिक वर्ष २०६२/०६३ मा १ करोड ८३ लाख रुपैयाँ संचालन मुनाफा आर्जन गरेको र खुद मुनाफा ८६ लाख ५० हजार रुपैयाँ रहेको संस्थाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। संस्थाले स्थापनाकालदेखि नै मुनाफा आर्जन गर्दै आएको छ।

ग्राहकलाई सन्ध्याकालीन काउन्टर, गैरकोषमा आधारित सुविधा, सेफ डिपोजिट लकर तथा विदेशी विनिमय कारोवारका प्रतितपत्रबाहेक सबै सेवा प्रदान गर्दै आएको संस्थाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सर्वसाधारणलाई सेयर बिक्री गरेपछि कम्पनीको चुक्ता पुँजी ३२ करोड रुपैयाँ पुगेको छ। सानिमा नाम परिवर्तन गरी सानिमा विकास बैंक लिमिटेड हुने प्रक्रियामा रहेको बताइएको छ।

## रेन्बो ग्रुपलाई फुजी फिल्म

**दुई दशकदेखि फोटोग्राफिक** सामानको कारोबार गर्दै आएको रेन्बो ग्रुप नेपालका लागि फुजी फिल्म जापानको आधिकारिक बिक्रेता नियुक्त भएको छ। यसै साता रेन्बो ग्रुपले एक कार्यक्रमको आयोजना गरी फुजी फिल्म मिनी ल्याबलाई बजारमा प्रवेश गराएको छ। उक्त अवसरमा रेन्बो ग्रुपका अध्यक्ष सुभाषचन्द्र संघाईले फोटोल्याब र फोटोग्राफिक सामानको विश्वकै प्रमुख उत्पादक फुजी फिल्मसँग आबद्ध हुन पाएकोमा खुसी प्रकट गरेका छन्।

फुजी फिल्मका उत्पादनको बजार प्रवर्धनमार्फत भविष्यमा यो सम्बन्ध अझै मजबुत र सुमधुर हुने विश्वास उनले व्यक्त गरेका छन्। नेपाली बजारमा यसअघि नै लोकप्रिय फुजी फिल्मका उत्पादनले थप लोकप्रियता पाउने विश्वास रेन्बोले गरेको छ।

सो अवसरमा फुजी फिल्म रिजनल सर्भिसेज सिंगापुरका प्रबन्ध निर्देशक यासुहिरो इगामीले फुजी फिल्मको नीति र रणनीतिका बारेमा प्रस्ट्याएका थिए। समारोहमै फुजी फिल्मको मिनिल्याब बुकिङ गर्ने ग्राहकलाई विशेष सहुलियतको घोषणा पनि गरिएको थियो। हाल फुजी फिल्म मिनी ल्याबका दुइटा मोडल, फ्रन्टियर डिजिटल ५०० र ५५० लगायत अन्य फोटोग्राफिक सामान नेपाली बजारमा उपलब्ध हुने रेन्बो ग्रुपले जनाएको छ।

## डिस्कभरको जादु



**नेपालमा लोकप्रिय** मोटरसाइकल बजाजले आकर्षक 'डाउन पेमेन्ट स्किम' अगाडि सारेको छ। यो योजनाअन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा अत्यन्तै लोकप्रियता कमाएको 'बजाज डिस्कभर डिटिएसआई' मोटरसाइकल अब एघार हजार एक सय एघारको सजिलो डाउन पेमेन्टमा उपलब्ध हुनेछ। यस्तो योजना नेपालमा पहिलो पटक 'टु हुवइलर सेगमेन्ट'मा प्रयोगमा ल्याइएको दाबी कम्पनीको छ। बजाज डिस्कभर डिटिएसआईले प्रारम्भदेखि नै नवीन तथा आकर्षक योजना प्रस्तुत गरिरहेको छ। 'डिस्कभर द जादु' नामक बजार प्रवर्धन अभियान संचालन गरिसकेको यस मोटरसाइकलले हरेक योजनामा ग्राहक आकर्षक गरिरहेको छ। यो योजना कर्मचारी र युवा ग्राहक केन्द्रित गरिएको छ।



# नेपालको खराब सुरुवात




**कतारको राजधानी** दोहामा मंसिर १५ गते सुरु भएको पन्ध्रौं एसियाडमा नेपालले खराब सुरुवात गरेको छ। प्रतियोगिता सुरु भएको ५ दिनभित्रै बुधवारसम्म कुनै पनि उल्लेख्य सफलता नपाईकनै नेपालले ५ खेलमा पराजयलाई आत्मसात गरेको छ। दोहा एसियाडमा नेपालले १४ खेलमा भाग लिएको छ। जुडो, बक्सिङ, भारोत्तोलन, ब्याडमिन्टन, सुटिङ र सफ्ट टेनिसबाट नेपाली टोली बाहिरिसकेको छ। एसियाड सुरु भएको साता दिन बित्दा चेसले मात्र आशाअनुरुप प्रदर्शन गरेको छ।

पहिलोपल्ट एसियाडमा समावेश भएको चेसको पहिलो चरणको स्विस ऱ्यापिड राउन्डमा विलमलाल श्रेष्ठले स्मरणीय प्रदर्शन गरे। पैतीसौं श्रेणीबाट खेलको सुरुवात गरेका विलम पहिलो चरणको खेल सकिँदा आफ्नो श्रेणीमा सुधार गर्दै पच्चीसौं स्थानमा उक्लेका छन्। उनले ४ खेलमा जित, १ मा बराबर र ४ मा पराजय भोग्दै पहिलो चरणमा ४ दशमलव ५ अंक जोडेका छन्। उनले पहिलो चरणमा संयुक्त अरब इमिरेट्स (युएई)का ग्रान्ड मास्टर तलिब मुसालाई हराउँदै नेपाली चेस इतिहासमा ग्रान्ड मास्टरलाई हराउने इतिहास रचे। यसअघि कुनै पनि नेपाली चेस खेलाडीले ग्रान्ड मास्टरलाई जित्न सकेका थिएनन्। 'म दंग परेको छु', मंगोलियाका आइएम गुन्डाभालाई पनि हराउन सफल २१ सय चार रेटिङका विलमले *समय*सँग भने। नेपालका अर्का चेस खेलाडी सुरवीर लामाले पनि आफ्नो ऱ्याङ्किङमा दुई अंक सुधार गरेका छन्। उनले पहिलो चरणको खेलमा ३ जित, ५ हार र १ बराबर खेल्दै ३ दशमलव ५ अंक बटुलेका छन्। सैतीसौं स्थानबाट खेलको सुरुवात गरेका उनी हाल पैतीसौं स्थानमा छन्। यसैगरी नेपाली महिला चेस खेलाडी मोनालिसा खुम्बूले उन्नाइसौं स्थान बनाएकी छन्। पहिलो चरणको खेलमा बहराइनकी आयशा मुतेआलाई हराउन सफल मोनालिसाको तीन अंक छ।

नेपाली चेस खेलाडीहरू राम्रो प्रदर्शनको आशामा बुधवारदेखि नै क्लासिक स्विस इभेन्टमा सम्मिलित भए पनि नेपालका जुडो, बक्सिङ, भारोत्तोलन, ब्याडमिन्टन, सुटिङ र सफ्ट टेनिसका खेलाडीहरूले खराब पराजय व्यहोरे।

दसौं सागमा रजत पदक जितेका बक्सिङका सुशील घिमिरे पहिलो खेलमै श्रीलंकाका वास्ला वाकादापोलासँग ११-१९ अंकले पराजित भए। सुपर लाइटवेट घिमिरेले पहिलो चरणमा बाइ पाएका थिए। दसौं सागमै रजत जितेकी जुडोकी दुई महिला खेलाडी रन्जु राई र देबु थापाले पनि पहिलो खेलमै पराजय व्यहोरे। ६३ केजी तौलमा देबु तुर्किमिनिस्तानकी गुल्तार हायातवायभासँग लज्जास्पदरुपमा १४ सेकेन्डमै पराजित भइन्। उनलाई गुल्तारले इप्पोन गरेकी थिइन्। देबुको तुलनामा ५२ केजी तौलकी रन्जुले साहसिक प्रदर्शन गरिन्। तर, उनी चीनकी २५ वर्षीया पूर्व च्याम्पियन ली यिङसँग २ मिनेट १४ सेकेन्डमा पराजित भइन्।

ब्याडमिन्टनको महिला एकलतर्फ भाग लिएकी विराटनगरकी सुमिना श्रेष्ठ २१-१, २१-६ को सोझो दुई सेटमा सिंगापुरकी झिङ यिङसँग १४ मिनेटमै पराजित भइन्। मार्चपासमा नेपाली झन्डा बोकेका भारोत्तोलक कमलबहादुर अधिकारी ६३ केजी तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्नबाट चुके। १७ खेलाडी सहभागी इभेन्टमा कमलले एघारौं स्थान ओगटे पनि उनी चार महिनाअघि कोलम्बोमा सम्पन्न दसौं सागभन्दा राम्रो प्रदर्शन गर्नबाट चुके। काठमाडौंमा अभ्यासका क्रममा पिँडुलाको चोट बोकेर इरानमा एक साता छोटो वैदेशिक तालिमसकेर दोहा आइपुगेका कमलले कुल २ सय ५५ केजी तौलमात्र उठाए, जुन दसौं सागभन्दा ११ केजी कम थियो। 'हामीले २ सय ७० केजीको आशा गरेका थियौं, तर उसले राम्रो गर्न सकेन', पहिलोपल्ट विश्व च्याम्पियन टोलीसँगै 'ए' श्रेणीका खेलाडीहरूसँग प्रतिस्पर्धा गर्ने मौका पाएका कमलका प्रशिक्षक तीलक रावलले *समय*सँग भने। कमलले स्न्याचतर्फ १ सय १० केजी भार मात्र उठाएका थिए। उनले स्न्याचमा १ सय १७ केजी भार उठाउने आशा राखिएको थियो, तर उनले १ सय १० केजी तौल उठाउन तीनवटा मौका लिनु पऱ्यो। कमलले दसौं सागमा स्न्याचतर्फ १ सय १३ केजी भार उठाएका थिए। त्यसैगरी दसौं सागमा क्लिन एन्ड जर्कमा १ सय ५३ केजी भार उठाएका कमल एसियाडमा १ सय ४५ केजी भार मात्र उठाउन सफल भए। उनले नयाँ राष्ट्रिय कीर्तिमान र दसौं सागमा आफूले उठाएको कुल भारको कीर्तिमान तोड्न क्लिन एन्ड जर्कमा १ सय ५४ केजी भार उठाउने प्रयास गरेका थिए, तर असफल भए।

सुटिङतर्फ नेपाली महिला खेलाडी भगवती क्षेत्री, अस्मिता राई र फूलमाया क्याप्छाकीले ओलम्पिक छनोट चरणका लागि आवश्यक न्यूनतम ३ सय ७५ को स्कोर गरे पनि पुरुष खेलाडी असीम यादव वञ्चित रहे। फूलमायाले दसौं सागमा गरेको ३ सय ७७ को स्कोरमा सुधार गर्दै ३ सय ८० स्कोर गरिन्। भगवतीले दसौं सागमा गरेको ३ सय ८२ को स्कोर यथावत् राखिन् भने अस्मिताले दसौं सागभन्दा राम्रो स्कोर गर्न सकिनन्। उनले दसौं सागभन्दा पाँच स्कोर कम हान्दै ३ सय ७५ स्कोर गरिन्। पुरुषका लागि ओलम्पिक छनोट चरणमा आवश्यक न्यूनतम ५ सय ७४ स्कोरभन्दा तल असीमले ५ सय ६४ स्कोर मात्र गर्न सफल भए। 'कोलम्बोभन्दा अगाडि ल्याएको राइफल कक भएन, नपड्किने भयो', आफ्नो खराब प्रदर्शन औंल्याउँदै असीमले भने। यसैगरी सफ्ट टेनिसको मेन्स टिम इभेन्टबाट बाहिरिएको नेपाल एकलमा पनि पराजित भएको छ। एकलतर्फ कृष्णबहादुर राउतले पहिलो खेलमा फिलिपिन्सका जोन माइक एन्रिक्युजलाई ४-३ ले हराए पनि पछि जापानका हिदेनारी सिनोहारासँग ४-० ले पराजित हुन पुगे। श्यामकुमार लामा ताजकिस्तानका नेगमानुलोलाई ४-० ले हराए पनि उनी चिनियाँ ताइपेईका येन चुन याङसँग ४- ० ले पराजित हुन पुगेका थिए।

■ **नवीन अर्याल/दोहा, कतार**

# नयाँ युगमा प्रवेश

■ नवीन अर्याल/दोहा, कतार



'पन्ध्रौं एसियाड सुरु भएको घोषणा गर्दछु', मंसिर १५ गते दोहाको तिलस्मी खालिफा रंगशालामा कतारी राजा शेख हमद विन खालिफा अल थानीले पन्ध्रौं एसियाड सुरु भएको औपचारिक घोषणा गरेपछि कतार विश्व खेलमञ्चमा आफ्नो अलग पहिचान बनाउन सफल भएको छ।

उद्घाटन समारोहमा उपस्थित विदेशका उच्च तहका पाहुना, रंगशालामा उपस्थित चालीस हजार दर्शकमाझ शेख थानीले 'एसियाको पुरानो सहरमा अरबी संस्कृतिले सबैलाई स्वागत गर्न पाउँदा आफूलाई खुसी लागेको' बताएपछि कतार नयाँ युगमा प्रवेश गरेको छ।

एसियाड आयोजनाको पृष्ठभूमिमा पछिल्लो एक वर्षमा दोहामा बनेका सयवटा गगनचुम्बी घर र अरबी महिलाप्रति उदार बन्दै गएको सरकारी नीतिका कारण अहिले युरोपेली राष्ट्रमा कतार निकै चर्चामा छ।

यसै वर्ष सयुक्त राष्ट्रसंघको सुरक्षापरिषद्को अध्यक्षता ग्रहण गरेको कतारले ६ महिनाअघि प्रतियोगितास्थल तयारी अवस्थामा राख्न नसक्दा एसियाली ओलम्पिक कमिटीबाट चेतावनी पाएको थियो। तर, सन् १९७४ मा पहिलो पल्ट निर्माण भएको खालिफा रंगशाला पछिल्लो तीन महिनामै संसारकै नमुना रंगशालामा परिणत भएको छ। 'आश्चर्य तीन महिनामै विश्वको नमुना रंगशाला बनाएको छ, खालिफालाई', दोहा एसियाडका लागि दर्शकको स्वागतमा खटिएका नवलपरासीका हरिबहादुर चौधरीले *समय*लाई बताए।

एसियाड आयोजनाका लागि करिब ३ खर्ब रुपैयाँ खर्च गरिरहेको कतारले गत साता पन्ध्रौं एसियाडको विधिवत् उद्घाटन गर्दा कुनै कसर बाँकी राखेन। प्राकृतिक ग्याँस र तेल भण्डारका कारण सम्पन्न यो देश स्विजरल्यान्डपछि विश्वमा सबैभन्दा बढी प्रतिव्यक्ति आम्दानी भएको देश हो। त्यसैले कतारलाई मध्यपूर्वको स्विजरल्यान्ड पनि भन्ने गरिन्छ।

'उद्घाटनको भव्यतालाई हामी समापनमा पनि दोहोऱ्याउन चाहन्छौं', दोहा एसियाड आयोजना समितिका प्रवक्ता अहमद अब्दुल्ला अल खुलाइफीले बताए।

पन्ध्रौं एसियाडको उद्घाटनलाई खेलकुद इतिहासकै सबैभन्दा भव्य र सफल उद्घाटन बताइएको छ। उत्तर र दक्षिण कोरिया एउटै झन्डामुनि मार्च पास गरेको र उद्घाटन समारोहमा इरानी राष्ट्रपति महमुद अहमदिनेजादको उपस्थितिलाई पन्ध्रौं एसियाडको सबैभन्दा ठूलो घटनाको रुपमा हेरिएको छ। कतारी युवराज शेख मोहम्मद बिन हमद अल थानी, जो कतारको इक्वेस्टेरियन टोलीका कप्तान पनि हुन्। उनले उद्घाटन समारोहमा साहसिक घोड सवारमार्फत गरेको दीप प्रज्वलन अहिले दोहामा सबैभन्दा बढी चर्चामा छ। युवराज हमद अल थानीले दीप प्रज्वलनका लागि मात्र तीन महिना अस्ट्रेलियामा कडा प्रशिक्षण गरेका थिए। नगण्य मात्रामा वर्षा हुने कतारमा उद्घाटनको बेला अचानक ठूलो

**खेल इतिहासमै पहिलो 'मल्टी–मिडिया'को प्रयोग भएको दोहा एसियाडमा विश्वको सबैभन्दा ठूलो एलइडी स्क्रिन निर्माण गर्न खालिफा रंगशालामा पच्चीस हजार टन स्टिल र बीस हजार एलइडी रिब्स प्रयोग भएको थियो । यसैगरी ४४ वटा ठूलो पिआइजिई प्रोजेक्टर प्रयोग गरिएको थियो । उद्घाटन समारोहमा पच्चीस सय स्कुले छात्रछात्रा समावेश थिए भने चार हजार स्वयंसेवक खटिएका थिए ।**

वर्षा भएको थियो, जसका कारण युवराज थानीलाई दीप प्रज्वलन गर्न हम्मे हम्मे परेको थियो । उद्घाटनका बेला दोहामा परेको वर्षा अहिलेसम्मको सबैभन्दा ठूलो भएको मौसम विभागलाई उद्धृत गर्दै स्थानीय पत्रपत्रिकाले छापेका छन् । प्रतिकूल मौसमका बीच युवराज थानीले देखाएको साहसका कारण अहिले उनी कतारको राष्ट्रिय नायक बन्न पुगेका छन् । भर्खरै जन्मिएको बच्चाको नामकरण युवराजको नामबाट गर्न थालिएको छ ।

'उनी हाम्रा आदर्श हुन्', स्थानीय एक युवकले प्रतिक्रिया दिए । सन् २००० को सिड्नी ओलम्पिक उद्घाटनका रचनाकार डेभिड आटकिन्सले दोहा एसियाडको पनि जिम्मा लिएका थिए । उनले उद्घाटन समारोहलाई ऐतिहासिक बनाए । यो एसियाडमा विश्वकै सबैभन्दा ठूलो एलइडी डिस्प्ले स्क्रिन प्रयोग भएको थियो । एक्काइसौं शताब्दीको आधुनिक प्रविधि र पुरानो अरबी संस्कारलाई अँगाल्दै सुरु भएको पन्ध्रौं एसियाडको उद्घाटन समारोह विश्वका तीन अर्ब मानिसले टेलिभिजनमार्फत हेरेको अनुमान आयोजक समितिले गरेको छ ।

खेल इतिहासमै पहिलो 'मल्टी-मिडिया'को प्रयोग भएको दोहा एसियाडमा विश्वको सबैभन्दा ठूलो एलइडी स्क्रिन निर्माण गर्न खालिफा रंगशालामा पच्चीस हजार टन स्टिल र बीस हजार एलइडी रिब्स प्रयोग भएको थियो । यसैगरी ४४ वटा ठूलो पिआइजिई प्रोजेक्टर प्रयोग गरिएको थियो । उद्घाटन समारोहमा पच्चीस सय स्कुले छात्रछात्रा समावेश थिए भने चार हजार स्वयंसेवक खटिएका थिए । वर्षाका कारण उद्घाटन समारोह बिथोलिने सम्भावना हुँदाहुँदै पनि आटकिन्सले समारोहलाई सफल बनाइछाडे । चार घन्टा लामो उद्घाटन समारोहमा खेलप्रेमीहरूलाई अद्भुत आनन्द दिलाएका आटकिन्स यति हुँदाहुँदै पनि ताजमहल शीर्षकको एउटा इभेन्ट देखाउन भने असफल रहे । 'वर्षाका कारण सुरुमा मैले सबै योजना तुहिन्छ भन्ने ठानेको थिएँ, तर त्योचाहिँ हुन पाएन', उद्घाटनपछि आयोजित पत्रकार सम्मेलनमा आटकिन्सले पत्रकारहरूलाई भने । उनी असफल भएको ताजमहलको इभेन्ट समापन समारोहमा प्रदर्शन गर्ने योजना रहेको छ ।

दोहा एसियाडलाई खेल इतिहासको सबैभन्दा ठूलो आयोजना मानिने ओलम्पिकभन्दा भव्य र सफल बनाउन कतार सरकारले कुनै कसर बाँकी राखेको छैन । आयोजक समितिले आयोजनाको सबै जिम्मा सिड्नी ओलम्पिकमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिहरूलाई सुम्पिएको छ ।

यो एसियाडमा पैतालीस देशका दस हजार पाँच सयभन्दा बढी खेलाडी र अफिसियलहरू सहभागी छन् । कुल ३९ खेलमा चार सय २४ पदकका लागि भिडन्त हुँदै छ, जुन सन् १९५१ देखि सुरु भएको एसियाडको पचास वर्षभन्दा लामो इतिहासमा सर्वाधिक हो । दोहा एसियाडमा ओलम्पिकभन्दा एघार बढी खेल समावेश छन् । एसियाडको इतिहासमा सबैभन्दा बढी महिला खेलाडीको सहभागिता यही एसियाडमा भएको छ । लगभग २ हजार महिला खेलाडी प्रतियोगितामा भाग लिइरहेका छन् । प्रतियोगिता अवधिभर खेलाडी तथा पदाधिकारीहरूलाई बस्न र खानका लागि नयाँ एथ्लेट भिलेज नै तयार पारिएको छ, जसमा ३२ वटा आवासीय घर र आठ सय ११ वटा अपार्टमेन्ट निर्माण गरिएको छ । छत्तीसवटा लुगा धुने कोठा नै छन् ।

पन्ध्रौं एसियाडको समाचार संकलनका लागि पचास देशका २ हजार २ सयभन्दा बढी सञ्चारप्रतिनिधिहरू हाल दोहामा रहेको आयोजक समितिले जनाएको छ । त्यसैगरी ब्रोडकास्टिङका



एक हजार ६ सय प्रतिनिधि र एक हजार नौ सय टेलिभिजन स्टाफहरू विभिन्न प्रतियोगितास्थलमा खेल कभरेजका लागि खटिएका छन् ।

प्रतियोगिताको सफलताका लागि ७७ विभिन्न देशका १६ हजारभन्दा बढी स्वयंसेवकहरूलाई खटाइएको छ । आयोजक समितिका अनुसार प्रतियोगिता अवधिभर १ करोड १५ लाख पानीको बोतल खर्च हुने अनुमान गरिएको छ । यसैगरी प्रत्येक दिन ३ हजार पाँच सय किलो कागज खर्च हुने बताइएको छ । यो एसियाडमा बाल्नका लागि ल्याइएको 'टर्च'ले अहिलेसम्मकै एसियाड खेलको इतिहासमा सबैभन्दा लामो दूरी पार गरेको हो । १५ देश हुँदै ५० हजार किलोमिटर लामो यात्रा गरेर दोहा आइपुगेको एसियन गेमको टर्च लाइट पन्ध्र दिनपछि सन् २०१० मा चीनको ग्वाङझुमा भेट हुने वाचा गर्दै निभ्नेछ ।

### कमलको गौरव

दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)को स्वर्ण विजेता भारोत्तोलक कमलबहादुर अधिकारीले मंसिर १५ गतेदेखि सुरु भएको पन्ध्रौं एसियाडमा नेपाली टोलीको नेतृत्व गर्दै मार्च पास गरे । नेपालले अहिलेसम्म एसियाडमा एक रजत र सत्र काँस्य जितेको छ । एसियाडमा सहभागी ४५ राष्ट्रबीच देशको नेतृत्व गर्दै मार्च पास गरेपछि कमलले *समय*सँग भने, 'यो मेरो सपना थियो ।' मार्च पासमा ३९ खेलाडी र पदाधिकारी सम्मिलित थिए । चौधौं एसियाडमा काँस्य पदक जितेका र दसौं सागमा स्वर्ण पदक जित्दै दक्षिण एसियाली खेलकुदमा स्वर्णको ह्याट्रिक गर्ने इतिहास रचेका तेक्वान्दो खेलाडी दीपक विष्ट अभ्यासका लागि अमेरिकामै व्यस्त रहेको र उनी उद्घाटन समारोहमा दोहा नआइपुगेका कारण नेपाली टोलीको नेतृत्व गर्दै मार्च पास गर्ने जिम्मेवारी कमललाई दिइएको नेपाली टोलीका 'सेभ द मिसन' जीवनराम श्रेष्ठले दिए । यसअघि पन्ध्रौं एसियाडमा नेपाली टोलीको नेतृत्व गर्दै मार्च पास गर्ने जिम्मा दीपकलाई दिने बताइएको थियो ।

### सानिया 'मेनिया'

चीनिया खेलाडीहरूले एकपछि अर्को कीर्तिमान बनाउँदै पदक तालिकामा आफ्नो दह्रो उपस्थित जनाए पनि दोहामा सुरु भइरहेको पन्ध्रौं एसियाडमा एक महिला टेनिस खेलाडीको निकै चर्चा छ । सानिया मिर्जा, भारतीय टेनिस सुन्दरी । पन्ध्रौं एसियाडमा भाग लिन गत साता दोहा आइपुगेकी सानिया आफ्नो खेलभन्दा पनि भारतीयमूलकी मुस्लिम महिला खेलाडी भएकी हुँदा यतिबेला चर्चामा छिन् । दोहामा भारतीयहरूको बाक्लो उपस्थिति छ । उनी दोहा विमानस्थलबाट बाहिरिँदा स्थानीय फोटो पत्रकारदेखि लिएर विदेशी सञ्चारमाध्यमहरूले समेत उनलाई पछ्याएका थिए । अहिले उनी एथ्लेट भिलेजमा समेत आकर्षणकेन्द्र बन्न पुगेकी छन् । सानिया आफ्नी आमासँगै यो प्रतियोगितामा भाग लिन आएकी छन् । ■

## नेपाली उपस्थिति

**मंसिर १५ गते** कतारको राजधानी दोहामा पन्ध्रौं एसियाडको ऐतिहासिक उद्घाटन हुँदा दोहामा बसोवास गर्दै आइरहेका नेपाली सबैभन्दा बढी प्रफुल्लित थिए । दोहा एसियाडको उद्घाटनलाई ऐतिहासिक बनाउन सबैभन्दा बढी कतारमा बसेका नेपालीहरू खटिएका थिए । विभिन्न काम गर्ने सिलसिलामा कतारमा अहिले करिब डेढ लाख नेपाली रहेका छन् । एसियाली ओलम्पिक कमिटीले तयारीमा ढिलाइ भएको भन्दै एक वर्षअघि दोहाबाट पन्ध्रौं एसियाड आयोजना खोस्ने चेतावनी दिएपछि कतारले हतारमा आयोजना स्थल, बाटो र गगनचुम्बी घर बनाएको थियो । करिब एक वर्षमा दोहाको अनुहार फेर्न र आयोजनास्थललाई अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याउन नेपालीहरू रातदिन खटिएका थिए ।

'दोहा एसियाडको भव्य उद्घाटन सफल भएकोमा हामीलाई पनि गर्व लागेको छ', गैर-आवासीय नेपाली संघका उपाध्यक्ष सागर नेपालले *समय*सँग भने । नेपालीहरू अहिले दोहामा गगनचुम्बी भवन निर्माण गर्ने योजनामा अधिक संलग्न छन् । 'दोहामा मजदुरदेखि इन्जिनियरसम्म निर्माणको काममा छन्', उनी भन्छन् । अहिले दोहामा मात्र एक सय पचासभन्दा बढी इन्जिनियरहरू कार्यरत छन् ।

दोहाले पन्ध्रौं एसियाड आयोजना गर्ने अवसर पाएपछि पछिल्लो ६ महिनामा मात्र दोहामा एक सयजति गगनचुम्बी घर निर्माण भएको छ ।

स्थानीय सरकारले एसियाड सुरु हुनुअघि कर्निसवरपर विश्वस्तरको दुई सय १६ वटा गगनचुम्बी टावर बनाउने योजना बनाएको थियो, तर त्यो सफल हुन सकेन ।

हाल संचालन भइरहेको एसियाडमा खेलस्थलमा मात्र डेढ सय नेपाली खटिएका छन् । उद्घाटनको बेला खालिफ रंगशालामा पाँच सय नेपाली खटिएका थिए । हाल अडियन्स लिडरमा ५० नेपाली खटिएका छन् । त्यतिमात्र होइन, उद्घाटनमा प्रदर्शित हात्तीनाच नेपाली कलाकारले प्रदर्शन गरेका थिए । ■

## फेरि बज्यो पुरानो राष्ट्रिय गान

**नेपालको राजनीतिक** परिवर्तनसँगै परिवर्तन भएको राष्ट्रिय गान 'श्रीमान् गम्भीर नेपाली....' गीतका कारण दोहा एसियाडको आयोजक समितिले क्षमा माग्नु परेको छ ।

मंसिर १५ गते पन्ध्रौं एसियाड सुरु हुनुभन्दा एक दिनअघि एथ्लेट भिलेजमा झन्डोत्तोलन कार्यक्रममा आयोजक समितिले भुलवश खेलकुद गानको स्थानमा 'श्रीमान् गम्भीर नेपाली...' बजाएको थियो । पुरानो राष्ट्रिय गान बज्नेबित्तिकै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव तथा एसियाडमा नेपाली टोलीको 'सेभ द मिसन' बनेर आएका जीवनराम श्रेष्ठले आपत्ति जनाएका थिए । पछि आयोजक समितिले गल्ती स्विकार्दै खेलकुद गान लगाएका थिए । एसियाडमा सहभागी ४५ राष्ट्रलाई स्वागत गर्ने क्रममा आयोजित कार्यक्रममा नेपालको पुरानो राष्ट्रिय गान बजेपछि १५ मिनेट कार्यक्रम स्थगित भएको थियो । नेपाल ओलम्पिक कमिटीको आधिकारिक वेभ साइटमा नेपालको राष्ट्रिय गानको रुपमा 'श्रीमान् गम्भीर नेपाली....' यथावत् राखिएका कारण आयोजकहरूलाई भ्रम परेको एक पदाधिकारी बताउँछन् ।

तर, नेपाल ओलम्पिक कमिटीका सदस्य तथा सहायक 'सेभ द मिसन' अनिल शर्मा नेपाली राष्ट्रिय गान परिवर्तन भइसकेको सम्बन्धमा खेलकुद गानको विषयमा जानकारी दिन आफू सेप्टेम्बर १३ तारिखमा दोहा आएको बताउँछन् । 'प्रि-ड्राममा पनि हामीले खेलकुद गान आयोजकहरूलाई बुझाएका हौं', शर्माले *समय*सँग भने । 'सेभ द मिसन' जीवनराम श्रेष्ठ पनि झन्डोत्तोलन कार्यक्रम हुनुअघि खेलकुद गानको सिडी आफूले आयोजक समितिलाई दिएको बताउँदै भन्छन्, 'आयोजक समितिले गल्ती स्विकारेको छ ।'

खेलकुदमा परिवर्तन भएको गानका कारण विदेशी सञ्चारमाध्यमहरू पनि अलमलमा परेका छन् । उनीहरू मंसिर १४ गते नेपालको पुरानो राष्ट्रिय गानले १५ मिनेट व्यस्त कार्यक्रम रोकिँदा अचम्म परेका थिए । चार महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा दसौं साग हुँदा पनि फुटबलको सेमिफाइनलमा खेलकुद गानको स्थानमा पुरानो राष्ट्रिय गान बज्न पुगेको थियो । ■

# भाषिक शुद्धताको लागि

**विचार विनिमयको** लागि भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ। कुनै सञ्चारमाध्यम चाहे छापा होस् वा विद्युतीय, अनूभूति अभिव्यक्त गर्दा सुरुचिपूर्ण भाषा भयो भने त्यसको स्वादै बेग्लै हुन्छ। तर, बिडम्बना नै भनौं सञ्चारमाध्यममा लेख्दा र बोल्दा प्रशस्तै अशुद्धि रहने गरेको पाइएको छ। चाहे टेलिभिजन, रेडियोमा बोल्दा होस् वा चाहे पत्रिकामा लेख्दा, भाषा अशुद्ध भयो भने पढ्दा दाँतमा ढुंगा लागेको महसुस हुन्छ। हाम्रो लेखनमा भएका कमीकमजोरी खुट्ट्याई शुद्ध भाषा लेख्ने विधिहरूसमेत समेटेर शरच्चन्द्र वस्तीले लेखेको 'हाम्रो भाषा' नामक किताब सार्वजनिक भएको छ।




शब्दबाट अभिव्यक्ति हुन नसक्ने ज्ञान जतिसुकै महान् भए पनि निकम्मा हुने दृष्टान्त पेस गर्दै शब्दअनुशासनको औचित्यलाई लेखकले पुष्टि गर्ने जमर्को गरेका छन्। उनले लेखेका छन्, 'समाज र देशमा जे-जस्तो अन्योल र विग्रह छ। त्यसका पछाडि गलत नियतले वा अक्षमतावश जथाभावी प्रयोग गरिएका शब्द र भाषाको कति ठूलो भूमिका छ। भन्नु नपर्ला, देश, काल र परिस्थितिले हामीबाट सधैं शुद्ध र सही भाषाको अपेक्षा गरिरहेको हुन्छ।'

परम्परागत व्याकरणका किताबभन्दा यसले छुट्टै विशेषता बोकेको छ, सुरुमा अक्षर, शब्द, वाक्यको गठन समावेश गरिएको छ, जसले सुन्दर संरचनाका वाक्य बनाउन सहयोग मिल्छ। त्यस्तै विशेषण, अव्यय, क्रियाको सही ठाउँमा हुनुपर्ने उचित प्रयोग समेटिएको छ समावेश गरिएको छ, जसले सुन्दर संरचनाका वाक्य बनाउन सहयोग मिल्छ। त्यस्तै विशेषण, अव्यय, क्रियाको सही ठाउँमा हुनुपर्ने उचित प्रयोग समेटिएको छ। किताबको आखिरी भागमा विभिन्न समाचारपत्रमा प्रकाशित भाषिक अशुद्धि भएका समाचार, फिचर, लेख, सम्पादकीय उदाहरणको रुपमा राखिएका छन् र तिनमा रहेका त्रुटि औंल्याइएको छ। पत्रपत्रिकामा प्रयोग हुने भाषा स्तरमाथि प्रश्न उठिरहेको परिप्रेक्ष्यमा त्यसलाई निराकरण गर्न यो किताबले सहयोगीको भूमिका खेल्ने निश्चित छ।

# सामाजिक कुरूपताको चित्रण




**कपिल काफ्लेलाई** अधिकांशले पत्रकारको रूपमा चिन्छन्। हुन पनि, उनले दुई दशकभन्दा बढी समय पत्रकारितामा काम गरिसकेका छन्। उनलाई पत्रकारको रूपमा मात्र राख्दा सही मूल्यांकन नहुने उनका सिर्जनाले पुष्टि गरेका छन्। उनको पछिल्लो उपन्यास कृति 'सुसम चण्डिका'ले काफ्लेमा रहेको सिर्जनात्मक प्रतिभा उजागर भएको छ, उनी सामाजिक विषयवस्तुलाई नयाँ शैलीमा ढालेर लेख्न सक्ने उपन्यासकारका रूपमा स्थापित भएका छन्। यसअघि एक सांसदको अन्त्य (कथाकृति), चित्रगुप्त (व्यंग्यसंग्रह) र पत्रकारिता डट खोज प्रकाशन गरिसकेका काफ्लेको सिर्जनायात्रा 'सुसम चण्डिका'सम्म आइपुग्दा परिष्कार र प्रचुर सम्भावनातर्फ अघि बढेको आभास हुन्छ।

पत्रकारितामा नयाँ नयाँ रिपोर्ताज नै जहिले पनि प्राथमिकताको अग्रणी सूचीमा पर्छ। सायद त्यही मान्यताका कारण हुनसक्छ, जनआन्दोलन-२ बाट उपन्यास सुरु गरिएको छ। राजनीतिक घटनाबाट उठान गरिएको उपन्यासमा पुरातन र आधुनिक विचारको द्वन्द्वका साथै २०४६ सालअघिको नेपाली जनजीवनको 'फ्ल्यासब्याक' पनि आएको छ। युगौंदेखिको असमान र अवैज्ञानिक सामाजिक संरचनाको प्रतिनिधित्व गाउँले चण्डिका र सहरिया सुसमले गरेका छन्। दुवै पात्रमा रहेको क्रियाशीलता र जुझारुपनलाई महत्त्वपूर्णरुपले चित्रण गरिएको छ। उपन्यासको आठौं भागमा समाजमा पितृसत्तात्मक परिपाटीको उदय भएको पृष्ठभूमि नाटकीय प्रस्तुतिबाट उत्खनन गरिएको छ, जुन सम्भवतः अहिलेसम्मकै नेपाली उपन्यासमा नवीन प्रयोग हो। कुसंस्कार, कुप्रथा, गलत चिन्तनले जकडिएको समाजमा महिलाहरूको सामाजिक निरीह अवस्थाको चित्रण र पछि माओवादी विद्रोह सुरु भएपछि कोमल हातमा बन्दुक उठाउन तयार भएका महिलाहरूको बदलिंदो स्वरुपले मुलुकको यथार्थ परिवेश झल्किएको छ।

उपन्यासमा दुःख, पीडा, गरिबी, अभावमा बाँचेका जीवन अनि राज्य सञ्चालकमा हावी रहेको केन्द्रीकृत सोचका कारण गाउँ र सहरबीचको अपूरणीय खाडलको जीवन्त चित्रण छ। अधिकांश लेखक राजनीतिक विषयवस्तुलाई कि त कुनै गुटको आग्रहबाट हेर्छन् वा राजनीतिक विषयमा प्रवेश गर्न नै चाहँदैनन्। यो उपन्यास राजनीतिकै सेरोफेरोमा घुमे पनि कतै लेखकीय आग्रह पूर्वाग्रहको छनक पाइँदैन। आख्यानकार प्रदीप नेपालले 'सुसम चण्डिका'लाई यसरी मूल्यांकन गरेका छन्, 'धेरै पदार्थ समेटिएको 'सुसम चण्डिका' उपन्यासमा जीवनले भोगेका पीडा छ, सहर र गाउँबीचको चिताइनसक्नुको भेद छ, सहरको उपभोक्तावाद र गाउँको सामन्तवादको चित्रण छ।' मदरल्यान्ड नेपाल, क्यालिफोर्निया, अमेरिकाका लागि अनिल पाण्डे प्रकाशक रहेको यो उपन्यास नेपाली समाजका युगीन समस्या चित्रण गर्न सफल छ। साहित्यिक सिर्जना गर्दा अर्थात् कथा, उपन्यास, निबन्ध, कविता लेख्दा शास्त्रीय पद्धति नै 'गाल्नुपर्छ भन्ने मान्यताबाट लेखक मुक्त छन्, जुन सुखद पक्ष हो। पत्रकारितामा उचाइ हासिल गरिसकेका काफ्लेको प्रस्तुत कृति एक वर्षभित्र प्रकाशन भएका स्तरीय आख्यान कृतिहरूको सूचीमा पर्छ। समसामयिक विषयबाट उठान गरेर पुरातनवादी अवैज्ञानिक सोचको अन्त्य गरी सामाजिक सुधारको चेत बोकेको प्रस्तुत उपन्यास पठनीय त छँदै छ, काल्पनिक, सस्तो भावुकता र उपदेशजस्ता झिँजा पक्षहरूबाट मुक्त भई मानवशास्त्रीय र समाजशास्त्रीय दृष्टिकोणबाट हरेक समस्यालाई केलाइएकाले महत्त्वपूर्ण संग्रहणीय कृति बनेको छ।

■ छत्र कार्की

# एक टुक्रा वर्तमानमा

■ बाबुराम लामिछाने



'रुखका जरा माटोमा भए जस्तै तिम्रा जरा कहाँ छन् आवृत्ति ?'

'नाइटो...!' भन्न खोज्दाखोज्दै रोकिई र मतिर हेरी उसले ।

'कि हावादारी जीव हौ तिमी ? तिम्रा भावना, विचार, ज्ञानगुन...सब हावादारी कुरा हुन् ?'

'मान्छे हुनुको बोध र तज्जनित अभिमान देखा पऱ्यो उसमा । उमेर र गच्छेअनुसार असहमतिको भाव ह्वात्तै सतहमै ल्याइपुऱ्याई, तर ऊ कम बाठी केटी पनि त थिइन । गर्वोन्नत शिर ठाडो पारेर भनी-

'टाउको माथिका सूर्यलाई देख्नुहुन्छ अंकल ?'

'त्यो पनि सोध्ने कुरा हो !'

'कृपा गरेर बताइदिन सक्नुहुन्छ तपाईं सूर्यका जरा कहाँ छन् ? तमाम ग्रह-नक्षत्रहरू जो आकाशमा झुन्डिएका छन्– ती सबका जरा कुन अदृश्यमा छन् ?'

'आफ्नै यति जाबो कुरा त थाहा छैन, त्यति टाढाका त्यत्रा त्यत्रा कुरा के जानूँ म !'

'गतिशील चीजका, जीवका जरा ! यो कुरा अलि...!'

तिमीले मैले उत्तर फेला पारेनौं यसैले ? अँ, अहिले तिमी कतिमा पढ्छ्यौ रे ?'

'सेभेन्थ .! तर म अलि सानै छु । जुनसुकै कुराको फेदटुप्पो भेट्न उमेर पनि त केही कुरा हो । होइन र ?'

'डार्बिनलाई त पढ्यौ क्यार ?'

'अलिअलि ।'

'कत्तिको अनुगृहीत छौ त आफ्ना पुर्खा बाँदरप्रति तिमी ? कतै छोडेर आयौ ती सबलाई वा आफूसँगै घिस्याउँदै ल्याएकी छ्यौ एक्काइसौं शताब्दीको यो आफ्नो सुसभ्य बैठक कोठासम्मै ?'

आवृत्ति फूल जस्तै थिई तर अब काँडा पनि देखिए उसमा ।

मेरो उद्देश्य फूलको बोटमा पानी हाल्नु थियो । बोटमा पानी हाल्दा काँडाले पनि पाउँछन् भने म के गर्न सक्थें र । सान्त्वनास्वरुप बोटको एउटा हाँगो समात्न पुगें- जहाँ फूल पनि थिए र काँडा पनि । मैले भनें, 'आऊ, ऊ त्यता बसेर आइसक्रिम खाऊँ ।'

आवृत्ति र म आइसक्रिमको स्वाद लिँदै एउटा बेन्चमा बस्न पुग्यौं ।

बिदाको दिन, अनौपचारिक जस्तो हामी यता निस्केका थियौं । यस्तै दुई वर्षपछिको हाम्रो यो भेट थियो । म उसका घरको पाहुना थिएँ । उसका बाबु लाघव र म मिल्दा साथी थियौं । स्थानले टाढा-टाढा हुँदाहुँदै पनि हामीमा पर्याप्त निकटता थियो । आवृत्ति त्यही तन्तु समातेर चंगा उडाउने बालिका थिई । उसको तन्तु यति बेला कहीं अल्झन पुगेको थियो । आइसक्रिमको स्वाद लिँदै ऊ कुनै कल्पनालोकमै हराएजस्तै थिई । त्यतै कतैबाट चिर्र आवाज निकाली-

'अंकलले नित्से पढ्नु भएको छ ?'

'ईश्वर मरिसक्यो भन्दै शून्यमा तिनले चिच्याएको अहिले पनि मेरा कानमा परिरहेछ ।'

'त्यसपछि- अघिपछि, तलमाथि मान्छेको कोही रहेन । सम्पूर्ण भार उसको आफ्नै थाप्लोमा आइपऱ्यो । परेन त फसाद मनुवालाई !' उसका ओठमा ताम्रमुस्कान दगुर्न थाल्यो ।

'बीसौं शताब्दीले चपाएर फालेका बीजमा एक्काइसौं शताब्दीका बोटवृक्ष देख्तै छु म' मैले भनें ।

'उद्भिज त यत्रो शक्ति राख्छन् भने मान्छेको जीवात्मा सडेर जाने, गएको गयै हुने हुन्न कि भन्न खोज्नु भएको अंकलले ?'

'त्यस्तो लाग्दैन तिमीलाई ?'

'म सानै छु नि त !' खितितित्तै हाँसी ऊ ।

हाँस्दा उसका आँखामा फूलका तरेलीमा घाममा टल्कने शीतकण जस्ता अश्रुदाना टल्कन आइपुगे । आँखाको सालीनता के भने तिनलाई ती निल्न सक्तैनथे । बरु चञ्चलताले झराल्न सक्थे । हेर्न थालेँ- आँसु भएर पनि हाँसोमा निचोरिएर आएका जिनिसलाई । सोच्न थालेँ- तन, मन कहाँबाट प्रकट हुन्छन् यस्ता जिनिस ?

'हेर्नु न, कहाँ कहाँदेखि कुम्लिएर आउँदै छ ममा बैंस । यसले 'जे हुँ मै हुँ' भनेर राम्रै स्वाद नचखाई त्यसै कहाँ छोड्ला र । रंग मान्दै यसलाई, यो मिठासलाई उमंगले अँगाल्न कम्मर कसिरहेका बेला यसैलाई हावादारी चीज ठानेर जरासरामा अल्झन थाल्ने भनेँ ...?' कुतकुतीमा लगाम लगाउन खोज्दाखोज्दै पनि लगाम फेला नपरिरहे जस्तो झनै मनोहारिणी देखिँदै आई ऊ ।

उसको निख्खर, निष्कलुष सौन्दर्य देखेर म अभिभूत नभई रहन सकिनँ । विस्मित् विस्मित्झैँ नियाल्न थालेँ । छिटछिटो पोसाक बदलेर दौडने समयको रंग-रश्मि मेरा मानसपटलमा आएर टाँगियो । शीतातपले रुझेको वस्त्र जस्तो धर्ती, पहाडमाथि क्षितिजतिर भुवाझैं निरुद्‌देश्य झुन्डिएका बादलका टुक्राटाक्री, रित्तो न रित्तो नीलो आकाश, नजिकमा आएर मुसुमुसु गरिरहेका सूर्यकिरण, आफ्नै सुरमा बगिरहेको पानी, आफ्नै धुनमा गाइरहेका चराचुरुंगी र आफ्नै लहडमा चलिरहेको हावा- यी सबका गतिशील संगीतको एकसाथ श्रोता, द्रष्टा र भोक्ता हुनुको अनुभूतिमा अल्झँदै ओर्दै उसमाथि हुन जाने तातो हस्तक्षेपबाट मैले आफूलाई केहीबेर रोकेँ । जब उसको आल्हाद अलि मत्थर भयो अनि मैले निकटबाट एउटी वृद्धा लौरो टेक्तै हिँडेको दृश्यमा उसको ध्यान तान्दै भनेँ- 'तिनलाई देख्ता के लाग्छ तिमीलाई ?'

'रामायणकी मन्थरालाई देखे जस्तो !' भित्रभित्र कुतकुतिँदै थिई ऊ ।

'ती पनि तिमी जस्तै थिइनन् र कुनै दिन ?'

'समयले एकदिन सबैलाई झुत्रो पार्छ त म के गरूँ !'

'तर त्यहाँ पोको पारेको जीवात्मा ! कहाँ पर्छ ? पीपल, बेलाउती, गोलभेंडा वा खुर्सानीको बियाँ जत्ति पनि हुन्न त त्यो ?'

ऊ अलि गम्भीर भई । उसको आल्हाद कहीँ तिरोहित भयो । हावादारी जीव हुनबाट आफूलाई जोगाउने तर्क अघि सार्न नसक्ने आफ्नो किशोर बौद्धिकतामाथि सायद ऊ कोक्किई । केहीबेर हामीबीच राम्रै मौनता छायो ।

'खुर्सानीको बियाँ जत्ति पनि हुन्न त त्यो ?' उसका आँखामा झुरुम्मको त्यही प्रश्न देखा पर्‍यो ।

'लौ तिमीले त आफ्नो टिचरझैँ देख्न थाल्यौ कि के हो मलाई ! जे पनि जानेको हुन्छ टिचरले भन्ने विद्यार्थी सोचाइ आज पनि उत्तै छ ।' थोरथोरै हाँसिदिएँ म ।

'ओठ निचोर्दा नि दूध आउने खालकी म जस्ती केटीलाई राम्रै निचोर्न थाल्नु भयो अंकले पनि !' कमनीय-मननीय जे जे देखिनु पर्छ देखिई ऊ ।

'हेर आवृत्ति, अल्पबुद्धिमा हामी कोहीभन्दा कम छैनौं । तर्कसर्क यी सब त्यसैका परिणाम हुन् । यी सबलाई पन्छाएर अलि भित्र आफ्नै पीँधतिर छाम्ने हो भने एउटा मानवीय लाटो स्वरुप जो हामीमा फेला पर्छ यथार्थमा हामी त्यही हौं । अरू सब कृत्रिमता हो । त्यही कृत्रिमतालाई अन्धाले हात्ती छामे जस्तो छामेर केही न केही हामी फलाकिरहन्छौं' भन्दै उसलाई अलि सुमसुम्याउन खोजेँ मैले ।

'यतिका चिन्तन, अनुसन्धान र निष्कर्षहरू- यी सब के अड्कल-अनुमानमात्र हुन् त ?'

कसैले सुन्छ कि भनेझैं खुस्सको स्वरमा भनेँ- 'म जस्तो छुसीलाई पनि त्यस्ता त्यस्ता, त्यत्रा त्यत्रा कुरा आलाकाँचा लाग्न थालेपछि के गर्नु मैले पनि !'

हामी दुवै एकाध क्षण मौन हुँदै शून्यमा त्यसै टोलाइरहयौं ।

'भो छोड यस्ता कुरा, जाऊँ बरु चियासिया खाऊँ' भन्दै आत्मीयताले मैले उसको हात समाएँ । हामी दुवै सँगसँगै हिँड्न थाल्यौं । उज्यालोतिर उन्मुख किशोर सम्भावनाको हात समातेर अघि बढ्दै गरेको एक अभिभावकीय चेतना ममा जागृत भयो, तर मसँग उसको हातमा राखिदिने त्यस्तो कुरा केही थिएन । काठमाडौं उपत्यकाका चिसा र दिशाहीन सिरँटा पार गर्दै हामी एउटा 'रेस्टुरेन्ट'मा छिर्न पुग्यौं । 'भेज' म:म: र सुप स्वादिलो लाग्ने कुरा आवृत्तिले भनेपछि कम खर्चमा काम चल्न थालेकोमा मलाई सजिलो अनुभव भयो, तर जिन्दगीभर काम चलाउ क्षमताभन्दा माथि उक्लन नसकेको यथार्थ उसै गरी कोक्यायो । मनमनै भनेँ- 'आवृत्तिको जीवन यस्तो नहोस् !'

त यस्तै उस्तैमा रुमल्लिँदै तात्तातो सुप सुरुप्प सुरुप्प पार्न थाल्यौं ।

'मान्छे हुँ भनेर फुइँ गर्नु पनि व्यर्थकै कुरा हो क्यार ?' उसले भनी ।

'कुन्नि त !' मुखमा हालेको तातो म:म: हाउ हाउ गर्दै भित्र धकेलिसकेर भनेँ- 'अड्कल-अनुमान गर्न तिमी स्वतन्त्र छयौ, तर तिम्रो चिन्तन आफैंप्रतिको अविश्वास ठहरियो भने ?'

'के फरक पर्छ र ?'

'आफ्नो आकृति, आफ्नो स्वरुप र क्षमताप्रति नै अविश्वास भएपछि अनि के बाँकी रहन्छ त ?'

उसको मुखमा म:म:को यामानको तातो गाँस थियो निल्नु न ओकल्नु जस्तो । त्यसलाई अनुभव गर्दै एकपल अडिएँ र भनेँ- 'महाभारत त तिमीले टिभीमा हेर्‍यौ क्यार ?'

समर्थनमा मुन्टो हल्लाई उसले ।

'कौरव-पाण्डवबीच महाभारत मच्चिन लाग्दा अर्जुनले दुवै पक्षका महारथी र योद्धाहरूलाई सरसर्ती नियालेपछि गुरुजन, आफन्त, बन्धुबान्धवहरूलाई मार्नु पर्ने कुरा जब देख्छन् तब उनी लल्याङ्लुलुङ भएर कृष्णसामु हात जोड्दै उभिन पुग्छन्- सच्चा मान्छेको रुपमा, राज्यप्राप्ति हेतु यी, यस्ता आत्मीयजनहरूलाई कसरी मार्नु भन्ने अनेक प्रश्नहरू सहित !'

'अनि कृष्णले अर्जुनलाई सम्झाउन थाल्छन्- जुन कुराको सारलाई हामी गीता भन्ने गर्छौं' भन्दै आफूलाई महाभारतको ज्ञान रहेको कुरा दर्शाई उसले । 'त त्यही कुरा दुर्योधनमा आएन । किन प्रकट भएन दुर्योधनमा त्यस्तो मान्छे ?'

ऊ निरुत्तर निरुत्तर भई । मानौं मैंरै कुनै अनुत्तरित अंश होओस् ।

'दुर्योधनमा त्यस्तो मान्छे प्रकट भएको भए र अर्जुनले जस्तै दुर्योधनले तिनै प्रश्नहरू कृष्णसामु राखेको भए कृष्णको उत्तर दुर्योधनलाई के हुन्थ्यो ? कस्तो गीता जन्मन्थ्यो ?' के भन्छे है अब केटीले भनेझैं मैले उसलाई हेरिरहेँ ।

एकसुरले एकातिर हिँडिरहेका बेला अकस्मात् अर्कोतिर तानिएझैं केहीबेर त्यतै कतै अल्झँदै, मनमनै कुरा खेलाउँदैओर्दै अतीतको त्यो स्मृतिदेखि वर्तमानमा आइपुगेर भनी, 'मान्छेको बोली आज पनि कहाँ त्यसरी फुटेको छ र ? कहाँ प्रकट भएको छ मान्छेको त्यो मान्छे जुन उसको छातीभित्र छ । समय, परिवेश र आकृति फेरिए पनि प्रवृत्ति उही छ । उही मूढता, उही पाखण्ड र हठ, तथाकथित विवशता... आफैंदेखि उस्तै बेखवर छैन र मान्छे ?'

उमेरभन्दा पनि अग्लो उसको यो ठम्याइ देखेर रंग मान्दै सोध्न पुगेँ- 'यो गतिशीलता, यो सब परिवर्तन के पोसाकको तहमा मात्रै सीमित कुरा हो त ?'

ऊ बोलिन । कहाँ कहाँ डुबुल्की लगाउँदैओर्दै अन्ततः एक सतहमा आई र उनै प्रश्नवाचक आँखा मतिर फेरि तेस्र्याई उसले ।

मैले पनि के भन्न सक्थेँ र । ममात्रै कुन ड्याङको मूला थिएँ र । अर्थ न बर्थका तर्कको म भरिया थिएँ । सडे-गलेका सिद्धान्तको अनुयायी थिएँ । आफ्नै चीत्कार, हाहाकार र कोलाहलको एक्लो साक्षी थिएँ । मेरो चेतना, वर्चस्व सब विदीर्ण थियो । आवृत्तिसामु त्यसलाई देखाउन म हिचकिचाइरहेको थिएँ । डर थियो मलाई देखेर उ तर्सन्छे कि भन्ने । त्यसैले पनि म अड्कली अड्कली बोलिरहेको थिएँ । केही न केही त भन्नै पर्ने भएर भनेँ- 'अब त तिम्रा दिन छन्, तिम्रो पालो छ । निर्जीव-निष्फलप्राय: सिद्धान्त र विचारको भरिया भइरहने वा ती सबबाट मुक्त भएर स्वतन्त्ररुपमा अगाडि बढ्ने भन्ने कुरा तिमीमै निर्भर छ आवृत्ति !'

नास्तापानीले हो वा मुक्तमना मान्छेको छाती फेला परेर हो आवृत्तिको मुहार चहकिलो चहकिलो हुँदै आयो । उसमा प्रछन्नरुपमा त्यही जिज्ञासु अर्जुन, त्यही मानवीय आकृति र तिनै द्वन्द्व देख्न थालेँ मैले ।

'अझै उहीँ खडा त छैनौं हामी ? उही भागबन्डाको अन्तहीन धरातलमा ?' भन्ने प्रश्न उठ्यो र मेरा कर्णविवरमा प्रतिध्वनित भइरह्यो ।

'दुई वा दुईभन्दा बढी वस्तु र विचारको संयोजनबाट उत्पन्न हुने नयाँ नयाँ तथ्य र सम्भावनाहरू कति छन् कति यहाँ ! तर अहिले त म 'रेडिमेड' वस्तु र विचारको उपभोक्तामात्र छु ।' उसले भनी ।

जीवनभर एउटा उपभोक्ताभन्दा बढी केही हुन नसक्नुको जुन तितो यथार्थ थियो ममा त्यसलाई उसले यसरी अनजानमै कहीँ छोइदिई । 'के मेरो पहिचान भन्नु यत्ति हो त ?' भन्दै कहिलेदेखि मनमा उब्जेको उही प्रश्नसामु फेरि खडा हुन पुगेँ म, तर मसँग उत्तर पनि कहाँ थियो र ! उही निरुत्तरतालाई ओठभरि सुसेल्दै र उचाल्दै ओठमा उनै प्रसूनहरू कफीको अन्तिम घुट्को निलेँ, उठेँ म ।

ऊ पनि उसरी नै उठी । उठ्दाउठ्दै भनी, 'अंकल, यतिखेर हामी कहाँ छौं ?'

केही मेलोमेसो नपाएर झटारो हाने भनेँ- 'वर्तमानमा ।'

'एक टुक्रा वर्तमानमा !'

'अतीतको स्मृति र भविष्यको आशा होइन र वर्तमान ?' अचानक जस्तो मेरा मुखबाट फुत्केका यिनै शब्द र अर्थमा अल्झँदै, एक-अर्कालाई हेर्दै मन्दमन्द मुस्कुराउँदै र खेलाउँदै मुखभरि सुपका दानाहरू यसरी हिँड्न थाल्यौं हामी मानौं हामीलाई एक एक फाँको उत्तर मिलेको होओस् । ■

# हिमाली सिनेमा मेला



**'चौथो काठमाडौं** अन्तर्राष्ट्रिय फिल्म महोत्सव' मंसिर २१ गतेदेखि काठमाडौँमा सुरु भएको छ। फिल्म फेस्टिवलमा पर्वत र पर्वतीय जीवनका विभिन्न पक्षहरू झल्काउने ७३ वटा डकुमेन्ट्री, फिचर, एनिमेसन र छोटा फिल्म प्रदर्शन गरिनेछन्। फिल्महरू रूसी सांस्कृतिक केन्द्र कमलपोखरी, पर्यटन बोर्ड भृकुटीमण्डप र गुरुकुल पुरानो बानेश्वरमा देखाइनेछन्।

सगरमाथा आरोही गर्ने प्रथम पाकिस्तानी नाजिर साविरले फेस्टिवलको उद्घाटन गरेका छन्।

नेपालमा आर्थिक तथा सामाजिक परिवर्तन ल्याउन श्रव्य-दृश्य माध्यमलाई अभियानको रुपमा प्रदर्शन गरिने फिल्महरूमा अघि सारिएको छ। फेस्टिवलको मुख्य उद्देश्य पर्वत र पर्वतीय जीवनका विभिन्न सवालहरूलाई उजागर गर्न सक्ने फिल्महरूलाई मञ्च प्रदान गर्नु हो।

उत्सवले पर्वतीय क्षेत्रको द्वन्द्व, संस्कृति, वन्यजन्तु, वातावरण, विश्वव्यापीकरण र जीवनशैली जस्ता बृहत् विषय समेटेको छ। काठमाडौंका दर्शकलाई पर्वत र पर्वतीय जीवनशैलीका बारेमा निर्माण भएका संसारभरिका उत्कृष्ट फिल्महरूको स्वाद दिने भएको छ।

काठमाडौं अन्तर्राष्ट्रिय फिल्म फेस्टिवलमा चारवटा नेपाली चलचित्रहरू पनि प्रदर्शन गरिएका छन्। 'डान्सिङ काठमाडौँ'ले उपत्यकामा प्रचलित शास्त्रीय नृत्यहरूका बारेमा देखाएको छ भने 'चुलो, चोलो र बन्दुक'मा माओवादी जनयुद्धमा संलग्न महिलाहरूका बारेमा चर्चा गरिएको छ।

'हामी कुनाका मान्छे' दुर्गम तामाङ गाउँमा नयाँ पुल बनेको कथा समेटेको छ भने 'द लास्ट रेस'ले मनाङको एउटा सुन्दर गाउँका दुई किशोरहरूको मित्रता झल्काएको छ। प्रसिद्ध भूगोलविद् तथा लेखक स्व. डा. हर्क गुरुङको सम्मानमा आयोजना गरिएको यो महोत्सवमा गुरुङका दुइटा कृति 'एटलस अफ नेपाल' र 'नेपाली लेखहरूको संकलन' विमोचन गरिएका छन्।

स्व. नारायणसिंह थापाले निर्माण गरेका फिल्महरू विशेष प्रदर्शनी गरिनेछन्। नेपालीमूलका भारतीय फिल्म निर्माता स्व. थापाले हिमाली उपत्यका र पर्वतसम्बन्धी फिल्म निर्माणलाई आफ्नो क्षेत्र बनाएका थिए। भारतको पद्म श्री पुरस्कारले सम्मानित थापा सन् १९८० देखि १९८३ सम्म फिल्म डिभिजन इन्डियाको मुख्य निर्माता थिए। उनले सन् १९६८ मा भारतीय पर्वतारोही टोलीको सगरमाथा आरोहणलाई पनि 'फिल्मिङ' गरेका थिए।




# लाहुरेको साहित्य कर्म

**कुनै जमाना** थियो, नेपाली लाहुरेहरू बन्दुकसँगमात्र खेल्थे, तर अब त्यो स्थिति छैन । अहिले बन्दुकसँग सिर्जनामा लागेका लाहुरेहरूको ठूलो जमात छ । अहिले लाहुरघर साहित्य र संगीतको लागि उर्वरभूमि मानिन्छ । बचेखुचेको समयमा सिर्जनात्मक काम गर्न मन पराउने लाहुरेहरूको संख्या उल्लेखनीय छ ।

आख्यानको क्षेत्रमा लागेका मूलीवीर राई, आनन्द राईदेखि लिएर विश्वासदीप तिगेला, मिजास तेम्बे, जगत नवोदित, ईश्वर चाम्लिङ, काङमाङ नरेशलगायत धेरै सर्जकले सिर्जनाको क्षेत्रमा सशक्त उपस्थिति देखाउँदै आएका छन् । पछिल्लो समयमा लाहुरे जीवनको फुर्सद उपयोग गरेर लेखिएका मूलीवीरको 'मृत सहर', विश्वासको 'गृहयुद्धको पीडा' मिजासको 'प्यास नजरको' लगायत दर्जनौं उत्कृष्ट किताबसमेत बाहिर आएका छन् ।



लाहुरे साहित्यकारहरू

गत साता बेलायती लाहुरेहरूले नौलो तरिकाले साहित्य गोष्ठी आयोजना गऱ्यो । धेरैजना एक ठाउँमा जम्मा भए र केही कार्यक्रमस्थल पुग्न धेरै टाढा पर्ने भएकाले कार्यक्रम अवधिभर प्रत्यक्ष टेलिफोनको माध्यमद्वारा आ-आफ्नो ठाउँबाट सहभागिता जनाए ।

खुला कविता प्रतियोगितामा विभिन्न १५ स्रष्टाले कविता पाठ गरेका थिए । केही प्रत्यक्ष टेलिफोनबाटै कविता प्रतियोगितामा सहभागी बनेका थिए । प्रथम, दोस्रो र तेस्रो क्रमशः काङमाङ नरेश, जगत नवोदित र ईश्वर चाम्लिङ बन्न सफल भए ।

बेलायतको डोभर नजिक भएको उक्त कार्यक्रममा व्रामकोट, स्यानड्रस र वेल्सबाट फोनमार्फत प्रत्यक्ष सहभागी बनेका थिए । उक्त कार्यक्रम बेलायती सेनामा काम गर्ने गोर्खालीहरूको आफ्नै गोरखा रेडियोमार्फत प्रसारण हुने भएको छ । बिएफबिएस रेडियो अनलाइनमा डब्लु डब्लुडब्लु डट साहित्य डटकम डटएनपीबाट पनि सुन्न सकिन्छ ।



# जंगु अर्थात् सविन

एकताका नेपाल टेलिभिजनबाट प्रसारण गरिने काठमान्डु भन्ने टेलिसिरियलमा एड्स रोगीको भूमिकामा देखिएका जङ्गु नामक युवकले निकै ख्याति कमाएका थिए, आफ्नो चरित्रमार्फत ।

टेलिसिरियलमा जङ्गु भनेर चिनिएका जंगेलाई टेलिसिरियलभन्दा बाहिर पनि त्यो सिरियल हेरेका कतिले साँच्चिकै एड्स रोगी पनि बनाइदिए । कति दर्शकले उनलाई गिज्याउँथे नि । जंगे बनेका सविन श्रेष्ठलाई यसले खुसी नै बनायो । त्यही भूमिकाले आफूलाई कला क्षेत्रमा स्थापित गराएको मान्छन् उनी ।

सविन राम्रो कलाकार त हुन् नै, राम्रो मोडल र राम्रो कोरियोग्राफर पनि हुन् । उनी मोडलिङबाट नै कलाक्षेत्रमा लागेका हुन् । २०५८ सालबाट मोडलिङ क्षेत्रमा लागेका उनले हालसम्म थुप्रै फेसन सोमा भाग लिइसकेका छन् । २०५८ सालमा मिस्टर ह्यान्डसम टाइटल जितेका सविनले २०५९ सालमा गरिएको शुभकामना साँझमा फोटोजेनिक उपाधि पनि जितेका थिए । उनले थुप्रै कार्यक्रमहरूमा कोरियोग्राफरको काम गरेका छन् ।

उनी अहिले एउटा बेबपेज चलाएर बसेका छन् जसले विभिन्न कार्यक्रम गर्नुका साथै विभिन्न प्रतिभाशाली कलाकारहरूको खोजी गर्छ ।

■ रेजिना पाण्डे/काठमाडौं







युवराज घिमिरे

# व्याकुल माइला र असहिष्णुता

**झन्डै ६ महिनाको रिक्ततापछि** मुलुक नयाँ 'राष्ट्रिय गान' अनुमोदनका लागि प्रतीक्षारत छ। व्याकुल माइलाद्वारा रचित गीतलाई अधिकारप्राप्त विज्ञहरूको छनोट समितिले राष्ट्रियगानका लागि सिफारिस गरेपछि त्यो गीतको पक्ष र विपक्षमा मुलुकमा वहस सुरु भएको छ।

कसैले व्याकुल माइलाद्वारा ४ वर्षअघि सम्पादित पुस्तकमा जी शाहको गीत समावेश गरेको आधारमा उनको रचनाले राष्ट्रियगानको हैसियत हासिल गर्न नहुने तर्क दिएका छन् भने कसैले स्व. गोपालप्रसाद रिमालको 'रातो र चन्द्र सूर्य, जंगी निशान हाम्रो'लाई नै राष्ट्रियगान घोषित गरिनुपर्ने अभिव्यक्ति दिएका छन्।

कवि शब्द सर्जक मात्र हैन। उसले समाजको चित्रण र अनुहारलाई आफ्नो मान्यता, भावना र अभिव्यक्तिको ऐनामा उतार्छ। अनि समाजका लागि पस्कन्छ। रिमाल, महाकवि देवकोटा, राष्ट्रकवि माधव घिमिरे, कवि शिरोमणि लेखनाथ पौड्याल, युगकवि सिद्धिचरण श्रेष्ठ र अन्य कयौँले उत्कृष्टताका साथ त्यही गरे।

अवश्य पनि समकालीन विश्व, क्षेत्रीय र मुलुकका आन्तरिक सामाजिक, राजनीतिक र अन्य सान्दर्भिक परिदृश्यले उनीहरूको सिर्जना, चिन्तन र अभिव्यक्तिलाई प्रभावित तथा प्रेरित गरेको हुन्छ। राणाकालमा पौड्यालले 'बालक बबुरो' लेखेर स्वतन्त्रताको अलख जगाउने प्रयास गरे। त्यस्तै दोस्रो विश्वयुद्धमा नेपालीहरूको वीरगाथा झल्कने गरी माधव घिमिरे वा रिमालले वीरभावका गीतहरू लेखे। माधव घिमिरेको

*'प्यारीले बाँधीदेलिन् झटपट खुकुरीलाई रातो रुमाल*
*हामीलाई पुकार्‍यो विगुल धरहराबाट कुर्ली कमाल'*

मुलुकभित्र राणा शासनविरुद्ध युद्धको आह्वान थियो, जसलाई सम्भवतः त्योभन्दा केही वर्षपूर्वको द्वितीय विश्वयुद्धमा नेपाली सैन्यहरूको 'वीरता'ले पनि प्रभावित गरेको थियो। ००४ सालमा राष्ट्रिय कविसम्मेलनमा माधव घिमिरेको 'ध्वज वन्दना'ले प्रथम पुरस्कार हासिल गरेको थियो। र, त्यसको एक वर्षपछि गोपाल रिमालको 'एक जुगमा एक दिन'ले त्यो गौरव हासिल गरेको थियो। रिमालले त्यसको केही वर्षपूर्व 'रातो र चन्द्र सूर्य जंगी निशान हाम्रो' रचेका थिए। 'यो जन्मँदै जगतमा कयौं प्रहार आए, साम्राज्य दुई हारे, हारेन शान हाम्रो'मा अवश्य पनि राष्ट्रभाव ओतप्रोत छ, तर त्यसमा सैन्यवादको समर्थनको अंश पनि छ। नेपाली सैनिकहरूको गाथावर्णन राष्ट्रवादमा राष्ट्रवाद र राष्ट्रियता झल्किए पनि त्यो बेलादेखि अहिलेसम्म एउटा ठूलो विवाद ज्यूँदै छ, वीर गोरखालीहरू कसका लागि लडे, साम्राज्यवादीहरूका पक्षमा या विपक्षमा। अहिलेको राजनीतिले त्यसलाई सम्बोधन गर्नुपर्ने हुन्छ। राष्ट्रियगानको छनोटमा रिमालको उक्त जागरण गीतको बारेमा भावुकताबाट निर्देशित भएर हैन एक्काइसौं शताब्दीको यथार्थ र हाम्रो चिन्तनलाई ध्यानमा राखेर गर्नुपर्छ। त्यो बेलाको राजनीतिक संरचनामा पनि सैन्य संरचना झल्किन्थ्यो। भारतमा स्वाधीनताको लडाइँको अहिंसात्मक नेतृत्व गरेका गान्धीलाई कांग्रेसले 'तानाशाह' (डिक्टेटर)को उपाधि दिएको थियो- आवश्यक पर्दा छलफलविना नै कांग्रेस संगठनलाई निर्देशन दिन सक्ने अधिकारका



साथ। राणा शासनविरुद्ध लागेको नेपाली कांग्रेसले पनि त्यही शैली अनुसरण गरेको थियो नेतृत्वलाई अधिकार प्रत्यायोजन गर्दा।

तर प्रश्न उठ्छ ती राम्रा नियत र उद्देश्यले गरिएका निर्णय अथवा स्वीकारिएका मान्यता भए पनि के ती प्रवृत्ति र सोच एक्काइसौं शताब्दीमा हाम्रा मान्यता हुन सक्छन् ? तर त्यस्तै अर्को सत्य के हो पनि त्यो बेलाको समाज र मान्यतालाई घिमिरे तथा रिमाल लगायतका अन्य कविहरूले आफ्नो गीतद्वारा सही रूपमा अभिव्यक्त गरेका थिए। ती गीतहरू आजको सन्दर्भमा 'राष्ट्रियगान'को प्रतिस्पर्धामा नछानिए पनि नेपालका वन पाखामा, हिमाल र तराईमा घन्किरहनेछन् पछिसम्म पनि राष्ट्रि गानको औपचारिकता र मान्यता नपाए पनि। 'राष्ट्रियगान' एउटा मात्र हुन्छ, तर राष्ट्रभक्ति र देशभक्ति गान संख्या र परिमाणमा सीमित हुँदैनन्। ती कृतिहरू राष्ट्रका अमूल सम्पदा रहिरहनेछन्।

व्याकुल माइलाको नयाँ 'कृति' त्यही ढुकुटीमा एउटा अर्को वृद्धि हो। प्रजातन्त्रको सबभन्दा यताको संघर्षमा सहभागी सम्मानित भाषा तथा संस्कृतिविद् सत्यमोहन जोशीको नेतृत्वको 'जुरी'ले आफ्नो सिफारिस सरकारलाई बुझाएको छ। रिमालको गीतलाई 'राष्ट्रिय गान' को दर्जा चाहनेहरूले के बुझ्नुपर्छ भने व्याकुल माइला रिमालका प्रतिस्पर्धी वा प्रतिद्वन्दी बन्ने हैसियत राख्दैनन् न उनले त्यो दाबी नै गरेका छन्। वर्तमान सन्दर्भमा उनी रिमालकै संस्कृति एक कडी हुन्। कविका रुपमा उनी जी शाहलाई सम्मान गर्छन् भने त्यो व्याकुल माइलाको अधिकार हो। कवि विद्रोही हुनसक्छ, तर ऊ असहिष्णुताको प्रतीक बन्न सक्तैन। बहिष्कारको संस्कृति कविको संस्कृति हुन सक्तैन।

राष्ट्रिय गानका लागि व्याकुल माइलाको रचनाको छनोट भए पनि उनी त्यसको सम्पादन, परिमार्जन वा सुधारका लागि उनी तयार छन्। 'समावेशी'को नारालाई सबैले चर्काएको अवस्थामा नेपाली भाषामा राष्ट्रको भावनालाई अभिव्यक्त गर्ने किराँती सर्जकलाई मुलुकले आदर र प्रोत्साहित गर्नुपर्छ।

जी शाहकै विवाद तेर्स्याएर व्याकुल माइलालाई पन्छाउने राजनीतिक खेलका अरू परिणाम निस्कन सक्छन्। 'म मात्र शुद्ध' (प्युरिटानिक एप्रोच)को प्रयोगले सुरुमा वर्णित कविहरू (गोपाल रिमाल) लगायतलाई कुनै न कुनै हिसाबले संस्थापन पक्षीय वा प्रतिगमनसँग जोड्न सकिन्छ।

दोषी चश्मा र नियोजित नियतले हेर्ने हो भने विपी कोइरालालाई राणा दरबारका एक 'चाकर'का पुत्रका रुपमा हेर्न सकिन्छ। संवैधानिक राजतन्त्र र प्रजातान्त्रिक शक्तिहरूको मेलमिलाप वा राष्ट्रिय सहमतिको वकालत गर्दै नेपाल फर्के वापत उनलाई आजको सन्दर्भमा 'प्रतिगमन'का नाइके भन्न सकिन्छ, तर समग्ररुपमा राष्ट्रले उनलाई एउटा दूरदर्शी राजनेताका रुपमा मान्यता प्रदान गरेको छ।

विपी र व्याकुल माइलाको तुलना हुन सक्तैन। राजनीतिक रूपमा उनी बिपीका अनुयायी हुन् र एकजना नवोदित कवी पनि। तर अहिले व्याकुल माइलाको प्रस्तुति अर्को रुपमा गरिनु षड्यन्त्र हुनेछ। कवि जी शाहप्रति आदर देखाउनु व्याकुल माइलाको व्यक्तित्वको एउटा पक्ष हो र प्रजातन्त्रको लागि सडकमा उत्रनु उनको व्यक्तित्व र राजनीतिक मान्यताको अर्को पक्ष हो। स्वस्थ विवाद प्रजातन्त्रको प्राण हो। असहिष्णुताको राजनीति प्रजातन्त्रविरोधी प्रवृत्ति हो। व्याकुल माइलाको कृतिको आलोचना उनको चिन्तन र चरित्र हत्याको अभियान बन्नुहुँदैन। ■